# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा हो (शर्मा, २०४८ : १) । आधुनिक भाषाविज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको पाइन्छ । साहित्यिक कृतिको अभिव्यक्तिको तरीकालाई नै भाषावैज्ञानिक दृष्टिमा शैली भनिन्छ । भाषाको वस्तुगत र वैज्ञानिक अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको एउटा शाखा शैलीविज्ञान हो (शर्मा, २०४८ : ५) । यो साहित्यिक कृतिको वस्तुवादी र भाषावादी दृष्टिले समालोचना गर्ने समालोचना पद्धति विशेष पनि हो ।

शैली तत्सम शब्द हो । संस्कृतको 'शील्' धातुमा 'ई' प्रत्यय लागेर शैली शब्दको व्युत्पादन भएको हो (शर्मा, २०४८ : ३) । आधुनिक युगमा भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको प्रारम्भ भएको मानिन्छ (शर्मा, २०४८ : ५) । शैली र विज्ञान मिलेर शैलीविज्ञान शब्द बन्दछ । शैलीविज्ञानको प्रारम्भ पूर्वमा भरतमुनिको नाट्यशास्त्र देखि पाणिनीको अष्टध्यायी जस्ता विशिष्ट कृतिबाट र पश्चिममा प्लेटोदेखि भएको पाइन्छ । शैलीवैज्ञानिक चिन्तनका दृष्टिबाट पूर्व र पश्चिमको स्थितिलाई दाँज्दा पश्चिमी चिन्तन छरिएको र पूर्वीय चिन्तन निकै दरो र बढी वैज्ञानिक रहेको पाइन्छ । सामान्य भाषा प्रयोगको अध्ययन गर्ने सामान्य भाषाविज्ञानका विपरीत शैलीविज्ञानले विशिष्ट भाषा प्रयोगको अध्ययन गर्ने हुँदा नै यसलाई भाषाविज्ञानको छुट्टै शाखा मानिन्छ (शर्मा, २०४८ :४) ।

शैलीविज्ञान अङ्ग्रेजीको stylistics शब्दको नेपाली रूपान्तरण हो । १९ औं शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनीमा stylistic शब्दको प्रयोग भएको देखिन्छ (शर्मा, २०४८ : ४) । फ्रान्सेली भाषामा चाहिँ १८७२ मा stylistique शब्दको प्रयोग भएको मानिन्छ । अङ्ग्रेजीमा चाहिँ stylistics शब्दको सर्वप्रथम प्रयोग १८८२ मा भएको देखिन्छ (शर्मा, २०४८ : ५) । अङ्ग्रेजी भाषाको स्टाइलिस्टिक्स शब्दको समानार्थी रूप शैलीविज्ञान हो । आधुनिक युगमा शैलीविज्ञानको प्रारम्भकर्ताका रूपमा भने फर्डिनान्ड डी. सस्युरलाई मानिन्छ । वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रवर्तक सस्युर र उनका शिष्य चार्ल्स बालीका कार्यबाट वर्तमान  युगमा शैलीविज्ञानको सुरुवात भएको हो (शर्मा, २०४८ : ५) । यसरी भाषा र साहित्यको सङ्गम स्थल तथा प्रयोगभूमीका रूपमा शैलीविज्ञानलाई लिने गरिन्छ ।

शैलीविज्ञान भाषाविज्ञानको त्यो अङ्ग हो जो साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरूको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ । यसले जानाजान गरिएका विशिष्ट भाषिक प्रयोगहरूको साथै सूक्ष्म र जटिल प्रयोगहरूको पनि विवेचना गर्दछ । शैलीविज्ञानको फाँटभित्र सामान्य नभई विशिष्ट (साहित्यक) भाषा प्रयोगको अध्ययन विश्लेषण गरिन्छ । शैलीविज्ञानले मौखिक वा लिखित साहित्यिक सङ्कथनका विशिष्ट शैलीको आफ्ना प्रकृति अनुसार भाषावैज्ञानिक अध्ययन गर्दछ । शैलीका माध्यमबाट त्यसमा रहेका कलात्मक संवेगहरूको रेखाङ्कन गरिन्छ । शैलीविज्ञानले साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्छ र अन्तरनिहित सौन्दर्य एवम् साहित्यिकताको उद्घाटन गर्छ ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि तयार पारिएको हो । यस अध्ययन कृष्ण अविरलद्वारा लिखित यस 'नम्रता' (२०७३) नेपाली समाजका हुर्केका छोराछोरीले गरेको प्रेमको विरोध गर्ने पुरातनवादी सोच भएका बाबुआमाको कारण विभिन्न यातना भोग्न विवश नारीको कारूणिक जीवन भोगाईलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यो मानसिक द्वन्द्व र मौन विद्रोहको चित्रणमा तयार पारिएको एक उत्कृष्ट मनोविश्लेषणात्मक यथार्थवदी उपन्यासमा केन्द्रित छ । प्रस्तुत उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने कार्य यस शोधपत्रमा गरिन्छ । उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन अन्तर्गत कथानकको आधारमा र पात्र चरित्रका आधारमा विश्लेषण एवम् चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गरिन्छ । यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन यसभन्दा पहिले कोहीँकसैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक र उपयोगी ठहरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) कथानकका आधारमा 'नम्रता' उपन्यास के कस्तो छ ?

ख) चरित्रका आधारमा 'नम्रता' उपन्यास के कस्तो छ

ग) चयनका आधारमा 'नम्रता' उपन्यास के कस्तो छ ?

घ ) विचलन र सामानान्तरताका आधारमा 'नम्रता' उपन्यास के कस्तो छ ?

## १.३ अध्ययनको औचित्य तथा महत्त्व

भाषा र साहित्य एक अर्काका परिपूरक विषय भएकोले साहित्यिक कृतिको वस्तुगत अध्ययन विश्लेषणका लागि शैलीवैज्ञानिक अध्ययन बहुपयोगी हुन्छ । प्रस्तुत कृतिको शैलीवैज्ञानिक

अध्ययनले लेखक तथा कृतिको वास्तविक तथ्यको समेत जानकारी प्राप्त गर्न सकिन्छ । उक्त कृतिको शैलीवैज्ञानिक अध्ययनबाट कृतिमा प्रयोग भएका भाषिक संरचना एवम् कृतिको प्रस्तुतिगत शैलीको जानकारी हुनुका साथै कृतिको अध्ययनबाट प्राप्त निष्कर्षहरूको अध्ययनबाट लेखकलाई भावी दिनहरूमा कृतिका कमीकमजोरी सुधार गरी परिमार्जन गर्न र नयाँ कृतिहरूको सिर्जना गर्न थप पृष्ठपोषण पुग्ने देखिन्छ । त्यसैगरी भावी अनुसन्धान कर्ताहरूलाई पनि उक्त कृतिको थप मूल्याङ्कन गर्न तथा अन्य कृतिहरूको शैलीवैज्ञानिक अध्ययन गर्न महत्त्वपूर्ण भूमिका एवम् मार्ग निर्देशकको काममा सहयोग पुग्ने भएकाले यसको महत्त्व एवम् औचित्य स्पष्ट देखिन्छ ।

यो अध्ययन कृष्ण अविरलद्वारा लिखित 'नम्रता' उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित छ । यस उपन्यासको कथानक, चरित्र, चयन, विचलन र समानान्तरताको अध्ययनले यस उपन्यासका साथसाथै अन्य औपन्यासिक कृतिहरूको वस्तुपरक, वर्णनात्मक साथै समीक्षात्मक अध्ययन-अध्यापन र विश्लेषणमा सहयोग पुग्ने देखिन्छ । उक्त कृतिका बारेमा आम पाठक, विद्वतवर्ग, कृतिकार तथा साहित्यकारहरूको के क-कस्ता कृतिहरू बजारमा आउँछन् भनी सबैमा लाभांश पुग्ने देखिन्छ ।

अन्ततः कृष्ण अविरलको 'नम्रता' उपन्यासको अध्ययन यसभन्दा अगाडि तथा शैलीवैज्ञानिक विश्लेषण शीर्षक अध्ययन अनुसन्धान हालसम्म कोहींकसैले नगरेको हुँदा यो नितान्त मौलिक अनुसन्धान हो । त्यसैले पनि यस अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू :

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कथानकका आधारमा 'नम्रता' उपन्यासको विश्लेषण गर्नु ।

ख) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

ग) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

घ) विचलन र समानान्तरताको आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्य निम्नलिखित परिसीमामा आधारित रहेर कृष्ण अविरल द्वारा लिखित एवम् मञ्जरी पब्लिकेशन पुतली सडक, काठमाडौंबाट प्रकाशित 'नम्रता' उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ :

(क) 'नम्रता' उपन्यासको कथानकको शैलीवैज्ञानिक अध्ययन एवम् फ्रेटागको पिरामिडका आधारमा उक्त उपन्यासको कथानकको विश्लेषणमा सीमित रहेको छ ।

(ख) लिङ्ग, कार्य, प्रवृत्ति स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा 'नम्रता' उपन्यासको पात्रहरू नम्रता, खडानन्द, नन्दिनी, गोविन्द, अम्बिका, शारदा, धर्मानन्द, दीपक धकनला र भान्जाभाइ आदि पात्रहरूको चरित्रको वर्गीकरण र विश्लेषणमा सीमित रहेको छ ।

(ग) उक्त उपन्यासमा प्रयुक्त भाषिक चयन अन्तर्गत शब्द, नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, निपात, वाक्य, चिह्न र उखान, विचलन अन्तर्गत कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियागत र आर्थी विचलन र समानान्तरताको आधारमा आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको विश्लेषणमा सीमित रहेको छ ।

## १.६ पारिभाषिक शब्द

यस शोधकार्यमा पारिभाषिक शब्दहरूको प्रयोग हुने भएका कारण ती शब्दहरू निम्नअनुसार रहेकाछन् :

पुस्तकालयीय अध्ययन विधि : सम्बन्धित विषयमा केन्द्रित भएर पुस्तकालयमा गएर गरिने अध्ययन वा तरिका

प्राथमिक स्रोत : अनुसन्धान कर्ता स्वयम्ले पहिलो पटक प्रयोग गरेको सामग्री

द्वितीयक स्रोत : अन्य अनुसन्धानले प्रयोग गरिसकेका सामग्रीहरू

चयन : छान्ने वा रोज्ने काम

समानान्तरता : पद, पदावली, वाक्यांश, वाक्य वा भावार्थ दोहोरिनु

विचलन : मानकको अतिक्रमण, क्रम नमिल्नु

अग्रभूमि निर्माण : सम्बन्धित विषय शीर्षक

शैली : भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य

वस्तुपरक : बाहिरी वस्तु जगतलाई जोड दिने कार्य

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

सम्बन्धित शोधकार्यभन्दा पहिले गरिएका विभिन्न प्रकारका अनुसन्धानमूलक कार्यहरूको खोजी गरेर व्यवस्थित र क्रमबद्ध रूपले विश्लेषण गर्ने पक्रिया पूर्वकार्यको समीक्षा हो । यसै क्रममा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत एम.एड. तह पूरा गर्ने उद्देश्यले विभिन्न विधा तथा विषयमा अध्ययन निरन्तर रूपमा भएता पनि शैलीवैज्ञानिक अध्ययन अन्य क्षेत्रको तुलनामा कम भएको पाइन्छ । यहाँ उल्लिखित शोध शीर्षकसँगसम्बन्धित यस भन्दाअगाडि गरिएको केही महत्त्वपूर्ण शोध अनुसन्धानका शीर्षक, उद्देश्य र निष्कर्षहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

पन्थी (२०६२) द्वारा नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर अन्तर्गत 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेको देखिन्छ । यस अध्ययनको उद्देश्यहरूमा (क) 'बसाइँ' उपन्यासको कथानकको विश्लेषण गर्नु, (ख) पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, (ग) चयन, विचलन र समानान्तरका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु रहेको छ । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त शोध रेखीय ढाँचाको प्रयोग सामाजिक यथार्थवादी उपन्यास, आदर्शवादी यथार्थ तिर ढल्केको पलायनमुखी प्रवृत्तिलाई पश्रय, तद्भव र आगन्तुक शब्दको समुचित प्रयोग, विचलनयुक्त भाषिक प्रयोग अग्रभूमी निमार्णको सफल प्रयोग गरिएको छ ।

भट्टराई (२०६७) द्वारा नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ अर्न्तगत 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा (क) कथानकका आधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण, (ग) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु र (घ) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु रहेका छन् । उक्त अनुसन्धानमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइएको छ । शैलीवैज्ञानिक सिद्धान्तको अध्ययन गरी त्यसैको आधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गरिएको तथा आवश्यकता अनुसार विज्ञेहरूको सुझावलाई समेत आत्मसाथ गरिएको कुरा उल्लेख गरेका छन् ।

प्रस्तुत 'प्रेतकल्प' उपन्यास वि.सं. २०६५ सालमा प्रकाशित भएको, यथार्थवादको पृष्ठभूमिमा लेखिएको सामाजिक उपन्यास रहेको, उपन्यासमा भएको कथानकको विकासक्रम

प्रचिन रैखिक ढाँचामा रहेको बताएका छन् । उक्त शोधमा जातिय भेदभाव, बालविवाह, विधवा, विरोधी मूल्य र मान्यताले नेपाली समाजमा परेका नकारात्मक प्रभाव वर्गीय द्वन्द्व र महिला मुक्तिलाई महत्त्वका साथ हेरेको निष्कर्ष निकालेका छन् ।

'दमिनी भीर' उपन्यास २०६९ सालको मदन पुरस्कारद्वारा सम्मानित गरिएको कृति, भाषिकाको प्रयोग बढी मात्रामा गरिएको, समाज तथा देशमा भोग्नु पर्ने सोझासिधा जनताको कारूणिक यथार्थ उजागर गरिएको, सामाजिक, राजनैतिक र वर्गीय चेतनाको केन्द्रियतामा तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग गरी वर्णनात्मक शैलीमा लेखिनु, पूर्वदिप्ति प्रणालीको प्रयोग गर्नु, भाषिकागत विचलन प्रसार गर्नु, व्याकरणिक विचलनहरू भएको र सामाजिक, सांस्कृतिक, राजनैतिक, जातीयतावादी सङ्कीर्ण मानसिकतामा देश कसरी रूमलिएको छ भन्ने कुरालाई कलात्मक ढङ्गले विश्लेषण गरिएको यो उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ (सुवेदी २०६९ : ४४) ।

अधिकारी (२०७१) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी अन्तर्गत 'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्यहरू (क) कथानकका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु, (घ) विचलन र समानान्तरताका आधारमा 'मलाया एक्सप्रेस' उपन्यासको विश्लेषण गर्नु रहेका छन् । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । त्यसै गरी शैलीवैज्ञानिक सिद्धान्त उपयोग गरी आवश्यक व्याख्या विश्लेषणात्मक पद्धतिमा आधारित भएर गरिएको पाइन्छ ।

प्रस्तुत 'मलाया एक्सप्रेस' उपन्यासमा युद्धले अलमलिएका विदेशले रित्याएका अनि आफ्नै माटामा पसिना बगाउने चेत खुलेका तमाम नेपाली युवा एवम् नेपाली समाजको यथार्थ चित्रण गरिएको निष्कर्ष उक्त उपन्यासको विश्लेषणबाट निकालिएको पाइन्छ । वैदेशिक रोजगारमा एक्सप्रेस गतिमा गइरहेका नेपाली र धेरै आमा र श्रीमतीहरूको विवशतालाई यथार्थ चित्रण गरिएको र शीर्षक, शोध प्रयोजन, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्व कार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन, शोध विधि र शोधको रूपरेखा प्रस्तुत गरिएको निष्कर्ष निकालिएको छ (अधिकारी २०६६ :८३) ।

भुर्तेल (२०७२) द्वारा नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरीबाट 'सेतो धरती' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको अनुसन्धान सम्पन्न गरेको देखिन्छ । उक्त शोधपत्रमा समाजको यथार्थ बालविधवाहरूको दु:खद जीवनको यथार्थ चित्रण,

संस्कारगत सामाजिक परम्परा, यौनवादी मनोविज्ञानको चित्रण गरेको छ भन्ने निष्कर्ष निकालेका छन् । उक्त अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख आधार बनाइएको पाइन्छ । प्राथमिक स्रोतका रूपमा विभिन्न प्रकाशित पुस्तकहरू, जर्नलहरू विभिन्न शोधपत्रहरू, अध्ययन प्रतिवेदनहरू र विभिन्न सहायक पुस्तकहरू तथा लेखहरूलाई तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा लिइएको पाइन्छ ।

'सेतो धरती' उपन्यासमा समाजको यथार्थ बालविधवाहरूको दु:खद जीवन वृत्तान्तलाई प्रस्तुत गरिएको छ । उक्त उपन्यासमा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरी संस्मरणात्मक शैलीमा लेखिएको, यौनवादी मनोविज्ञानमा आधारित, संस्कारगत सामाजिक सजायलाई भगवानले दिएको साजय सम्झेर सौन्दर्यविहीन, सृष्टिविहीन र निस्सार जीवन बिताउने बालविधवाहरूको चित्रण गरिएको, पूर्वदिप्ति प्रणालीको प्रयोग गरिएको, भाषिकाको प्रयोग भएको, भाषिकागत विचलन प्रशस्त भएकाले यस उपन्यासमा नवीनता देखिएको छ भन्ने निष्कर्ष निकालिएको छ (भुर्तेल २०७२ : ४३) ।

सुवेदी (२०७३) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी अन्तर्गत 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानमा समस्याका रूपमा कथानकका आधारमा उक्त उपन्यास के कस्तो छ ? चरित्रका आधारमा उक्त उपन्यास के कस्तो छ ? चयनका आधारमा उक्त उपन्यास के कस्तो छ ? विचलन र सामानान्तरताका आधारमा उक्त उपन्यास के कस्तो छ ? भन्ने रहेका छन् । त्यस्तै उक्त शोध अनुसन्धान उद्देश्यहरू (क) 'दमिनी भीर' उपन्यासमा चयनको अध्ययन गर्नु, (ख) 'दमिनी भीर' उपन्यासमा विचलनको अध्ययन गर्नु, (ग) 'दमिनी भीर' उपन्यासमा समानान्तरताको खोजी गर्नु, (घ) 'दमिनी भीर' उपन्यासमा चरित्रको विश्लेषण गर्नु रहेको छ । उक्त शोधपत्रका लागि पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा चयन गरिएको छ ।

खवास (२०७४), द्वारा नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी अन्तर्गत 'छाउघर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा (क) कथानकका आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु, (ग) विचलन र समानान्तरताको आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु र (घ) चयनका आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु रहेका छन् । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । साथै शैलीवैज्ञानिक सिद्धान्त उपयोग गरी आवश्यक व्याख्या विश्लेषणात्मक पद्धतिमा आधारित भएर गरिएको पाइन्छ ।

सुदुरपश्चिमको डोटीको क्षेत्रका नारीहरूले महिनावारी हुँदाका समयमा छाउघरमा आइपर्ने दुःख र त्यसबाट पर्ने समस्यालाई कलात्मक ढङ्गले उठान गरिएको पाइन्छ । छाउबार्ने नाममा समाजमा चलिआएको परम्परागत चलनले एउटी नारीलाई कति हदसम्म दुःख, कष्ट र पीडा खेप्न बाध्य बनाउँछ भन्ने कुरालाई यथार्थ ढङ्गबाट प्रस्तुत भएको उक्त उपन्यासमा पात्रहरूको समुचित प्रयोग, सरल र जटिल दुवै प्रकारका भाषाशैलीको प्रयोग, तत्कालीन जनजीवनको यथार्थ बोध गराइएको, अग्रभूमि निर्माणको सफल प्रयोग गरिएकाले उपन्यास उत्कृष्ट भएको निष्कर्ष 'छाउघर' उपन्यासको अध्ययनबाट निकालिएको छ ।

काफ्ले (२०७४) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी अन्तर्गत 'सल्लीपिर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यस अध्ययनका उद्देश्यहरू (क) कथानकका आधारमा 'सल्लीपिर' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा 'सल्लीपिर' उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा 'सल्लीपिर' उपन्यासको विश्लेषण गर्नु, (घ) विचलन र समानान्तरताका आधारमा 'सल्लीपिर' उपन्यासको विश्लेषण गर्नु रहेको छ । उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । त्यसैगरी शैलीवैज्ञानिक सिद्धान्त उपयोग गरी आवश्यक व्याख्या विश्लेषणात्मक पद्धतिमा आधारित भएर गरिएको पाइन्छ ।

यसरी विभिन्न समयमा गरिएको विभिन्न कृतिहरूको शैलीवैज्ञानिक अध्ययनलाई आधार मानेर 'नम्रता' उपन्यासमा शैलीवैज्ञानिक अध्ययन गरिएको छ । पूर्वकार्यको समीक्षाबाट हेर्दा विभिन्न समयमा विभिन्न उपन्यासमा शैलीवैज्ञानिक अध्ययन भएको पाइए तापनि कृष्ण अविरलद्वारा लिखित 'नम्रता' उपन्यासमा शैलीवैज्ञानिक अध्ययन हालसम्म कोहीँकसैबाट पनि नभएको हुँदा यो अध्ययन प्रथम र नितान्त नयाँ रहेको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता तथा कार्यान्वयन

कुनै पनि विषय क्षेत्रमा गरिएको पूर्व अध्ययन अनुसन्धान एवम् विश्लेषणबाट निस्केको निष्कर्षले शोधार्थीहरूलाई आफ्नो शीर्षकका सम्बन्धमा थप ज्ञान प्राप्त गर्न सहयोग पुग्दछ, त्यसैगरी अनुसन्धाताले अध्ययन गर्न लागेको विषय शीर्षकसँग सम्बन्धित पूर्वअनुसन्धानका अध्ययन मार्फत प्राप्त सुझका आधारमा आफ्नो शोध कार्यलाई सहज रूपमा सम्पन्न गर्न ठूलो मद्धत पुग्ने देखिन्छ । प्रस्तुत शोधकार्य 'नम्रता' उपन्यासको शैलीवैज्ञानिक अध्ययन हालसम्म कसैले पनि नगरेको तथ्य पूर्वकार्यको समीक्षाबाट प्राप्त भएकाले यसैमा केन्द्रित भएर अनुसन्धान कार्य प्रारम्भ गर्नुपर्ने आवश्यकता रहेको छ ।

प्रस्तुत शीर्षकमा शैलीवैज्ञानिक अध्ययन गर्न मोहनराज शर्माको शैलीविज्ञान, यादवप्रकाश लामिछाने, तीर्थराज भट्टराई, मदनराज बराल र बालकृष्ण गौतमको भाषिक अनुसन्धान विधि, माधव प्रसाद पौडेलको प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम पाठ्यांश एवम्, दीपा खवासको 'छाउघर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, कविता पन्थीको 'बसाँइ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, तीर्थराज भट्टराईको 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, नानीमैया अधिकारीको 'मलाया एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, राधिका भुर्तेलको 'सेतो धरती' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, लोकेन्द्र सुवेदीको 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, शारदा काफ्लेको 'सल्लीपिर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन आदिका शैली विश्लेषण सम्बन्धी अप्रकाशित शोधपत्रको अध्ययनबाट देहायअनुसारको उपयोगिता रहेको छ :

(क) शीर्षक चयनमा सहयोग पुग्ने,

(ख) समस्या कथनमा सहयोग पुग्ने,

(ग) उद्देश्य निर्धारण गर्न सहयोग पुग्ने,

(घ) विधि प्रयोगसम्बन्धी सहयोग गर्ने,

(ङ) अध्ययनको सैद्धान्तिक धारणा निर्माणका साथै तथ्याङ्क सङ्कलनका आवश्यक स्रोत पहिचान गर्ने आदि कार्यमा सहयोग पुग्ने देखिन्छ ।

कार्यान्वयन तहमा उल्लेखित कृति तथा शोधहरू पुस्तकालयीय विधिमा केन्द्रित भएर वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ ।

प्रस्तुत 'नम्रता' उपन्यासको शैलीविश्लेषणबाट शैलीविज्ञान सम्बन्धी, सैद्धान्तिक अवधारणा सम्बन्धी स्पष्ट हुन, शिक्षक, विद्यार्थी तथा अन्य शोधार्थीलाई समेत मार्गदर्शन गर्ने भएकाले यसको उपयोगिता प्रभावकारी देखिन्छ । शैली विश्लेषण गर्न चाहने जोसुकै जिज्ञासुलाई अध्ययन गर्न सहयोग गर्दछ ।


## २.३ सैद्धान्तिक/ धारणात्मक संरचना

प्रस्तुत शोधकार्य 'नम्रता' उपन्यासको शैलीवैज्ञानिक अध्ययन भएकाले यो अनुसन्धान मोहनराज शर्माको शैलीविज्ञान नामक पुस्तकमा केन्द्रित भई निष्कर्ष निकालिएको छ । 'नम्रता' उपन्यासको शैली विश्लेषण अध्ययन गर्ने क्रममा विभिन्न शोधार्थीहरूको शोधबाट सैद्धान्तिक/धारणात्मक संरचना निर्माण गरिएको छ । मोहनराज शर्माको शैलीविज्ञानलाई मूल आधार बनाई आंशिक रूपमा शैलीविज्ञानसँग सम्बन्धित माधवप्रसाद पौडेलको प्रायोगिक

भाषाविज्ञानका प्रमुख आयाम पुस्तकभित्रको शैलीविज्ञान एकाइ तथा पाठलाईसमेत आधार बनाइएको छ ।

### २.३.१ कथानकको विकासक्रम

आख्यानात्मक विधाको एक महत्त्वपूर्ण तत्त्व कथानक हो । कुनै पनि साहित्यक कृतिको कथानकको विश्लेषण शैलीवैज्ञानिक आधारमा आदि, मध्य र अन्त्यको शृङ्खलामा गर्न सकिन्छ । 'नम्रता' उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार देखाउन सकिन्छ । फ्रेटागको पिरामिड अनुसार कथानकको विकासलाई ५ चरणमा विभाजन गरेर अध्ययन गरिन्छ । जुन फ्रेटागको पिरामिडलाई निम्नानुसार देखाउन सकिन्छ :




(शर्मा २०४८ :१७)

वर्तमान समयमा प्रयोगवादी अध्ययनहरूलाई फ्रेटागको पिरामिडमा देखाउन कठिन भए तापनि रैखिक ढाँचामा प्रस्तुत भएका कथानकलाई आदि, मध्य र अन्त्यको ढाँचामा अध्ययन गर्न सकिन्छ । फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमका अवस्थालाई निम्नानुसार चिनाउन सकिन्छ :

#### २.३.१.१ चिनारी

कथानक विकासका पहिलो अवस्थाका रूपमा चिनारीलाई लिने गरिन्छ । यसलाई कथानकको विकासको पहिलो चरण मानिन्छ । यस भागमा कृतिभित्रका प्रमुख पात्रहरूको परिचय दिइएको हुन्छ । कृतिभित्र हुने विविध घटनाको पूर्व सङ्केत पाइन्छ ।

#### २.३.१.२ सङ्घर्ष विकास

कथानकको विकासक्रमको दोस्रो चरणका रूपमा सङ्घर्ष विकासलाई लिइन्छ । यस चरणमा कृतिभित्रका घटना तथा उपघटनाहरू क्रियाशील हुँदै जान्छन् । कथानकको घटनाक्रम

अघि बढेसँगै पात्रहरू नयाँ नयाँ समस्या तथा परिस्थितिसँग सङ्घर्ष गर्न थाल्छन् र त्यहाँ द्वन्द्वको स्थिति सिर्जना हुन्छ । त्यसपछि त्यहाँ प्रथम पटक सङ्कटावस्थाको विजारोपण हुने गर्दछ ।

### २.३.१.३ चरम

कथानक विकासक्रमको तेस्रो अवस्थाका रूपमा चरमलाई लिने गरिन्छ । यस चरणलाई महत्त्वपूर्ण अवस्था मानिन्छ । यस चरणमा पात्रहरू बीच द्वन्द्वको स्थिति चरम सीमामा पुगेको हुन्छ र घटनावलीहरूमा पनि उच्चता देखा पर्दछ । यस अवस्थामा पात्रहरू महत्त्वपूर्ण र गम्भीर निर्णयमा पुग्दछन् ।

### २.३.१.४ सङ्घर्ष ह्रास

कथानक विकासको चौथो अवस्थाका रूपमा सङ्घर्ष ह्रास रहेको छ । यस अवस्थामा आइपुगेपछि पात्रमा देखिएको चर्को सङ्घर्ष शिथिल हुन पुग्दछ । यस अवस्थामा आइपुग्दा पात्रहरू बिचमा भएको चरम द्वन्द्वको स्थिति कम भएको हुन्छ । यस चरणमा आइपुगेपछि छरिएका घटना प्रवाहलाई समेट्ने क्रम भएको पाइन्छ ।

### २.३.१.५ उपसंहार

उपसंहार कथानक विकासको अन्तिम अवस्था हो । त्यस अवस्थामा आइपुगेपछि पात्रहरूका बिचमा चलेको द्वन्द्व र सङ्घर्षको अन्त्य हुन्छ । पात्रहरूका समस्यारू निराकरण हुन्छन् एक निकृष्ट फल प्राप्त गर्दछन् ।

## २.३.२ चरित्रको विश्लेषण एवम् वर्गीकरण

चरित्रलाई उपन्यासको महत्त्वपूर्ण तत्त्व मानिन्छ । चरित्रकै कारण कथानक अगाडि बढ्छ । 'नम्रता' उपन्यासका चरित्रहरूको वर्गीकरणका आधारहरू निम्नानुसार रहेकाछन् :

### २.३.२.१ लिङ्गका आधारमा

उपन्यासमा प्रयोग भएका पात्र वा चरित्रहरूको प्राकृतिक वा शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । आख्यानात्मक कृतिमा हुने पात्रहरूको लिङ्गका आधारमा मुख्य गरी स्त्रीलिङ्गी र पुलिङ्ग गरी २ भागमा वर्गीकरण गरिन्छ । नायक, नायिका, सहनायक, सहनायिका, खलनायक आदि नामका आधारबाट कृतिभित्र निहित पात्रलाई छुट्याउन सकिन्छ ।

### २.३.२.२ कार्यका आधारमा

उपन्यासमा प्रयोग हुने पात्रहरूको भूमिका एकै किसिमको नहुने भएकाले मुख्य, सहायक र गौण गरी पात्रको भूमिकालाई वर्गीकरण गरिन्छ । कथावस्तुलाई सुरुदेखि अन्त्यसम्म डोहोऱ्याउने

पात्रलाई मुख्य पात्रका रूपमा लिइन्छ । त्यस्तै मुख्य पात्रभन्दा कम क्रियाशील एवम् मुख्य पात्रका सहयोगीका रूपमा भूमिका निर्वाह गर्ने पात्रलाई सहायक पात्रका रूपमा लिइन्छ । सहायकभन्दा पनि कम सक्रिय एवम् बीच बीचमा देखा पर्ने र हराउने पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ ( शर्मा, २०४८ : १७४) ।

### २.३.२.३ प्रवृत्तिका आधारमा

प्रवृत्तिका आधारमा उपन्यासका पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ (शर्मा, २०४८ : १७४) । अनुकूल पात्र अन्तर्गत नायक नायिका र प्रतिकूल पात्र अन्तर्गत खलनायक खलनायिका पर्दछन् । अनुकूल पात्रहरूको भूमिका, विचार, कार्य आदि सबै पक्षमा सकारात्मक हुने गर्दछ भने प्रतिकूल पात्रहरू सबै पक्षमा नकारात्मक भूमिकामा प्रस्तुत हुने देखिन्छन् ।

### २.३.२.४ स्वभावका आधारमा

आख्यानात्मक कृतिका पात्रहरूलाई स्वभावका आधारमा गतिशील र गतिहीन गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । देश, काल, परिस्थिति अनुसार स्वभावमा परिवर्तन ल्याउने वा गर्न सक्ने पात्रलाई गतिशील पात्रका रूपमा चिन्न सकिन्छ भने स्वभाव, सिद्धान्त र जीवनहरूलाई परिस्थिति अनुसार परिवर्तन ल्याउने पात्रलाई गतिहीन पात्रका रूपमा लिइन्छ (शर्मा, २०४८ : १७४) ।

### २.३.२.५ जीवन चेतनाका आधारमा

जीवन चेतनाका आधारमा उपन्यासमा पात्रलाई व्यक्तिगत र वर्गीय गरी दुई भागमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८ : १७५) । निश्चित सामाजिक भूमिका निर्वाह गरी सोही वर्गको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गीय पात्रका रूपमा लिईन्छ । त्यसैगरी सामाजिक भूमिकाभन्दा नितान्त फरक निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्रलाई व्यक्तिगत पात्रका रूपमा लिइन्छ ।

### २.३.२.६ आसन्नताका आधारमा

मञ्चीय र नेपथ्य गरी आसन्नताका आधारमा पात्रहरूलाई दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । प्रत्यक्ष रूपमा आफ्नो भूमिका निर्वाह गर्ने पात्र मञ्चीय पात्र हो भने कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रलाई नेपथ्य पात्रका रूपमा चिनिन्छ ।

### २.३.२.७ आबद्धताका आधारमा


आबद्धताका आधारमा उपन्यासका पात्रहरूलाई बद्ध र मुक्त गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ । कृतिमा बाँधिएका मात्र सार्थक हुने पात्रलाई बद्ध पात्र भनिन्छ, अर्थात् कथानकसँग प्रत्यक्ष सम्बन्धित भएर आएका पात्रहरू बद्ध पात्र हुन् र कथानकसँग प्रत्यक्ष सम्बन्ध नराख्ने पात्रहरू मुक्त पात्र हुन् (शर्मा, २०४८ : १७५) । मुक्त पात्रहरू स्वतन्त्र किसिमका हुन्छन् ।

माथि उल्लेखित आधारमा 'नम्रता' उपन्यासको कथानकमा प्रयुक्त पात्रहरूको वर्गीकरण गरी विश्लेषण गरिन्छ ।

### २.३.३ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार/प्रक्रिया

कुनै पनि साहित्यिक कृतिको भाषावैज्ञानिक अध्ययन के कसरी गरिन्छ भन्ने सन्दर्भलाई शैली विश्लेषण भनिन्छ । शैली विश्लेषण प्रक्रिया खासगरी भाषिक प्रतिकको तह, कला माध्यमको तह र आधार सामग्रीको तहमा आधारित भएर गरिन्छ । शैली विश्लेषणका स्वरूप एवम् आधारहरूलाई निम्नानुसार रेखाचित्रमा देखाउन सकिन्छ :

**कृति विश्लेषणका शैलीवैज्ञानिक आधार/प्रक्रिया**




(शर्मा, २०४८ : ८)

तलिकामा प्रस्तुत गरिएका विषयवस्तुको चर्चा यसप्रकार गर्न सकिन्छ :

### २.३.३.१ साहित्यिक संरचना

कुनै पनि साहित्यिक कृतिमा पाइने लघु घटकहरू समन्वयात्मक स्वरूप र त्यसको सौन्दर्य नै साहित्यिक संरचना हो । कृतिको समग्र संरचनालाई वृहत् घटक भनिन्छ । यसको विश्लेषण संरचनात्मक शैली विज्ञानले गर्दछ । साहित्यिक संरचनाका घटकहरू दुई किसिमका छन्:

**(क) बनोट**

कृति भित्रका लघु घटकहरूको समन्वयात्मक स्वरूप नै बनोट हो । कृतिको आन्तरिक र अन्तरसम्बन्धी नियम विज्ञान तथा व्यवस्थाको समग्र स्वरुपसँग यो सम्बन्धित रहेको छ । यसमा अङ्क, दृश्य, परिच्छेद, संवाद, प्रसङ्ग, सर्ग, श्लोक, पङ्क्ति आदिले बनोटको सृजना गरेका हुन्छन् । शैलीविज्ञानले यिनै साना घटकहरूको वर्णन विश्लषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त कार्य गर्दछ (शर्मा, २०७०: ९६) ।

**(ख) बुनोट**

कृतिको दृश्यात्मक स्वरूप अन्तर्गत पर्ने लघु घटकहरू नै बुनोट अन्तर्गत पर्दछन् । यसले साहित्यिक कृतिका विभिन्न घटकहरू बीच अन्तर्सम्बन्ध गराउँछ र साहित्यिक कृतिमा सौन्दर्य सिर्जना गराउँदछ  (शर्मा, २०७०: ९६) । साहित्यिक कृति भित्रका छन्द, रस, अर्थ, बिम्ब प्रतिक कथानक चरित्र, परिवेश भाषाशैली आदिले बुनोटको सृजना गर्दछ । यिनै उपकरणहरूमार्फत शैलीविज्ञानले कृतिको रूपगत तथा कृतिगत वैयक्तिक वैशिष्ट्यिलाई केलाउने काम गर्दछ ।

### २.३.३.२ भाषिक संरचना

कृतिको माध्यम वा आधार वा आधार सामग्री नै भाषा रहेको हुन्छ । यसमा निम्नलिखित तीन पक्षहरूको अध्ययन गरेर कृतिको मूल्याङ्कन गरिन्छ :

**(क) ध्वनि वा वर्ण व्यवस्था**

कुनै पनि कृतिमा रहेका खण्डीय वा खण्डेत्तर वर्ण ध्वनिको विश्लेषण ध्वनिविज्ञान र वर्णविज्ञानका सहायताले अध्ययन गर्ने काम यसमा हुन्छ । स्वर ध्वनि, व्यञ्जन ध्वनि मात्रा, विराम, समिता शोषण, लय खण्डेत्तर ध्वनिहरू समेतको विश्लेषण यस अन्तर्गत गरिन्छ ।

**(ख) शब्दभण्डार व्यवस्था**

कुनै पनि साहित्यिक कृति भित्रको व्याकरणिक व्यवस्थालाई यसमा हेरिन्छ । भाषाको माथिल्लो तह व्याकरण व्यवस्थाभन्दा तल्लो तह शब्द व्यवस्था हो ।

**(ग) व्याकरण व्यवस्था**

भाषा प्रयोगको व्यवस्थित र नियमबद्ध व्यवस्था व्याकरण हो । कृतिभित्रको व्याकरणिक व्यवस्थालाई यसमा हेरिन्छ । व्याकरण व्यवस्थाभित्र रूप प्रक्रिया र वाक्य विज्ञान पर्दछ । कुनै पनि कृतिको शैली विश्लेषण गर्दा भाषाको स्वरूपका साथै वाक्यगत संरचनाको विश्लेषण आवश्यक पर्दछ । यस सन्दर्भमा रूपविज्ञान र वाक्यविज्ञानको सहयोग लिइन्छ ।

**२.३.३.२ शैली**

कृतिभित्रका भाषिक तहहरू (ध्वनि, शब्द, व्याकरण) लाई जोड्ने कार्य शैलीले गरेको हुन्छ । यो कृति संरचनाको मध्यवर्ती स्थिति हो । शैलीले सम्बन्ध जोड्ने कार्य विकल्पन र चयन, अग्रभूमि निर्माण, समानान्तरता, विचलन तथा विविधताका आधारमा गर्दछ (शर्मा, २०४८ : १०) । यसलाई निम्नानुसार चर्चा गरिन्छ :

**(क) विकल्पन र चयन**

विकल्पको अर्थ यो वा अन्य हुन्छ भने विभिन्न विकल्पहरू मध्ये उपयुक्त विकल्पको छनोटलाई नै चयन भन्ने गरिन्छ । भाषाका विकिभन्न स्तरहरू वर्ण, रूप, पदावली, शब्द, वाक्य, शैली तथा अर्थगत व्यापकताबाट आवश्यकता अनुसार खास खास एकाइको छनोट गर्नु नै चयन हो ।

**(ख) अग्रभूमि निर्माण**

पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीनताको सिर्जना गर्नु नै अग्रभूमि निर्माण हो । रचनाको कुनै भागलाई विशिष्ट बनाई सौन्दर्य प्रकट गर्न यसको प्रयोग उत्कृष्ट हुन्छ । कृतिमा अग्रभूमि निर्माण निम्न लिखित दुई तरिकाबाट गरिन्छ :

**(अ) समानान्तरता**

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् । यो उद्देश्यमूलक र सार्थक हुने गर्दछ । विचलनको विपरीत उपकरणका रूपमा देखाउने समानान्तरता भनेको नियमितताको अत्यधिक परिपालना हो । यो आन्तरिक समानान्तरता र बाह्य समानान्तरता गरी दुई किसिमको हुन्छ (शर्मा, २०४८ : १०) ।

**(क) बाह्य समानान्तरता**

वर्ण, शब्द, रूप, पदावली, वाक्य, लय, छन्द तथा अलङ्कारमा देखापर्ने पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । तसर्थ यो ठोस र स्थूल प्रकृतिको हुन्छ जस्तै :

कपाल कोरेका केटीहरू क्वारक्वार्ती कर्के आँखा केर्दै कतातिर कस्सिएका कुन्नी ?

यहाँ 'क' वर्णको पुनरावृत्ति भएको छ ।

यसैगरी अर्को उदाहरण हेरौँ :

कसले विगार्छ विशेष फलामलाई ?

कसले विगार्छ विशेष फलामलाई ।

**(ख) आन्तरिक समानान्तरता**

भावार्थ वा वाच्यार्थका बिचमा आन्तरिक रूपले रहने अर्थगत नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । कृति विशेषको शाब्दिक बाह्य रूपाकृतिको आवरणभित्र ढाकिएर रहने हुनाले यस्तो समानान्तरता सूक्ष्म प्रकृतिको हुन्छ । यो भावार्थ र वाच्यार्थ गरी दुई प्रकारका हुन्छन् । भावार्थ भनेको चाहिँ भाव वा विचार पक्षको पुनरावृत्ति भन्ने बुझिन्छ भने मुख्य अर्थको पुनरावृत्ति हुनुलाई वा अभिधा शब्दशक्तिको पुनरावृत्तिलाई वाच्यार्थ समानान्तरता भनिन्छ ; जस्तै :

बिठयाइँ सेतेले गऱ्यो, दण्ड चाहिँ कालेले पायो अनि त धान खाने मुसो चोट पाउने भ्यागुतो भने झैँ भयो ।

यसमा एकले गरेको कसुरमा अर्काले सजाय पाएको समान वाच्यार्थ देखिन्छ ।

**(आ) विचलन / विपथन**

प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो । विचलनमा मानक भाषाको अतिक्रमण वा उल्लङ्घन हुने गर्छ । यस्तो अतिक्रमण उद्देश्यमूलक र सार्थक ढङ्गको हुने गर्दछ । विचलन विभिन्न प्रकारका हुन सक्ने भए पनि खासमा निम्नलिखित सात प्रकारका रहेका छन् :

**(क) कोशीय विचलन**

शब्दकोशमा समावेश नभएका शब्दहरूलाई नयाँपनका साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरू कोशीय विचलन अन्तर्गत राखिन्छ । लक्ष्मीप्रसाद देवकोटाले मान्द्रिलो, गुन्द्रिलो, रहरिलो जस्ता शब्दको प्रयोग गरेका थिए (लम्साल र अन्य, २०६७ : १०६) ।

**(ख) व्याकरणिक विचलन**

लिङ्ग, वचन, परुष, काल, भाव, पक्ष, वाच्य, करण, अकरण जस्ता व्याकरणात्मक कोटिहरू, पदसङ्गति, पदक्रम यसमा राखिन्छ ; जस्तै :

केटीले राम्रो अङ्क ल्याएर वि.एड पास गर्छ जस्तो लाग्दैन । (लिङ्गत विचलन)

म नै त्यहाँ गएको हो । (पुरुष विचलन )

मेरै धौलागिरी उपरमा छैन मैले पुगेको । (पदक्रम र विभक्ति विचलन)

**(ग) ध्वनि वा वर्णगत विचलन**

लेख्य भाषालाई कथ्य उच्चारण प्रकृतिमा ढालेर गरिने विचलनलाई यस राख्न सकिन्छ :

जस्तै : निरजको घरमा नयाँ भूइसी ल्याएछन् ।

**(घ) लेख्य प्रक्रियागत विचलन**

शब्द लेखाइका सन्दर्भमा देखिने विचलनलाई यस अन्तर्गत राखिन्छ ; जस्तै

घर माथि

त ल

उनले भनिन.....

.........................

**(ङ) अर्थगत विचलन :**

अर्थगत रूपमा देखापर्ने विचलनलाई यस अन्तर्गत राख्न सकिन्छ ;

जस्तै : आकाशबाट मुस्कुराउँदै जुन धर्तीलाई भेट्न आउँछ ।

**(च) भाषिक विचलन**

विभिन्न भाषिकाको प्रयोगबाट देखिने विचलन ;

जस्तै :

| भाषिका | भाषा |
|---|---|
| मा | ज्वाइ |
| बजि | चिउरा |
| अनि | खाजा |
| कान | भात |

माथिका उदाहरणहरू लिम्बु र तामाङ भाषा भित्र रहेका भाषिक शब्दहरू हुन् ।

**(छ) प्रयुक्तिगत विचलन**

एउटा परिस्थिति वा प्रसङ्‍ग अनरूपको भनाइलाई अर्को प्रसङ्‍ग वा भाषिक व्यावहारमा प्रयोग गर्नुलाई प्रयुक्तिगत विचलन भन्ने गरिन्छ ;

जस्तै : लामखुट्टेहरू गाउँछन् यी उपियाँ नाच्छन् म हेर्छु बसी ।

**(ज) विविधता :**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ (शर्मा, २०४८ : ११) । स्रष्टाले सिर्जना गरेका कृतिहरूमा जतिसक्दो प्रभावकारी र आकर्षक बनाउन भाषा तथा अन्य विविध खालका उपकरणको प्रयोग गरेका हुन्छन् । शैलीविज्ञानले प्रयोग र प्रयुक्तिका आधारमा कृतिको विविधताको विश्लेषण गर्दछ ।

माथि चर्चा गरिएका सैद्धान्तिक आधारहरू मध्ये फ्रेटागको पिरामिड अनुसार कथानकको विश्लेषण गरिने छ भने लिङ्‍ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्वताका आधारमा ‘नम्रता’ उपन्यासको कथानकमा प्रयुक्त पात्रहरूको अध्ययन तथा विश्लेषण गरिनेछ । त्यसैगरी चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिनेछ ।

# अध्याय : तीन

# अध्ययनको प्रक्रिया र विधि

## ३.१ अध्ययनको संरचना

'नम्रता' उपन्यासको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिनेछ । उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ । यो गुणात्मक प्रकृतिको अध्ययन हो । यसैगरी पुस्तकालयमा उपलब्ध भएका शैली विश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख रचना, समालोचनात्मक काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दा जुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।  पात्र चरित्रको विश्लेषण र चयन, विचलन एवम् सामानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिनेछ ।

## ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययन कार्य कृष्ण अविरलद्वारा लिखित एवम् मञ्जरी पब्लिकेशन पुतली सडक, काठमाडौंबाट प्रकाशित 'नम्रता' उपन्यासमा केन्द्रित छ । उपन्यासमा प्रस्तुत भएका घटना र पात्रहरू नमुना छनोटको आधार मानिएको छ । प्रस्तुत उपन्यासमा समानान्तरता, विचलन र चयनलाई जनसङ्ख्या नमुना छनोटको आधार मानिएको छ ।

नमुना छनोटकै सन्दर्भमा पनि 'नम्रता' नामक सिङ्गो उपन्यासलाई नै नमुनाको रूपमा लिइएको छ । उपन्यासमा मञ्चीय भूमिकामा रहेका मानव पात्रहरू नै नमुनाका रूपमा छनोट गरिएको छ ।

## ३.३ नमुना छनोट प्रक्रिया

यस अनुसन्धानमा पुस्तकालयीय विधिको प्रयोग नम्रता उपन्यासको प्रमुख, सहायक, गौण पात्रहरूको नमुना छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

यस शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रूपमा 'नम्रता' उपन्यासलाई लिइनेछ । त्यसैगरी आवश्यक मात्रमा सम्बन्धित कृतिका लेखक तथा समालोचकको समेत सल्लाह सुझावलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

यस अनुसन्धानमा द्वितीयक स्रोतका रूपमा 'नम्रता' उपन्यासको शैलीवैज्ञानिक विश्लेषसँग सम्बन्धित विभिन्न साहित्यकार एवम् समालोचकका लेख रचना र समालोचनात्मक ग्रन्थहरू, पत्रपत्रिकाहरू, शैलीविश्लेषणसँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत 'नम्रता' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा तथ्याङ्क सङ्कलनका प्रक्रियालाई देहायबमोजिम प्रस्तुत गरिएको छ :-

(क) पुस्तकालयीय विधि

(ख) वर्णनात्मक विधि

(ग) अन्तरवार्ता/ शोधनी विधि

### ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

विभिन्न विधि एवम् प्रक्रियाबाट तथ्याङ्क अर्थात सूचना सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई निश्चित विधि एवम् प्रक्रिया/मापदण्डमा आधारित भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ ।

यस अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइनेछ । त्यसै गरी शैलीवैज्ञानिक सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा 'नम्रता' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । कथानक पात्र/चरित्रको विश्लेषण एवम् चयन, विचलन र समानान्तरतालाई आधार बनाएर संरचना, शैली र व्याकरण पक्षलाई विश्लेषण गरिएको छ । आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञहरूसँग समेत सल्लाह सुझाव लिएर संरचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक पद्धतिलाई आत्मसात गरेर तथ्याङ्कको व्याख्या एवम् विश्लेषण छ । तथ्याङ्कको प्रस्तुति तालिकामार्फत् गरिएको छ ।

## अध्याय चार

## नतिजा / परिणाम र छलफल

### ४.१ 'नम्रता' उपन्यासको कथानकको विश्लेषण

'नम्रता' उपन्यासकार कृष्ण अविरलद्वारा रचना गरिएको उपन्यास हो । उपन्यासको कथावस्तु अध्ययन गर्दा यो उपन्यास पचासको दशकको झापाको परिवेशमा लेखिएको प्रेमको बहुलस्वरूप र मौन विद्रोहलाई उपन्यासकार अविरलका कृतिमा यथार्थपरक ढङ्गबाट प्रस्तुत गर्न सफल रहेको पाइन्छ । सरल, सहज र स्थानीय भाषाशैलीको प्रयोग भएको यस उपन्यासमा शिक्षित समाजभित्रकी एउटी विवश युवतीले भोग्नु परेका दुःख, कष्ट, प्रेममाथिको पारीवारिक, सामाजिक, लैङ्गिक र वर्गीय अतिअत्याचारको चिरफार यथार्थपरक ढङ्गबाट स्पष्ट रूपमा उतारिएको पाइन्छ ।

'नम्रता' उपन्यासको बाह्य संरचनागत पक्ष हेर्दा यसको आकार मध्यम खालको पाइन्छ । यसमा लामा छोटा जम्मा एक्काइस खण्ड रहेका छन् । यो उपन्यासमा २७३ पृष्ठमा कथानकलाई उनिएको पाइन्छ । उपन्यासमा कथावस्तुलाई उपन्यासकारले म पात्रले आफूले देखेको घटना र त्यस घटनाको मुख्य कारणलाई पूर्वदीप्ति ढाँचामा आधारित भएर लेखेका छन् । भने नम्रताको जीवन कथालाई भने रैखिक ढाँचामा प्रस्तुत गरेको पाइन्छ ।

पूर्व झापाको पचास दशकको परिवेशमा लेखिएको यस उपन्यासकी प्रमुख पात्र नम्रताको केन्द्रियतामा निर्माण भएको छ । यहाँ म पात्रले मध्य दिउँसो मध्य शहरभित्र देखेका चोटै चोटले भरिएकी नग्न युवतीको दौडदै गरेको अवस्था र उसका क्रियाकलाप नै यस उपन्यासको कथानकको सुरुवात विन्दु हो । किशोरावस्थामा गरेको प्रेमको सजाय भोगेकी पीडित युवतीको कथा हो 'नम्रता' । मध्य दिउँसो मध्य सहरभित्र म पात्र एकोहोरिएर हिँडिरहेका बेला एक्कासी आँखा अगाडि देख्छन् कल्पनै गर्न नसकिने एउटी सर्वाङ्ग युवती । उनी झन बेतोडले दौडदै म पात्रकै नजिक आइपुग्छिन् र उनले नहेरूभन्दा पनि हेर्न बाध्य हुन्छन्, ती युवती अन्दाजी २२ -२३ वर्ष जतिकी, भाटो जस्तै भइसकेको जीउमा चोटै चोटले भरिएका र त्यत्तिकैमा उनकै पछिपछि दुईवटी युवती उनलाई समात्न दौडदै आएको देख्छन् । एउटी युवतीले उसलाई च्याप्प अठ्याइन् त्यसबाट फुत्किन युवतीले कोसिस गर्छिन् तर सक्दिनन् र अर्की युवतीले समेत समातेर एक झाप्पु लगाएर उसलाई बर्को ओढाइ दिन्छन् र उनी पनि लुरुलुरु घरतिर लाग्छन् । एउटा शिक्षित र सभ्य सहरिया समाजमा यस्तो विश्वास नै गर्न गाह्रो घटनाले म पात्रमा कौतुहलताको सिर्जना गराइदिन्छ । त्यो दृश्यलाई मनमा अनेकखाले अड्कल उमार्दै माधव दाईकोमा पुग्छन् तर त्यहाँ माधव दाईलाई भेट्दैनन् र भद्रपुर अस्पताल जान भनेर हिँड्छन् र पानी परेका कारण तीन घर

मास्तिर घरमा पस्छन् । पानी नरोकिएकाले त्यहीँ एकछिन बस्छन् । त्यहाँकी एउटी बुढी आमैले नम्रताका बारेमा त्यो केटीले साह्रै दुःख पाइ भनेर कुरा निकाल्छिन् तर तिनकी बुहारीले आमालाई अरुको बारेमा किन चासो राख्नु पर्‍यो भन्दै मुख बन्द गराइदिन्छिन् । म पात्रलाई भने सपनामा पनि त्यस युवतीलाई देख्दा  उनले त्यस युवतीका बारेमा खोजीनीति गरिछाड्ने निर्णय गर्छन् । आत्मिक शान्तिका लागि यस्तो निर्णय गरेबाट यस उपन्यासको कथानकको प्रारम्भ भएको देखिन्छ ।

हातमा बोकेको किताबकापी च्यापेर एकसुरले हिँडिरहेका बेला अपरिचित युवकले 'नम्रता' भनेर बोलाएको दृश्यबाट उपन्यासको कथानकको पहिलो खण्ड सुरु भएको छ । नम्रताभन्दा केही जेठो उमेरको एउटा केटो केहीपछाडि साइकल रोकेर उभिएको त्यसकेटालाई देखेर नम्रता डराउँछिन् । उसले "नम्रता" तिम्रो रुमाल भनेर रुमाल दिन बोलाउँछ । त्यसपछि डराउँदै डराउँदै नम्रताले रुमाल लिएर दौडँदै स्कुल तिर जान्छिन् । स्कुलमा गएर सिटमा बसेर त्यही केटोलाई सम्झिएर टोलाइरहन्छिन् । नोट सार्ने कापीमा पनि किरिङ्मिरिङ् धर्काहरू कोरिरहन्छिन् । बारबार त्यही केटोले बोलाएको आवाज नम्रताको कानमा ठोक्किरहन्छ । नम्रता सानैदेखि भलादमी अर्न्तमुखी स्वभावकी चकचक नगर्ने, जे दियो त्यही खाने, खानमा झगडा नगर्ने जस्ता स्वभावका कारण सबैभन्दा खुसी उनका बाबु खडानन्द थिए । नम्रता हाँगाबिगा फैलिएको फूलको बोटमा कहिल्यै कलम काट्नु नपरे जस्तै सुशील सुकन्या थिइन । उनलाई संस्कारका कुरा पनि सिकाउनु परेन । उनी कक्षामा पनि जान्ने नै थिइन । अत्यन्तै लजाजु र अन्तरमुखी स्वभाव भएकाले कक्षामा शिक्षकले सामूहिक प्रश्न सोधेमा उनको वाक्यै निस्किदैनथ्यो तर उनलाई उठाएर सोध्दा भने उत्तर दिनपछि नपर्ने, अरु साथीहरू हल्ला गर्ने, झगडा गर्ने तर उनी कक्षाबाट बाहिर ननिस्किने केही न केही पढेर बसि रहने शान्त स्वभावकी थिइन् । यस्ता स्वाभावका कारण उनका मिल्ने साथी एकदमै कम थिए । आज नम्रताको चाला अनौठो देखेर अम्बिकाले के भयो भन्दै सोध्दछे र त्यो केटाले आफ्नो नाम लिएर बोलाएको कुरा डराउँदै बताउँछिन् । घरमा आमाबाले बोलाएको सुनेर तेरो नाम थाहा पायो होला नि यति कुरामा चिन्ता नगर भन्दै अम्बिकाले भन्छिन् । त्यसपछि हरेक बिहान नम्रताको स्कुल जाँदै गर्दा त्यस युवक सँगभेट हुन थाल्छ । नयनालाप मात्र हुने गरेको त्यस युवकको नाम नम्रताले पत्ता लगाउँछिन् गोविन्द । त्यसपछि नम्रता गोविन्दको नाम भगवान कृष्णको नाम जपेझैँ जपिरहन्छिन् ।

झापाको मध्य दक्षिणी भागमा पर्ने ठाउँ राजगढको यातायातको कुनै सुविधा नपुगेको, हिउँदयाममा मोटर साइकल समेत पुग्न मुस्किल पर्ने ठाउँमा बस्थे गोविन्द । त्यस गाउँमा पशुचोरी र डकैतीको बिगबिगी भएको, बेलुका थलामा बाँधेका गाईवस्तु बिहान नहुने, सीमापारिबाट आएका डाँकुले संसाझै आतङ्क मच्चाउने, अघिल्लो दिन काटेर खेतमा राखेको

धानका पाँजा भोलिपल्ट बिहान हुँदैनथ्यो । यस्तो ठाउँमा पुलिस थाना भएको तर चोर डकैती रोक्न नसक्ने, आफ्नै भवनमा हुलाक भएको तर हप्तामा दुई पटक मात्र खुल्ने, स्वास्थ्य चौकीमा पनि वर्ष भरिमा तीन महिना अहेब मात्र भेटिने, माध्यमिक तहसम्म पढाइ हुने विद्यालय भएको तर भौतिक सुविधा भने राम्रो थिएन । यस्तो दुर्गम ठाउँमा गोविन्दले प्रथम श्रेणीमा एस.एल.सी पास गरेर कलेज पढ्न थालेको हुन्छ । उसका आफन्त र अग्रजहरूले उसलाई साइन्स पढेर डाक्टर बन्ने सल्लाह दिएका तर गोविन्दले आफ्नो घरको आर्थिक स्थितिलाई बुझेर डाक्टर बन्ने सपनालाई सपनामै राख्छन् । ऊ अर्काको अधिँया खेती कमाएर गुजारा गर्ने गरिब आमाबाबुको पाँच जना छोरीहरूमा एक्लो छोरो थियो । उसका बाबुआमा निरक्षर थिए । जिन्दगीका पाइलापाइलामा उनीहरूले अपठित हुनुको पीडा भोगेका कारण रातदिन खेतीपाती, ज्याला मजदुरी गरेर पनि छोरा छोरीलाई पढाएर आँखा खोलिदिन चाहन्थे । अधिँयाको कमाइले बल्लतल्ल खान पुग्ने, कहिलेकाहीँ पेट पनि भरिँदैनथ्यो । एस.एल.सी प्रथम श्रेणीमा पास गरेपछि गाउँमा चौतर्फी गुणगान गोविन्दकै सुनिन थाल्छ । विद्यालयका आनन्द सरको सल्लाहअनुसार ऊ भद्रपुरको मेची बहुमुखी क्याम्पसमा कर्मस पढ्न जान्छन् । उनै सरले डेराको समेत बन्दोवस्त पनि मिलाइ दिन्छन् । अल्लारे उमेरको गोविन्द त्यस घरका केटाकेटीलाई पढाइ दिन्थ्यो र घरबेटीको घरको काममा पनि सघाउने गर्छ । त्यसैले उसलाई कलेज आउन जान सजिलो होस भनेर घरबेटीले नै आफ्नो साइकल दिएका थिए । निकै संयमित गोविन्द जब नम्रतालाई देख्छन् तब उसमा पनि किशोर उमेरका केटाकेटीको मनमा हुने कौतुहल र छटपटी गोविन्दमा पनि सुरू हुन्छ ।

किशोरावस्था साह्रै संवेदनशील अवस्था हो जुन थाहै नपाइ फेरिने गर्दछ । गोविन्दसँगको नयनलापले नम्रताको व्यवहार पनि फेरिँदै गएको छ तर उसका बाबुआमालाई भने केही थाहा भएको हुँदैन । उमेर बढेसँगै अत्यन्तै सुन्दरी, सुशील र भद्र भएकी नम्रता साँझ आमालाई काम धन्दा सघाएर पढ्न बस्ने उनको दैनिकी बन्दै जान्छ । सम्पन्न परिवारकी छोरी भएर पनि सधैँ एक भारी घाँस काटेर मात्र स्कुल जाने गर्छिन् । उनका दाजु दीपक र भाइ सन्तोष स्कुल हिँडेको आधा घण्टापछि मात्र नम्रता स्कुल जाने गर्थिन । उनको जेठो दाजुको श्रवणशक्ति निकै कमजोर हुन्छ । नन्दिनी गर्भवती भएका बेलामा एक दिन घरमा पाहुना आउँदा पाउनाका सत्कारका लागि भान्सामा सकेको जति मिठो बनाएर भान्सा तयार पारेर दिन्छिन् । पाहुनाहरू पनि मिठो खान पाइन्छ भनेर घरीघरी आउने गरेका हुन्छन् । त्यसदिन पनि नन्दिनीले मिठै पकाएकी हुन्छिन् तर एक जना पञ्चले मुखबाट लामो धागो जस्तो लामो वस्तु निकाल्छन् । उनीहरूले त वास्तै नगरी मिठो खानाका स्वादले सहजै स्वीकार गर्छन् । पाहुना विदा भएपछि भने खडानन्दले नन्दिनीलाई गालीगर्दै लात्तीले हानेर भान्साको ढोकाछेउ पुऱ्याइदिन्छन् । गर्भवती नन्दिनी पोषिलो खाना टन्न खान पाउँदिनथिन् । खडानन्दको त्यही गल्तीका कारण उनीहरूको जेठो छोरो कमजोर हुन्छ ।

उसको उपचारका लागि धेरै ठाउँ लिएर जान्छन् तर कतै पनि उसको उपचार सफल हुँदैन । खडानन्दले आफूले गर्दा नै त्यस्तो भएको भन्ने महसुस गर्छन् । पछिका सन्तान जन्मने बेलामा भने नन्दिनीलाई शारीरिक यातना दिँदैनन् तर मानसिक यातना र श्रमको झन्झटबाट भने मुक्ति पाउन सकिनन् । नन्दिनीले नम्रता गर्भमा आएपछि थुप्रै नराम्रा सपनाहरू देख्ने गर्थिन् । सर्पले लखेटेको, कालो वस्त्र लगाएकी केटीले दु:ख दिएको जस्ता नराम्रा सपना देखेर नन्दिनी चिन्तित हुँदै बच्चा सकुशल जन्मियोस् भनेर भगवानसँग प्राथना गरिरहन्थिन । केही समयपछि नम्रता जन्मिन्छिन् । बच्चा सकुशल जन्माउन सकेकोमा नन्दिनी पनि खुसी हुन्छिन् । घरमा लक्ष्मी जन्मिएकामा सबैभन्दा बढी खुसी खडानन्द भएका थिए । उनले आफन्त र छरछिमेकीलाई बोलाएर खसी काटेर भोज नै गरेका थिए ।

जेठ महिनाको अत्यन्तै गर्मी समयमा बिहान नम्रता हतार हतार स्कुलतिर छातीमा किताब कापी च्यापेर दौडँदै गइरहेका बेला बाटामा एउटा बेवारिसे कापी भेट्छिन् । त्यो कापी पल्टाएर हेर्दा अत्यन्तै सुन्दर अक्षरमा जी.कार्की, श्रेणीः आइ.कम. प्रथम वर्ष, मेची बहुमुखी क्याम्पस भद्रपुर लेखिएको पढ्छिन् र नचिनेको व्यक्तिको कापी टिपेकोमा झसङ्ग हुन्छिन् । उनलाई त्यो कापी त्यहीँ छोडेर हिडूँ जस्तो हुन्छ । उनले स्कुल पुगेर आफ्ना मिल्ने साथी अम्बिका र शारदालाई देखाएर कापी धनी पत्ता लगाएर जिम्मा दिने निधो गरेर कापी बोकेर स्कुलतिर हिँड्छिन् । बाटो हिँडिरहँदा धेरै अनुहारहरू सम्झिन्छिन् तर चिनेको कसैको पनि हो जस्तो लाग्दैन अनि आफ्नो रुमाल टिपेर दिने केटाको त होइन भन्ने लागेर जीबाट गोविन्द नाम पत्ता लगाउँछिन् । उसले त्यो कापी अब गोविन्दलाई कसरी दिनु भनेर सोचिरहन्छिन् । स्कुलमा पनि उनको ध्यान त्यही कापीमा मात्र जान्छ । घर पुग्नु अगाडि दोकाने मामाको पसलमा साइकल चढेर आउने केटालाई कापी दिनु भनेर कापी बुझाएर मन हलुको बनाउँछिन् । भोलिपल्ट ती मामाले नम्रतालााई बोलाएर साइकल चढ्ने भाइलाई देखिन कापी लान्छ्यौ भन्छन् र आज नआए भोलि आउलान् नि भनेर हतार हतार स्कुलतिर जान्छिन् । केही पर पुगेर गोविन्दसँग भेट हुन्छ । कापी भेटेर दोकानमा बुझाइदेकी रहिँछौ भनेर मुसुमुसु हाँस्दै धन्यवाद दिन्छ । नम्रता भने लाज र बाबुले देखे भने के होला भन्ने डरले त्रसित हुन्छिन् । नम्रतालाई स्कुल पुग्न निकै ढिलो भएकाले गोविन्दले साइकलको पछाडिबस भनेर भन्छ । नम्रता पनि बाटोमा कोही नभएकाले स्कुल पुग्न निकै ढिला भैइसकेकाले साइकलको पछाडि बस्छिन् । गाविन्दले नम्रतालाई स्कुलमा घण्टी बज्नुभन्दा अगाडि नै पुऱ्याइ दिन्छन् । गोविन्दसँगको सामिप्यताले नम्रताको मनभित्र मिठो प्रेमले फूल खेल्न थाल्छ ।

केही दिनदेखि गोविन्द देखिन छोडेको थियो । नम्रताको पछाडि कसैले घण्टी बजायो भने पनि गोविन्द हो कि भन्दै हेर्थिन् तर हुँदैनथ्यो । सपनामा पनि गोविन्द एक्लै तल झरेको देख्छिन् र

चिच्याउँदै डराउँदै उठ्छिन् । आमाले नम्रताले नराम्रो सपना देखेर चिच्याएको चाल पाउँछिन् । अरुलाई नराम्रो सपना सुनायो भने त्यस सपनाले असर गर्दैन भनेर सम्झाउँछिन् तर नम्रता मुख छोपेर रुँदै गोविन्दलाई सम्झिदै निदाउँन सक्दिनन् । गोविन्दको गायब भएकाले नम्रताको भोक र निद्रा हराएको छ । गोविन्द कतै बिरामी पो पर्‍यो कि भनेर सोच्छिन् । गोविन्द बिनासूचना हराएकाले नम्रताको मनमा फक्रन लागेको प्रीतको कोपिला खडेरीमा पिल्सिएझैं हुन लागेको थियो । गोविन्दका बारेमा पत्ता लगाउन शनिबार गोविन्द डेरा बस्ने घरमा केटाकेटीसँग खेल्ने निहुँ बनाएर जान्छिन् । एकछिन् केटाकेटीसँग खेलेपछि गोविन्दको हजुरआमा बिरामी भएर अपर्झट गएको कुरा थाहा पाउँछिन् । त्यसपछि गोविन्द कहिले फर्केला भन्दै उदास भएर दिनहरू बिताउने गर्छिन् । झन्नै दश दिनपछि बल्ल गोविन्द देखा पर्दछन् । उसले नम्रतालाई के छ खबर ? सन्चै छौ ? भनेर सोध्छ तर नम्रता रिसाएर मसँग नबोल भन्दै फटाफट हिँड्छिन् र गोविन्दले पनि घुर्क्याएको बुझेर भोलि फकाउँला भन्दै आफ्नो डेरातिर जान्छ । नम्रता बेलुका घर पुगेर बिहानको भात खाँदै हुन्छिन् त्यही बेलामा बाबु खडानन्द रिसले आक्रोशित हुँदै कराउँछन् । नम्रताले गोविन्दसँग बोलेको कुरा थाहा पाएर गाली गर्छन् । नम्रता पनि धेरै डराउँछिन् कसले सुनाइ दिएछ भनेर । बाबुले नाठाहरूसँग मस्कँदै हिँड्छेस् भन्दै गाली गर्छन् । आमाले नम्रताको बचाउ गर्दै छोड्दिनुस् अब देखि यसले त्यसो गर्दिन भन्दै बचाउन खोज्छिन् । नम्रता केही पनि नबोली चुप लागेर बसेको देखेर झन् रिसले खडानन्दले पिरामा बसेर भात खाइरहेकी छोरीको कपालको चुल्ठोलाई जाँतोको हातो घुमाएझैं घुमाइदिन्छन् । आमाले गर्दिन भन नानी गर्दिन भन भन्दै भन्न लगाउछिन्  तर झन् नम्रता नबोली रुँदै बस्छिन् । बाबुले दीपकलाई बाँसको सिर्कना लिएर आइज भन्दै सिर्कनाले अबदेखि त्यस केटासँग मस्किदै हिँड्छेस् कि हिँड्दिनस् भन्दै छोरीको ढाडमा एक सिर्कना बजाउँछन् । नम्रता केही नबोली आवाज ननिकाली रुन्छिन् । खडानन्द छोरीलाई गाली गर्दै रोएर मेरा शत्रु हसाउँछेस् भनेर चुपलाग् भन्दै भन्छन् । खडानन्दले छोरीलाई निकै यातना दिन्छन् ।

नम्रताले यस अघि कहिल्यै बाबुको एक थप्पड पनि खाएकी थिइनन् । बाबुको हातबाट कुटाइ र गाली एकै चोटी खानु पर्दा धेरै घृणा उत्पन्न हुन्छ । गोविन्दलाई मात्र उनको मनले खोजी गरिरहन्छ । त्यस घटनापछि बाबु आमासँग झनै कम बोल्न थाल्छिन् । खडानन्द पनि झन् धेरै शङ्कालु भएर छोरीको कोठामा बेलाबेला पसेर उसका कापी किताबका पाना पल्टाएर बीचका पाना च्यातिएको छ कि छैन र केटाले लेखेर दिएका प्रेमपत्र किताबभित्र छ छैन भनेर जाँच्थे । नम्रता स्कुल हिँड्ने बेलामा खै-खबरदारी पनि गरिरहन्थे । कोही केटासँग मस्केको थाहा पाए भने खुट्टा भाँचिदिन्छु भन्दै नम्रतालाई गाली गर्छन् । यस्ता बाबुको आफूप्रतिको बक्रदृष्टिले नम्रता दिक्दार हुन्छिन् र त्यो दिनदेखि स्कुल पनि बिदा हुन्छ । नम्रता घरका मान्छेसँग बोल्न पनि झर्को

लागेर कामबाट फुर्सद मिल्नासाथ कोठाभित्र पसेर किताब पल्टाएर किताबका अक्षरमा पनि गोविन्द हाँसेको कल्पना गरेर हराउँथिन् । यसरी दिन दिनै नम्रता एकोहोरिएर कोठामा एक्लै बस्न थाल्छिन् । स्कुल जाँदा कहिलेकाहीँ गोविन्दसँग बाटामा जम्काभेट हुन्थ्यो गोविन्द मुसुमुसु हाँस्दै साइकलको घण्टी बजाउँदै नम्रताका अगाडि आउँछ तर नम्रता घोसे मुन्टो लगाएर कुनै प्रतिक्रिया नदिइ हिँड्छिन् । यथार्थसँग भागी हिँड्ने नम्रतालाई कल्पनामै रमाउने बानी पर्न थाल्छ । घरका काम धन्दा पनि त्यति मन दिएर गर्न छाडेकी देखेर आमा पनि दिक्दार हुन्छिन् । अचेल यो केटीलाई के भएको भनी उनलाई गाली गर्थिन् । बाबुआमाको गालीगलौज र झर्कोफर्कोले नम्रताको मन निकै चिथोरिएको थियो । नम्रता आफ्ना मनका उदासीका कुराहरू साथी अम्बिकालाई सुनाउँछिन् । अम्बिकाले पनि उनको मनका घाउमा मलम लगाइदिन्थिन् । मलाई घरका मान्छे कसैले माया गर्दैनन् गोविन्दले मात्र माया गर्छ भन्दै नम्रता अम्बिकासँग रुने गर्थिन् । एक पटक रमाइलो मानेर देउसी हेरिरहेका खडानन्दलाई नर्तकीले आफूसँगै नचाउनका लागि हात समातेर तान्न थाल्छ । नर्तकीको एक्कासीको तनाइबाट खडानन्द तर्सिन्छ । एकछिन त आफ्नै जीउलाई सम्हाल्नै भ्याउँदैनन् र नर्तकी र खडानन्द तानातान गर्छन् । त्यही क्रममा नर्तकीको कम्मरमा बाँधेको साडी फुस्किन्छ, नक्कली कपाल पनि खुस्किन्छ अनि त्यहाँ बसेर हेर्ने सबै पेट दुख्ने गरी हाँस्छन् । बिचरा नर्तकी खुस्किएको साडी र कपाल टिपेर टाप ठोक्छ । सीमापारिबाट देउसी खेल्ने तेस्रो लिङ्गी र बहुरूपीहरू पनि आउथ्यो । त्यस्ता बहुरूपीहरुका पछिपछि केटाकेटीहरू कुद्थे तर यस्ता कुराहरूको नम्रतालाई केही फरक पर्दैनथ्यो । चुपचाप घर भित्रै बस्थिन् तर यस बर्ष चाहिँ उनलाई पनि भैली खेल्नका लागि जान मन लाग्छ । भद्रपुर स्कुलमा पढ्ने गायत्री, मन्दिरा, जमुना, शिव, अमर लगायतका साथीहरूसँग खेल्न जान मन गर्छिन् । यस अघि कहिल्यै साथीहरूले कति कर गर्दा पनि भैलो खेल्न जान्नथिन् तर यसपाली भने भैलोको रिहर्सलमा उनी पनि पुगेकी थिइन् । काग तिहारदेखि अन्तरे भुर्तेलका घरमा देउसीको अभ्यास शरू भएसँगै क्लबका अगुवाहरू सबै छक्क पर्छन्, नम्रताको सुरिलो आवाज सुनेर । क्लबका अगुवाले उनलाई केही गीतमा प्रमुख गायनको जिम्मेवारी दिन्छन् । रमेशले खडानन्दकहाँ गएर नम्रताले राम्रो गाउने कुरा सुनाएर भैलो खेल्न लान लागेको कुरा भन्दछन् । नन्दिनीले पनि जाओस् न त गाउँका सबै गएका बेला भनेर भन्छिन् । यसरी लक्ष्मी पूजाको दिनबाट भैलो खेल्न सुरु गर्छन । सुरुमा भुर्तेल बडाकै आँगनबाट सुरु गर्छन् । नम्रता मादल बजाउनेमा गोविन्दलाई देखेर छक्क पर्छिन् । तिहार मनाउन घर नगइ यहाँ भएकाले नम्रताको मनले आफ्नो नजिक हुनका लागि त आएको होइन भनेर सोच्छिन् तर गोविन्दको परीक्षा तिहार पछि लगत्तै परेकाले ऊ घर नगइ बसेको हुन्छ । गोविन्दले मादल बजाउने र नम्रताले गीत गाउँदै भैलो खेल्छन् । गोविन्द र नम्रताले पनि एक अर्कालाई तिर्खा मेट्ने गरी हेर्छन् । रातिको भैलो खेल्ने समयमा बाटोमा हिँड्दा

कतिपयका लागि प्रेम प्रस्ताव राख्ने अवसर पनि थियो तर नम्रता र गोविन्दले त्यो अवसर उपयोग गर्दैनन् । गोविन्द कुरा मात्र गर्न खोज्दा पनि नम्रता लुसुक्क अर्कोतिर लाग्थिन् । उनीहरू केही घर देउसी खेलेपछि नम्रताको घरमा खेल्न भनेर जान्छन् । गोविन्दले नम्रतालाई असजिलो लागेको बुझेर त्यहाँ जाँदैन । गोविन्द नहुँदा नम्रतालाई खल्लो लागेर राम्ररी गाउन भने सक्दिनन् । नम्रताको घर पछि अरु घरमा भैलो खेल्ने बेलामा फेरी गोविन्द देखा पर्छ । गोविन्दलाई देख्दा नम्रताको मन खुसी हुन्छ र गोविन्द पनि फुरुङ्ग हुन्छ । त्यस बर्ष देउसी टोलीले अर्थ सङ्कलनमा नयाँ कीर्तिमान बनाउँछ । त्यसैले देउसे टोलीका सदस्यहरूलाई पुरस्कृत गर्ने निर्णय गर्छन् । एउटा सानो औपचारिक कार्यक्रम राखेर पुरस्कार वितरण गर्छन् । गोविन्द त्यस कार्यक्रममा आएको हुँदैन र गोविन्द बसेको घर नजिक नम्रताको घर पर्ने भएकाले गोविन्दको पुरस्कार नम्रतालाई नै दिइएको हुन्छ । नम्रताले आफूलाई दिएको पुरस्कार गोविन्दलाई दिन्छिन् र गोविन्दको आफूले राखेर बस्नेतनी काकीको हातमा दिन्छिन् ।

बिहान हुन लागेको समयमा नम्रताको तल्लो पेट असाध्यै दुख्छ । ऊ सुत्न नसकेर उठ्दै बस्दै गर्छिन् । किशोरावस्थामा हुने शारीरिक परिवर्तनका बारेमा उनलाई केही थाहा हुँदैन । नम्रता रजस्वाला भएको नन्दिनीले थाहा पाएपछि उनले प्रथम पटक रजस्वाला हुँदा सात दिनसम्म बुवा र दाजुभाइ हेर्नु हुँदैन भनेर नम्रतालाई धान राख्ने ढुकुटीको कुनामा ओछ्यान बनाएर राख्छिन् । नम्रतालाई दिसाबपिसाब लाग्दा भने बाबु र दाजुभाइलाई यता नहेर्नु भन्दै मजेत्रोले पुरै मुखछोपेर निकाल्थिन् । नन्दिनी आफूले जे काम गर्दै गरेको भए पनि नम्रताले बोलाउनासाथ पुग्थिन् । यसरी स्कुल नगइ नम्रताले एकान्त कुनामा बसेर धेरै पटक गोविन्दलाई मात्र सम्झेर बस्छिन् । ऊसैसँग जीवन बिताउने कल्पना गर्थिन् । त्यसरी नम्रतालाई बाबुआमाले थुनेर राखेको कुरामा बाबुआमाले के पाए भनेर हरबखत आफैंसँग चिड्चिडाउँथिन् । उनलाई लुगा समेत च्यातेर मिल्काउन मन लाग्थ्यो तर मनको कुरा मनमै गुम्स्याउने बानीले उनलाई भित्रभित्रै डढाइसकेको हुन्छ । एकदिन नम्रतालाई स्कुल जान धेरै ढिला भएको हुन्छ । धनीकी छोरी भए पनि घरका काम धन्दा सकेर मात्र स्कुल जान पाउँथिन् । त्यसदिन उनलाई निकै ढिला भएको हुन्छ । स्कुल जाँदै गर्दा बाटामा गोविन्दसँग भेट हुन्छ । नम्रतालाई स्कुल जान धेरै ढिला भएको कुरा गोविन्दले बुझ्छ र साइकलको पछाडि बस भनेर भन्छ । नम्रता बाबुको डरले साइकल चढ्न गाह्रो मान्छिन् । फेरी स्कुल ढिला गरी पुग्दा शिक्षकले दिने यातना सम्झिएर गोविन्दको साइकलको पछाडि बस्न बाध्य हुन्छिन् । त्यसरी गोविन्दको समीप साइकलमा बस्दा उनीभित्रको प्रेम आकर्षणले मनमा एक किसिमको तरङ्ग उत्पन्न हुन्छ । नम्रतालाई स्कुल नगएर अन्तै कतै एकान्तमा बसेर आफ्ना मनका कुरा गर्न मन हुन्छ । गोविन्दले उनलाई चाँडैं स्कुल पुऱ्यादिन साइकल बेतोडले चलाउँदै हुन्छन् र एक्कासी ब्रेक लगाउँदा दुवै जना भूइँमा लड्छन् । किताबकापी छरिन्छ र मान्छेहरू

झुरुप्पै जम्मा हुन्छन् । नम्रतालाई स्कुलको सरको भन्दा बढी डर बाबु खडानन्दको लाग्छ । त्यस घटनामा गल्ती मोटरसाइकलवालाको भएको हुन्छ । स्कुल पुगेपछि पुरै ध्यान बाबुले गाली गर्ने डरले उनलाई सताइरहन्छ । उनी स्कुलबाट फर्किंदा डराउँदै घर पुग्छिन् । घर पुगेर सधैँभन्दा निकै काम आमालाई खुरुखुरु सघाउँदै हुन्छिन् । बाबु खेतबाट आएपछि नम्रता गोविन्दसँग हिडेको कुरा थाहा पाएर नम्रतामाथि अन्यन्त्रको रिस समेत पोख्दै सुपारीको बोटमा नाम्लाले बाँधेर सिर्कनाले चुट्नसम्म चुट्छन् । राति आठ बजेतिर पानी छिट्याउन थालेपछि मात्र नम्रताले बन्धनबाट मुक्ति पाउँछिन् । आमाछोरी त्यो रात खाना पनि खान सक्दैनन् । बाबुको कुटाइ र पोल कसले सुनायो भन्ने चिन्ताले रातभरी निदाउन सक्दिनन् । भोलिपल्ट भाइ सन्तोषले पोल लगाएको कुरा थाहा पाउँछिन् ।

नम्रताको कक्षा नौ को बार्षिक नतिजा प्रकाशित हुँदा उनी तीन विषयमा अनुत्तीर्ण हुन्छिन् । जीवनमा पहिलो पटक फेल भएकाले चिन्तित हुन्छिन् । उनीसँगै पढ्ने साथीहरू आफूलाई उछिनेर दस कक्षामा गएको र आफू फेरि नौ कक्षामा नै पढ्नुपर्ने पीडाले उनलाई विच्छिप्त बनाउँछ । उनको मिल्ने साथी अम्बिका पनि फेल हुँदा उनलाई चित्त बुझाउने ठाउँ मिल्छ । बाबु खडानन्द पनि छोरी फेल भएर टोल छिमेकमा, स्कुलमा कसरी मुख देखाएर हिँड्नु भन्दै बर्बराउँदै बस्छन् । नम्रतालाई केही काम अह्राउनु पर्दा पनि श्रीमती र छोराहरूका माध्यमबाट अह्राउने, एक हप्तासम्म कतै बाहिर पनि ननिस्की बस्छन् । दश दिनपछि साँध जोडिएको छिमेकीसँग बाखाले बाली खाइदिएका कुरामा उसको भानाभन पर्छ । छिमेकीले अड्डामा साँध मिचेको भनेर उजुरी हाल्छन् । खडानन्दलाई छोरी फेल भएकामा उठेको रिससमेत छिमेकीमाथि पोख्छन् । उसलाई छोरो फेल हुँदा केही नभएको तर छोरी फेल हुँदा उनको सामाजिक प्रतिष्ठामा दाग लागेको झैँ हुन्छ । नम्रता आफू फेल हुनुको दोषी बाबुलाई मान्छिन् । बिरामी पर्ने गरी कुटेर स्कुल छुटेका कारण फेल हुँदा बाबुले नराम्ररी गाली गर्दा नम्रताको आत्मसम्मानमा आघात पुग्छ । नम्रतालाई पढ्न मन लाग्न छोडेको, एकान्तमा टोलाउने, मनमा गोविन्द हाँसेको बोलेको कुरामात्र सम्झिरहने गर्छिन् । नम्रताको मौन विद्रोह अब झनै बढ्दै गएको हुन्छ । बाबुको निर्देशनलाई उल्लङ्घन गर्दा नम्रतालाई असीम सन्तुष्टि छिनभरका लागि भए पनि अनुभव गर्छिन् । आमा व्यस्त भएका बेलामा नम्रतालाई भात भान्साको काम आइलाग्थ्यो । नम्रताले भने हरेक दिन केही न केही त्रुटि गरेकै हुन्थिन् । कहिले तरकारीमा नुन चर्को, कहिले तरकारी डढ्ने, कहिले चिया उमालेर फ्याँक्ने जस्ता त्रुटि हुँदा नम्रतामाथि गालीको मात्रा झन थपिन्थ्यो । आमाबाबु, दाजुभाइ सबैले एकमुख लागेर गाली गर्थे । यसरी गाली सुन्नु पर्दा नम्रताको मनमा गोविन्दको सम्झना आउँथ्यो । आफूलाई कसैले माया गर्दैनन् गोविन्दले मात्र माया गर्छ भन्ने सोचिरहन्थिन् । घरीघरी उनको मनमा गोविन्दसँग विवाह गरेर सँगै बस्नपाए यसरी कसैको गाली खानु पर्दैनथ्यो भन्ने हुन्छ तर उनको

किशोरावस्थाको मनलाई उमेर नपुगी विवाह गर्दा पर्ने असर बारे केही थाहा हुँदैन । खडानन्दले जति जति कडा यातना र चेतावनी दिन्थे नम्रताका मनमा त्यति नै बढी प्रतिशोधको आगो फैलिन्थ्यो, गोविन्दसँगको उति उति नजिक हुन खोज्थिन् । दिनरात गोविन्दलाई मात्र सम्झिरहन्थिन् । उता बाबु पनि छोरीको व्यवहार देखेर चिन्तित भइरहेका छन् । खडानन्द आफ्नो घर परिवारका बारेमा कसैसँग कहिल्यै कुरा गर्ने बानी नहुँदा छोरीको बिग्रँदै गएको आनीबानीका बारेमा कसैसँग सरसल्लाह लिन समेत सक्दैनन् । एकदिन दिउँसो खडानन्द अदालतको तारिख भ्याएर निस्केका बेलामा चिया पसलमा बसेर चिया पिउन बस्छन् । त्यही पसलमा अरुले कुरा गरेको सुन्छन् :- एक भद्र युवकले अर्को अधबैँसेलाई सम्झाउँदै भनिरहेका हुन्छन् 'किशोर अवस्थामा हुने विपरीत लिङ्गीप्रतिको आकर्षण र प्रेमका बारेमा, किशोर केटाकेटीलाई पिटेर, डर धम्की देखाएर हुँदैन त्यसरी कुटपिट गर्दा उनीहरू झन् बिग्रिन्छन् । उनीहरूलाई माया गरेर सम्झाइ बुझाइ गर्न सकियो भने छोराछोरी बिग्रिनबाट बच्छन् । किशोरावस्थाको प्रेम भनेको आकर्षण मात्र हो । त्यसका बारेमा उनीहरूलाई अभिभावकले राम्रोसँग सम्झाउनु पर्छ ।' यस्ता कुराहरू सुनिरहँदा खडानन्दलाई आफूलाई नै सल्लाह दिएको झैँ लाग्छ र आफ्नी किशोरी छोरीमाथि अन्याय गरेकामा पछुतो मान्छन् । आफूले पनि सम्झाएको भए टेर्थि कि भन्ने लाग्छ तर नम्रतालाई राम्ररी सम्झाउने चेत र फुर्सद उनीसँग कहिल्यै हुँदैन र छोरीलाई माया गरेर सम्झाउने तरिका नै आउँदैन ।

होटलमा सुनेका कुराले खडानन्दमा खासै ठूलो परिवर्तन केही हुँदैन । त्यसका भोलिपल्ट भने चन्द्रगढी गएर खडानन्दले तीन वटै छोराछोरीको स्कुलमा नाम लेखाइदिन्छन् तर छोरीले कलङ्कको टीका लगाइदेली र सामाजिक प्रतिष्ठा गुम्ला भन्ने पीरले उनको मुटु कुटुकुटु खान थाल्छ । छोरीप्रति असाध्यै सूक्ष्म निगरानी राख्न सुरु गरिन्छ । नम्रतालाई आफ्ना परिवार बैरीझैँ लाग्न थाल्छ । स्कुलको फी तिर्न पैसा चाहियो भने पनि आमालाई भन्थिन् बाबुको छेउ नै पर्दिनथिन् । नम्रताको बानी देखेर खडानन्द बेलाबेला रिसले चिर्पटले हिर्काउने गर्थे । उनी जति जति कडा गर्थे त्यति नै गोविन्दप्रति आकर्षित हुँदै जान्छिन् । 'मानौ गोविन्द चुम्बक हो र उनी छेउमा लगिएको फलामको कीलो जस्तै ।' खडानन्दले जति सजाय र चेतावनी दिँदा पनि छोरीले आँखा छलेर त्यस केटासँग हिँडेको बोलेको खबर आउन नछाडेपछि झनै हैरान बन्छन् । हैरान भएका खडानन्दले नम्रतालाई दीपक र सन्तोषसँग मात्रै स्कुल पठाउन थाल्छन् । सन्तोषले त्यति चियो नगरे पनि दीपकले भने नम्रताको खबर एकएक गरी सुनाइदिन्थ्यो । दीपक स्कुल नगएका दिनमा नम्रता र गोविन्दले हाँसो साटासाट गर्थे तर यो पनि खडानन्दले थाहा पाएर दीपक स्कुल गएका बेला मात्र नम्रता पनि स्कुल जान पाउँथिन् । नम्रतामाथि कडा निगरानी झनै बढ्दै जाँदा दुई प्रेमी तड्पिरहेका हुन्छन् । भेट हुन नपाएपछि गोविन्दले आफ्नो घरबेटीका छोरीमार्फत गोप्य

पत्राचार सुरु गर्छन् । नम्रताले गोविन्दको पत्र पाउँदा आफूलाई उसैले मात्र माया गर्छ भन्ने कुरामा विश्वास हुन्छ । उनीहरूको पत्राचार पनि नन्दिनीको सुराकीमा थाहा हुन्छ, हुलाकी बनेकी घरबेटीकी छोरी रङ्गेहात पक्राउ पर्छिन् । खडानन्दले नम्रतालाई जुवामा लगाइराखेको हल्लुँड फुकालेर बेहोस हुनेगरी पिट्छन् । आमा नन्दिनी आएर पानी छ्यापेर होशमा ल्याउँछिन् । नम्रालाई बेहोस हुने गरी पिटेकामा खडानन्दलाई कुनै पछुतो हुँदैनथ्यो । उनी छोरीलाई पिट्नु पर्दा कोठा थुनेर पिट्छन् । छोराछोरीलाई यातना दिएको कुरा छिमेकीले सुनेर इज्जत घट्ला भन्ने कुरामा भने सर्तक हुनेगर्थे । नम्रता र गोविन्दले फेरी भेट गर्ने अर्को तरिका अपनाउँछन् । नम्रताको टिफिन हुने समयमा गोविन्द साइकल लिएर स्कुल पछाडि जान्थे र दीपकको आँखा छलेर गफ गर्थे । त्यो पनि एक महिनामै खडानन्दकोमा खबर पुगि हाल्यो । खडानन्दले गोविन्द डेरा बसेको घरबेटी छिमेकीलाई पनि गोविन्दलाई डेराबाट निकाल्ने धम्कि र चेतावनी दिन्छन् । ती घरबेटीले गोविन्दको परीक्षा आउन लागेकोले उनलाई केही भन्दैनन् ।

खडानन्दले दिएको चेतावनीले पनि गोविन्दलाई कुनै असर पर्दैन । घरअगाडि ओहोर-दोहोर गरेको देख्दा खडानन्दलाई झन् रिस उठ्छ । आफ्नो अभिमानमा गतिलो ठेस लाग्छ । खडानन्दको मनले उसको घरबेटीसँग सम्झाएर एक पटक कुरा गर्ने कि भनेर सोच्छ तर ऊ भित्रको अभिमानले त्यो सुब्बासँग नझुक्ने भन्छ । उसले गोविन्दलाई नै बोलाएर धम्काउने, धम्काउँदा टेरेन भने अराष्ट्रिय तत्त्वको अभियोग लगाएर जेलमा हालिदिने सोच्छ । गोविन्द प्रथम बर्षको परीक्षा सकिएर राजगढ घर गइसकेकाले उनले सोचेको गर्न पाएनन् । नम्रताले नौ कक्षाको अर्धवार्षिक परीक्षामा खासै प्रगति गर्न नसकेका कारण लब्धाङ्क पत्र हेरेर खडानन्दलाई झन् पीर थपिन्छ । खडानन्दका भाइ धर्मानन्द आफ्नो घर आएका बेला धर्मानन्दलाई नम्रताका बारेमा सबै वृत्तान्त बताउँछन् र धर्मानन्दले मेरो घरमा बसेर पढोस् त्यसो गर्दा त्यस केटासँगको सङ्गत छुट्छ भनेर सल्लाह गर्छन् । नम्रताको पढाइ बिचमै छुटाएर कसरी पठाउने भनेर समस्या पर्छ । त्यसका लागि धर्मानन्दले छिमेकमा भर्खरै नियुक्ति लिएर आएकी शिक्षिकासँग ट्युसन पढाउने र बार्षिक परीक्षाका दिन मात्र भद्रपुर ल्याउने सल्लाह गर्छन् । त्यही सातादेखि नै नम्रता काकाको घरमा बस्न थाल्छिन् । काकाको घरमा बस्न थालेपछि नम्रतामा निकै परिवर्तन आउँछ । काकाको छोराछोरीसँग हाँस्ने खेल्ने, काकीलाई घरको काममा सघाउने गर्छिन् । खडानन्द दम्पतिलाई पनि ठूलो राहत मिल्छ । नम्रता पनि काका काकीसँग रमाएर बस्छिन् । पढाइमा पनि मन लगाउन थालेकी हुन्छिन् । काकाकाकीले नम्रताले सानोतिनो बाहेक अरु काम लगाउदैनन् । खडानन्द र नन्दिनी भने ढुक्क हुँदैनन् । नम्रता अरु केटासँग लागिसकी कि भनेर शङ्का गरिरहन्छन् र बेलाबेलामा छोरीको हालखबर बुझ्न उनीहरू भाइका घरमा जाने गर्छन् ।

आइकम दोस्रो बर्षको परीक्षा दिएपछि डेरा छोडेर गोविन्द घर जान्छन् । उनको आमा सिकिस्त बिरामी हुँदा उनको फर्किने टुङ्गो हुँदैन । ऊ विकम पढ्ने बेलामा आमा अलिक ठिक हुन्छिन् र भद्रपुर फर्किन्छन् तर बिना खोज खबर गोविन्द गएपछि घरबेटीले आफ्ना भाइहरूलाई कोठामा बस्न दिन्छन् । गोविन्दका सामान र कपडाहरूको गुन्टा बनाएर राखिदिएका हुन्छन् । गोविन्द फर्किएपछि घरबेटी रिसाउँछन् । उनीहरूले गोविन्दलाई गुमाउन चाहेका हुँदैनन् । गोविन्द त्यहाँ बस्न नपाएपछि चन्द्रगढीमा कलेजकै दुईजना साथीसँग डेरा लिएर बस्न थाल्छ । गोविन्दले नम्रतालाई देख्न पाइन्छ कि भन्दै उनको स्कुलतिर हेरिरहन्थ्यो । नम्रता काकाको घरमा बस्न थालेका कुरा गोविन्दलाई थाहा हुँदैन पछि उनकी साथी शारदाले भनेपछि थाहा पाउँछ । गोविन्द र उनका साथीहरू बेलाबेलामा आ-आफ्ना कुरा गरेर बस्थे तर गोविन्द भने आफ्नो गरीबी र नम्रतालाई सम्झेर टोलाइरहन्छ । गोपालले उसलाई आत्मविश्वासी उत्प्रेरणा दिन्थ्यो । भावुक बनेर नबस, शत्रु जे देख्दा जलन हुन्छ त्यही कुरा गर्नु भनेर सम्झाउँछन् । धर्मानन्द छोराछोरीको मनोविज्ञान बुझेर व्यवहार गर्थिन । उनकी श्रीमतीले पनि नम्रतालाई छोरीलाई जस्तै व्यवहार गर्थिन् । नम्रतालाई आफ्ना बाबुआमाभन्दा पनि काकाकाकी असल लाग्छ । उनीहरूको मायालु व्यवहारका कारण नै नम्रताको  एकाकीपनमा सुधार आएको थियो । नम्रताको स्कुलको वार्षिक परीक्षा सुरु हुन लागेकाले नन्दिनी छोरी लिन धाइजनको घरमा पुग्छिन् । नम्रता मन नलागी नलागी पनि आमाको पछिपछि घर जान लाग्छिन् । उनी जाँदा काकाकाकी र उनीहरूका छोराछोरीले पनि नराम्रो मान्छन् । परीक्षाको नतिजा लब्धाङ्क पत्रसहित आएपछि नम्रताले खडानन्दको अगाडि लब्धाङ्क पत्र राखिदिन्छिन् । खडानन्द लब्धाङ्क पत्र हेरेर खुसी हुँदै छोरीले यसपालि हाम्रो नाक राखिछे भन्दै नन्दिनीसँग भन्छन् । नम्रता पास भएको खबर धर्मानन्दलाई पनि पठाउँछन् । उनीहरू पनि खुसी हुन्छन् । उनी एस.एल.सी पनि यहीँबाट गराउन चाहन्थे । उनलाई राम्ररी थाहा थियो नम्रताको पढाइ दाजुको यातना र कर्कश व्यवहारका कारण बिग्रिएको भनेर तर यसपटक भने खडानन्दले नम्रतालाई धाइजनको घरमा पठाउँदैनन् । एकदिन सबैजना साथीहरू भेला भएर लुकामारी खेल्दै गर्दा अचानक गोविन्दसँग ठोक्किन पुग्छिन् । गोविन्द डेरा बस्दा क्याम्पसको फी तिर्न लिएको सापटी पैसा फिर्ता गर्न आएको थियो । नम्रतासँगको अचानकको भेटले गोविन्द पनि फुरुङ्ग र नम्रता पनि झनै फुरुङ्ग हुन्छिन् ।

नम्रता र गोविन्दको प्रेमलाई कसैले रोकेर रोक्न सकेनन् । नम्रता सुध्रिएको ठानेर ऊ माथि त्यति धेरै कडा निगरानी हुन छाडेको थियो र उनकी मिल्ने साथी अम्बिका मार्फत पत्राचार गरेर भए पनि उनीहरू प्रेम साटासाट गरिरहेका हुन्छन् । खडानन्दलाई अम्बिकामाथि विश्वास थियो । पञ्चकै छोरी भएकाले उनको घरमा जानआउन सजिलो थियो । बाबुआमाको नजरबाट गोविन्द पनि अदेख भएकाले एक किसिमको ढुक्क भएका थिए तर छोरी अरु केटासँग सल्किएर

नाक काट्छे कि भन्ने डर त्रासले भने खडानन्द दम्पत्तिलाई छोडेको थिएन । बाबुको यातना पाउनुपर्छ भनेर गोविन्द र नम्रताले पनि केही सजगता अपनाएका थिए । सेन्टअप परीक्षाको तयारी गर्न भन्दै नम्रता अम्बिकाको घरमा पढ्न भनेर जाने गर्छिन् । त्यही मौका पारेर अम्बिका लिएर गोविन्दको कोठामा गएर गफ गर्थिन् । गोविन्द र नम्रताले मायाका कुराहरू साटासाट गर्ने गर्थे । उनीहरूको यस्तो उपाय पनि धेरै दिन चल्न पाउँदैन । एक दिन नम्रता र अम्बिकालाई बिदा गर्न गोविन्द बाटोसम्म आउँछ त्यो दृश्य खडानन्द आफैँले देखेर आक्रोशित हुन्छन् । घरमा पुगेर नम्रतालाई कोठा थुनेर हल्लुँडले मरणासन्न हुने गरी पिट्छन् । नम्रता रोएको आवाज बाहिर नजाओस् भनेर मुखमा लुगा खाँदिदिन्छन् । आमाको मन चसक्क हुन्छ र ढोका खोल्न लगाउँछिन् र छोरीलाई त्यसरी पिटेको रिस व्यक्त गर्छिन् । नम्रता बाबुको पिटाइपछि नौ दिनसम्म स्कुल जान सक्दिनन् । त्यसपछि स्कुल जाँदा पनि शिक्षकहरूले प्रश्न गर्दा पनि शिर निहुराइरहन्थिन् र पढ्न पनि मन गर्दिनथिन् । आएको प्रश्नको जवाफ पनि दिन सक्दिनथिन् । नम्रताको यस्तो अवस्था देखेर उनकी शिक्षिकाले उनको बारेमा बुझ्न खोज्दा पनि नम्रता केही भन्दिनथिन् । अम्बिकाले नम्रताका बारेमा शिक्षिकालाई सबै वास्तविकता बताइदिन्छिन् । खडानन्द बेलाबेला स्कुलमा गएर स्कुलका शिक्षकहरूलाई नम्रतालाई राम्रो पढाइदिनु, टेस्ट परीक्षा पास गराइदिनु, छोरीलाई एसएलसी पास गराएर बिहे गरिदिने रहर छ भन्दै अनुरोध गर्छन् तर शिक्षकहरूले बाबुआमा असल भए छोराछोरी हुन्छन्, हामीले त राम्रै पढाएका हुन्छौ बरु तपाईंले पनि घरमा ट्युसन पढाउनु भनेर सल्लाह दिन्छन् । अम्बिका भने बङ्गाली मूलका शाह सरसँग गणितको ट्युसन पढ्थिन् तर खडानन्द लोभी र कन्जुस अनि छोरीमाथि शङ्का मात्र गर्ने बाबुले नम्रतालाई ट्युसन पढाउँदैनन् । नम्रतालाई पनि बाबुको पिटाइका कारण आफ्नो होस विस्तारै हराउँदै जान्छिन् । हातमा बोकेका किताबकापी कुन विषयका हुन् ?, कुन घण्टीमा कुन विषय निकाल्ने जस्ताकुराहरू थाहा हुन छोडिसकेको थियो । उनको पढाइ स्कुल आउनु र जानुमा नै सीमित हुन्थ्यो । परीक्षा आउनुसँग पनि उनलाई कुनै चासो हुँदैन । किशोर मनमा फूलेको फूल फक्रन खोज्दा सिकारीको पिटाइबाट ओइलिन्छ ।

नम्रता टेस्ट परीक्षामा फेल भएपछि खडानन्दको प्रतिष्ठामा ठूलै ठेस लाग्छ । दीपक पनि फेरी तेस्रो पटक पनि कक्षा ९ मा फेल हुन्छ तर बाबुआमालाई सबैभन्दा पिर नम्रता फेल भएकामा हुन्छ । खडानन्द एक अचम्म किसिमको स्वभाव भएका मानिस थिए । उनी मान्छे आएका बेलामा भने आफू प्रफुल्ल भएर कुराकानी गर्थे । हेर्दा उनलाई केही पिर नभएको जस्तो बन्थे । टेस्ट परीक्षामा फेल हुनेहरुको नयाँ शैक्षिक सत्र सुरु नहुनजेलसम्म फेल हुनेहरूलाई फुर्सद मिल्थ्यो । यो फुर्सदमा आमालाई काम धन्दामा सघाउँने गर्छिन् तर खडानन्दका सामु भने पर्न डराउँछिन् । एकदिन नम्रता नुन तेल किन्न भद्रपुर बजारबाट फर्कँदै गर्दा गोविन्दसँग भेट हुन्छ ।

गोविन्दसँग नम्रता बोल्दै गरेको खडानन्दले आफ्नै आँखाले देख्छन् । घरमा पुगेर उनले यसपटक भने छोरीलाई एक थप्पड पनि दिँदैनन् । बरु नन्दिनीलाई कडा निर्देशन दिन्छन् अब छोरीलाई एक्लै कहीँ कतै पठाउने होइन भनेर । अनि नन्दिनीले नम्रतालाई आमाले घाँस दाउरा जता जाँदा पनि सँगै लाने, आफूले नभ्याएको बेला माइलीलाई राख्थिन् । गोविन्दसँग  भेट गर्न जाने दिन आफूलाई कडा निगरानीमा राखेको कुरा उनले थाहा पाउँछिन् । तर पनि उनी निराश नभइ घरका सबै काम सकेर नुहाइ धुवाइ गरेर राम्री भएर निस्कँदै गर्दा आमाले कता जान लागेकी भनेर सोध्दा उसले अम्बिकाको नोट कापी लिएर आइहाल्छु भन्छिन् तर आमाले उनलाई बुवालाई नसोधी कहीँ जान पाउँदिनस् भन्दै बरबर्राउँदै आफ्नो काम गर्न थाल्छिन् । त्यही बेला नम्रता निस्केर जान्छिन् । घर फर्कँदा आमाले बाहिरबाट आउँदै गरेको देखेर आमाले गाली गर्दै त्यस केटालाई भेटेर आएकी होइन ? भन्दै भरे बुवा आएपछि सबै सुनाइदिन्छु भन्छिन् तर छोरीको पोल सुनाउँदा आफैँले पनि गाली खाइने भएकाले खडानन्दलाई केही सुनाउँदिनन् । नयाँ शैक्षिक सत्र सुरु भएपछि बाबुले दुवै छोराको नाम लेखाइदिन्छन् तर नम्रताको पढाइका बारेमा चुपचाप बस्छन् । नम्रतालाई शङ्का लाग्छ कतै अरु केटा खोजेर बिहा गर्दिन पो लागेकी भनेर आमासँग पढ्न पाउनुपर्छ भन्दै घुर्की लगाउँछिन् । आमाले पनि पर्दैन अब पढ्न, फेरी त्यही झुत्रे केटासँग पोइल जानलाई स्कुल जानु परेको छैन भन्दै गाली गर्छिन् । नम्रतामाथि नाकाबन्दी बढ्दै जाँदा उनलाई झनै उकुसमुकुस हुन थाल्छ । रातदिन गोविन्दकै सम्झनाले झनै सताउँछ । खडानन्द छिमेकीको बँधुवा कुकुरलाई पनि माया गर्थे । नम्रता बरु कुकुर हुन पाएको भए माया पाइनेरहेछ भन्दै सोच्छिन् ।

नम्रता माथिको निगरानी उस्तै कडा हुन्छ तर पनि उनीहरूको प्रेमलाई कसैले रोक्न सकेका छैनन् । नन्दिनी माइत जाँदा पनि सँगै लिएर जान्छिन् । नन्दिनीको बुवा सिकिस्त भएकाले त्यहाँ गएकी थिइन् । सात दिनपछि पाडाजुँगीबाट घर फर्किन्छन् । फर्कँदा चन्द्रगढी चोकमा गाडी केहीबेर रोकिन्छ । अनि त्यहाँ गोविन्दलाई उभिएको नम्रताले बसको झ्यालबाट देख्छिन् । आमा पिसाब लाग्यो गएर आइहाल्छु भन्दै बसबाट निस्किन्छिन् । हप्तौँदेखि विछोडिएका नम्रता र गोविन्द गुम्तीपछाडि बसेर कुरा गर्छन् । बस हिड्न लागेपछि हर्न बजाएर एकछिनपछि मात्र बस चढ्दा आमाले नम्रतालाई किन ढिला गरेकी भन्दै गाली गर्छिन् । खलासीले गुम्तीपछाडि बसेर केटासँग बसेर मस्त कुरा गरिरहेको कुरा सबै यात्रुले सुन्ने गरी सुनाइदिन्छ । नन्दिनीले घर गएर बालाई भन्दिन्छु भन्छिन् । नम्रता भने चुपचाप सिटमा बस्छिन् । गोविन्दसँग छुट्ने बेलामा एक हप्तापछिको शनिबार एघार बजे अस्पताल परिसरभित्र शिव मन्दिरमा भेट्ने योजना बनाएका हुन्छन् । एक हप्तापछि गोविन्द बिहानै आफ्नी प्रेमिका भेट्न आतुर भएर नौ बजे नै अस्पतालमा आएर बस्छ । खडानन्द जरुरी कामले चन्द्रगढी जाँदै गर्दा अस्पताल अगाडि गोविन्दलाई देखेर

तुरुन्तै घर फर्किन्छन् र नम्रतालाई घिस्याउँदै कोठामा थुनेर राख्छन् । नम्रता गोविन्दलाई भेट्न जान नपाउने भएपछि रुँदै बस्छिन् । अनि एकछिनमा पिसाबले च्याप्यो भनेर बाहिरका मान्छे सबैले सुन्ने गरी कराउँछिन् । सुन्नेहरुले उनीहरूको घर तिर हेर्दै जान्छन् । आमाले खाजा लगिदिँदा उल्टै प्लेट आमाको मुखमा फ्याकिदिन्छिन् । नन्दिनी पनि हैरान भएर 'त जन्मिनुभन्दा नजन्मिएकी भए यस्तो दुःख हुँदैनथ्यो भन्छिन् । दीकलाई एकपटक गोविन्द अस्पतालमै भए नभएको बुझ्न खडानन्दले पठाउँछन् । गोविन्द अस्पतालमा नै भएको खबर उसले लिएर आउँछ । नम्रतालाई त्यसदिन खाना पनि कोठामा नै दिन्छन् । भोलिपल्ट नम्रतालाई देखिन्छ कि भनेर उनको घरअगाडिको बाटोबाट हिँड्छन् । ऊ हिँडेको देख्दा खडानन्दलाई झन रिसको मात्रा बढेर आउँछ । नम्रताले पनि भोलिपल्ट झन चर्को विद्रोह सुरु गर्छिन् । हस्पिटल छेउका छिमेकीले सुन्ने गरी रुने-कराउने, चिच्याउने, कप-प्लेट, झर्के थाल, सजाएर राखेका सामानहरू निकाल्दै भुइँमा बजार्दै गर्न थाल्छिन् । पिसाबलाग्यो भनेर चिच्याउँछिन् । नम्रताको यस्तो व्यवहार सहन नसकेर खडानन्दले नम्रतालाई कपालमा समाएर लछारपछार पार्छन् । पिसाब लाग्दा समेत फेर्न नपाउनु भन्दै जवाफ फर्काउँछिन् । खडानन्दलाई जवाफ फर्काएको मन पर्दैन र रिसको आवेगमा उनले नम्रताको ढाडमा हल्लुँडले सुम्लै सुम्ला हुने गरी हिर्काउँछन् । बाबुको निर्मम कुटाइका कारण नम्रताले पिसाब छताछुल्ल छोडिदिन्छिन् । काठको पटाइबाट छिरेर पिसाब तल धानको ढुकुटीमा चुहिन्छ, त्यसपछि खडानन्दले नम्रतालाई जतिसुकै कराए पनि बाहिर कसैले नसुन्ने गरी खाली ढुकुटीमा लगेर थुन्छन् । नम्रताका लागि त्यो कालकोठरी थियो । घरेलु कालकोठरी ।

भेट्ने बाचा गरेर छुट्टिएकी नम्रतासँग भेट नहुँदा गोविन्द भित्रभित्रै पिल्सिन्छ । हरपल नम्रतालाई मात्र सम्झिरहन्छ,  साथीहरूसँग पनि खुलेर बोल्दैन । नम्रतासँग भेट हुन्छ कि भनेर स्कुल अगाडिको गेटमा गएर हेर्थ्यो तर सन्तोषलाई मात्र देखिन्थ्यो । उसले नम्रताका बारेमा सन्तोषलाई भेटेर सोध्न सक्दैन । अम्बिका पनि ऊदेखि तर्केर जान्थिन् । गोविन्दको मनमा झनै प्रेमको सागर उर्लिएर आउँथ्यो । एकदिन अम्बिकालाई गोविन्दले बाटो छेकेरै नम्रताका बारेमा सोध्दा उनी थुनामा परेको कुरा थाहा पाउँछ । बस्नेत काकालाई आफ्ना लागि नम्रताको हात मागिदिनु भनेर उनको घर धाइरहन्छन् । खडानन्दसँग गोविन्दका लागि नम्रता मागिदिने कुरा असम्भव भएका कारण उनले कुरा चलाउँदैनन् । गोविन्दलाई हुन्छ हुन्छ भन्दै टारिरहन्थे । आफ्नो गरिबी र हैसियतका कारण गोविन्द भित्रभित्रै जल्छन् । आफ्नो हैसियत बनाउन काम गरेर घर चन्द्रगढीमा बनाउन पाए नम्रतालाई ल्याउन पाइन्थ्यो भनेर सोच्छन् । खडानन्दलाई गोविन्द घरअगाडि हिँडिरहेको देख्दा उसले आफूलाई चुनौती दिएको ठान्छ र त्यस केटालाई जसरी भए पनि तह लगाउने सोच्छ । आफ्नो दैनिकी कार्य र राजनीति कार्य नै गोविन्दका कारण बिग्रन लागेकाले एकदिन बिहानै उठेर खडानन्द बाहिर निस्कन्छन् ।

नम्रताको दिन प्रतिदिन बढ्दै गएको आक्रोशित स्वभावका कारण नन्दिनीले नडियाबाट नन्द धनकलालाई बोलाउँछिन् र नम्रताका बारेमा सबै बेली बिस्तार लगाउँछिन् । धनकला नम्रतालाई हेर्न उसलाई थुनेर राखेको कोठामा जान्छिन् । नम्रता दिसापिसाब र घाउले गन्हाएकी हुँदा फुपुले पनि नजिक नआइज भन्छिन् । नम्रतालाई यसरी फुपुले घिनाएको देख्दा झनै रिस उठ्छ र मलाई गोविन्द बाहेक अरु कसैले माया गर्दैनन् भन्दै रुन्छिन् । त्यसरी कालकोठरीमा थुनिदा नम्रता फोहोरी भएकी हुन्छिन् । नन्दिनीले नन्दका सहयोगमा नम्रतालाई नुहाइ दिने गर्छिन् । यस्तो छोरीको पिर चिन्ता हुँदा पनि खडानन्द आगन्तुक पाहुनाको अगाडि भने अनुहारमा तनाव पटक्कै देखाउँदैनन् । एकपटक सिडियो आएका बेलामा पनि एक घण्टासँग गफ गरेर बस्छन् त्यसबेला पनि खडानन्द मुस्कान र अट्टाहास पूर्ण हाँसोमा कुराकानी गर्छन् । त्यो देख्दा छिमेकी समेत छक्क पर्थे । कालकोठरीमा बस्दाका दिनहरूमा नम्रताको बानी झनै बिग्रिदै अनौठो बनेको थियो । आमाले खाना लिएर जाँदा थाल बाहिर फ्याकिदिने, कहिले चुपचाप खान्थिन्, कहिले त्यसै छाडि दिन्थिन् तर हलीकी श्रीमती माइलीले खाना लगिदिँदा सफाचट पारेर खान्थिन् । राती सुत्ने बेलामा बाबु घरमा नभएको थाहा पाएपछि चुपचाप सुत्ने, अरु बेला भने भाडभैलो मच्चाउँथिन् । उनको मौन विद्रोह झनै बढ्दै जान्छ । नम्रताको संसार ढुकुटी भित्रको खुल्ला खापाबाट बाहिर जति देखिन्थ्यो त्यति मात्र थियो । कोही उनलाई भेट्न जान खोज्यो भने भोकाएको सिंहलेझैं मानिसहरूमाथि झम्टिन्थिन् । सामान्य अवस्थामा भएका बेलामा उनले जतनसाथ राखेको गोविन्दको प्रेमपत्र हेर्थिन् । जहाँ गोविन्दले आफ्नो अभाव र गरिबीका कारण प्रेम सफल पार्न नसेकेको र एकदिन आफू सक्षम भएर जसरी पनि मिलन हुन्छ भन्ने आशापूर्ण भावमा मायाका कुरा व्यक्त गरिएका थिए । अर्कोदिन खडानन्दले आफ्ना भान्जाभाइलाई भनेर राजगढ जान्छन् र राजगढमा पुगेर गोविन्दको घर सोध खोज गरेर पत्ता लगाउँछन् । गोविन्दको घरमा पुगेर उसका बाबुआमालाई आफ्नी छोरी स्कुल जाँदै गर्दा गोविन्दले जबरजस्ती गरेको आरोप लगाउँछ । उसलाई बेलैमा ठेगान लगाउनु नत्र आफैंले पुलिसमा लगेर थुनिदिन्छु भनेर धम्काएर त्यहाँबाट जान्छन् । गरिब र अशिक्षित गोविन्दका बाबुआमा छोरालाई पढ्न पठाएकामा पछुतो मान्दै रुवाबासी हुन्छ ।

खडानन्दको धम्कीले त्रसित भएर गोविन्दलाई हजुरआमा सिकिस्त बिरामी हुनुन्छ चाँडै घर जानु भन्ने खबर गोविन्दको साथीलाई पठाउँछन् । गोविन्द खबर पठाएको तीन दिनमा घरमा पुग्छ तर घरमा हजुरआमालाई केही नभएको देख्दा अचम्म मान्छ । घरमा पुगेर पनि कोही नबोल्दा गोविन्दलाई रिस उठ्छ र सबैले भाङ खाए कि क्या हो, भन्दै उनका बाबुले - “भाङ त तैंले पो खाएको थिइस् होला” भनेर भनेको सुन्दा गोविन्द झनै छक्क पर्छ । अनि खडानन्द घरमा आएर नम्रताको बलात्कार गर्न खोजेको आरोप लगाएर धम्काएको वास्तविकता थाहा पाउँछ ।

ठूलाठालुका छोरीलाई किन हात हालेको ?, घर परिवारको इज्जत र पाँचवटी दिदीबहिनीलाई सम्झनु पर्छ नि भन्दै बाबुले गाली गर्दा गोविन्दको मुटु जोडले उफ्रिन्छ । उसले त्यस्तो काम आफूबाट नभएको र उनीहरू बिचमा भएको प्रेमका बारेमा बताउँछ । नम्रताले पनि आफूलाई मरिहत्ते गर्ने कुरा बताएको हुन्छ । बाबुले धनीमानीका छोरी ताक्नु नै उसको गल्ती भएको र बाबुआमा र हजुरआमाको मुख हेर्ने भए त्यस केटीलाई बिर्सिदिनुपर्छ भन्दै गोविन्दलाई चेतावनी दिन्छन् । ज्यान मार्ने धम्की आएकाले गोविन्दलाई पढ्न पठाउँदैनन् । यता गोविन्दको हालत भने झन् झन् एकोहोरो हुन थालेको, गरिबी र अभावका कारण उसले आफ्ना सपनाहरू पुरा गर्न सक्दैन । बेला बखत खडानन्दले आफ्नो परिवारलाई गरेको अपमानजनक व्यवहार सम्झेर छट्पटाउँथ्यो आफू गरिब नभएको भए खडानन्दले तल्लो स्तरमा ओर्लेर हेप्ने हिम्मत गर्ने थिएनन् भनेर गोविन्दको मन पिरोलिन्छ । ऊ भोलिपल्ट आर्थिक अवस्थालाई केही उकास्न चन्द्रगढी गएर उसको झिटी गुन्टा र ट्युसन पढाएका पैसा लिएर त्यही पैसाले चारवटा चल्ला किनेर तिनको स्याहार गर्न थाल्छ । एकदिन बिहान एक महिला घरमा आएर आमासँग पहिले सापटी लिएको पैसा माग्न आउँछिन् । आमाले पैसा छैन पछि दिन्छु भन्दा ती महिला रिसाउँछिन् । गोविन्दलाई पनि उनीहरूको संवाद सुनिरहँदा भाउन्न हुन्छ र जुरूक्क उठेर जङ्गल तिर कसैलाई केही नभनी जान्छन् ।

नम्रताको अवस्थाले खडानन्द कति दिन देखि निदाउन सकिरहेका हुँदैनन् । एक दिन चिया दोकाने भाइ आएर खडानन्दलाई नम्रतालाई लिएर राँची लगेर उपचार गराउने सल्लाह दिन्छ । उनको सल्लाह खडानन्दलाई पनि ठिक लाग्छ र भान्जाभाइलाई साथमा लिएर नम्रताको उपचार गराउन राँची लिएर जान्छ । अस्पतालमा लिएर डाक्टरको सल्लाहअनुसार औषधी लिएर खान दिनु भनेर उनीहरू औषधी लिएर आउँछन् । राँचीबाट फर्केपछि नम्रतामा केही सुधार आउँछ । नम्रताको अवस्था सामान्य बन्दै गएपछि छोरीको विवाह गरिदिने कुरा गर्छन् । खडानन्दले छोरीको विवाह गरिदिन कुटुम्ब खोज्नका लागि घर र खेतीपातीको काम हली गोठालालाई जिम्मा लगाएर केटाको खोजीमा निस्किन्छन् । केटा खोज्न उनीहरू धेरै ठाउँमा खोजी हिँडछन् । एउटा केटो काँकरभिट्टा असमको क्रोक्राझारबाट आएको कुरालाई खडानन्दले ठिक मान्छन् र छोरीको कुरा गर्न आउनु भनी खबर पठाउँछन् । चैतको मध्यतिर खडानन्दको घरमा नम्रतासँग बिहेको कुरा गर्न खडानन्दको पञ्च साथी र त्यस केटा आउँछन् । उनीहरूले राम्रै स्वागत सत्कार गर्छन् । बिहेको कुरा सकारात्मक रूपमा अघि बढिरहेको हुन्छ । केटो साझो र भलाद्मी लागेर जनै सुपारी लिने साइतका बारेमा कुरा गर्छन् । केटाको साथीले एक पटक केटी हेर्ने भनेका हुन्छन् तर नम्रता तल नआइ माथि ढोकामा आग्लो लगाएर भित्रै बस्छिन् र उनीहरूलाई नम्रताको फोटो देखाइदिन्छन् । फोटो हेरेर केटाले बैशाख १५ गते भित्र विवाह गर्ने निर्णयमा कुरा मिल्छ । केटाले चैतमा गर्न

नमानेपछि तोकिएको समयमा जनै सुपारी लिन आउने वाचा सहित केटो पक्ष विदा हुन्छन् । त्यसपछि नम्रताले आमालाई आफू गोविन्द बाहेक अरुसँग बिवाह नगर्ने कुरा बताउँछिन् । खडानन्दले गोविन्द मरिसकेको कुरा भनिदिँदा नम्रता कोठामा गएर खाने गरेको औषधी फ्यालिदिन्छिन् । नम्रतालाई बाबुले साँच्चै मारे भन्ने लाग्छ र फेरी उनको मानसिक अवस्थामा विचलन आउँछ । त्यसपछिका दिनहरूमा नम्रताको अवस्था झन धेरै बिग्रिन पुग्छ । उनी स्वयं त निदाउँन सक्दिनथिन् सँगै अरु छिमेकीलाई समेत सुत्न नदिने गरी उग्र मच्चाउने गर्थिन् तर कोही छिमेकी पनि खडानन्दको घरमा गएर उनलाई सम्झाउने चेष्टा गर्न सक्दैनन् । नम्रताको हालत बिग्रेपछि अहिले छोरीको बिहे नगर्ने भयौँ भनेर केटा पक्षलाई खबर पठाउँछन् । नम्रता रातिराति रुने कराउने गर्न थाल्छिन् र रुँदारुदाँ थाकेपछि भने गाउँमा शान्ति हुन्थ्यो ।

गोविन्दलाई एक दिन काठ तस्करी गरेको अभियोगमा पुलिसले थानामा राख्छ । राजगढका विद्यालयका हेडमास्टर गएर उनलाई थानाबाट छुटाउँछन् । गोविन्दका सबै कुरा सुन्न हेडमास्टर त्यो दिन आफैसँग राख्छन् र सबै कुरा सुनिसकेपछि विद्यालयमा गणित पढाउने शिक्षकको पद खाली भएकोले उसलाई आफ्नै विद्यालयमा नियुक्ति मिलाइदिन्छन् । गोविन्दले पढाउने काम सुरु गरेपछि ऊ र उसका परिवारलाई हेर्ने नजर फेरिन्छ । गोविन्दले जीवनमा केही गर्नुपर्छ भनेर आफ्नो कामप्रति इमान्दारी भएर राम्रो काम गर्दै जान्छन् । उता नम्रताको हालत दिन प्रतिदिन बिग्रँदै गएको हुन्छ । उनी दिसाबपिसाब खेलाउने, 'मेरो प्यारो गोविन्द' भन्दै भूँइमा लेखिरहेका बेला खडानन्दको कठालो समातेर "मेरो गोविन्दलाई तिमरले मार्यौ । उसको घर गएर तिमेरको छोरालाई तह लगाएनौ भने ठीक हुँदैन, म जे पनि गर्दिन सक्छु भनेर आउनु भयो हैन भन्दै भन्छिन् ।" नम्रताले यसरी सबै कुरा सरासर भनेको सुन्दा खडानन्द छक्क पर्दै यसलाई कतै देउता त आएन भनेर सोच्छन् । नम्रताको उपचारका लागि धामी लगाउनु पर्छ भन्ने सल्लाह गर्छन् तर छिमेकीले थाहा पाएर झन बदनाम हुन्छ भनेर त्यो कुरालाई कुरामै सीमित राख्छन् ।

नम्रताको अवस्था बिग्रिएपछि एकपटक काठमाडौँ लगेर उपचार गर्ने सल्लाह नन्दिनीले दिएकी तर खडानन्दले आफ्नो राजनीतिक प्रतिष्ठामा असर पर्ला भनेर काठमाडौँ लैजान मान्दैनन् । फेरी नम्रतालाई राँचीमा नै लैजान्छन् । तीन महिना राखेर उपचार गराएपछि उनको मानसिक रोग पूरै निको हुन्छ भनेर डाक्टरले भनेको तर खडानन्दले डेढ महिनामा नम्रताको अवस्था राम्रो हुँदै आएकोले गाउँमा राजनीतिक काम र खेतीपातीको काम धेरै भएकाले नम्रतालाई परा उपचार नगराइ लिएर आउँछन् । घरमा ल्याइसकेपछि नम्रता फेरि उस्तै हुन्छिन् । उस्तै रुने कराउने, भाडभैलो मच्चाएर कसैलाई सुत्न नदिने, बाबुको हप्कि र दप्किका कारण उनको रोग पूरै बल्झिन्छ । नम्रतालाई अब निंद्रा लाग्ने औषधी खुवाउने गर्छन् । औषधीले छोडेपछि रोइ कराइ गर्ने, त्यसपछि कडा औषधी खुवाउन थाल्छन् । औषधीले उनको ज्यान सुक्दै गइरहेको हुन्छ

औषधीले काम गर्न छोडेपछि घरमा नै डाक्टर बोलाएर सुइ लगाउन थाल्छन् । डाक्टर आउने जाने गर्दा अरुले के भन्लान् भनेर सुइ लगाउन आफैँ र छोराहरूले समेत सिकेर गर्न थाल्छन् । नम्रताको शरीर भरी घाउ, चोट र कपालमा जुम्रा परेर घिन लाग्दो भएपछि खडानन्द आफैँले ब्लेड लगाएर खौरि दिन्छन् । कपाल खौरिरहेका बेला उनी बुरुक्क उफ्रिने हुँदा टाउँकोमा गहिरो घाउ लाग्छ । घाउको उपचार गरेपछि घाउ त निको हुन्छ तर खत भने ठुलो रहन्छ । केही समयपछि नम्रताका दाजु र भाइ दुवैको बिवाह हुन्छ । त्यसपछि नम्रतालाई सुइ लगाउने जिम्मा उनीहरूले पाउँछन् । नम्रता भने अब इशारामा मात्र बोल्ने भएकी उनको बोली हराउँछ तर इशारामा पनि गोविन्दको नाम जप्दै बस्छिन् । गोविन्दले भने नम्रतासँग बिवाह गर्न सम्भव नभएपछि हेडमास्टरकै भाइको छोरीसँग बिवाह गर्छ । नम्रतालाई भने कालकोठरीमा नै राखिन्छ ।

नम्रताको घरपूर्व मेची नदीमा हजारौँ क्युसेन पानी बगिसक्यो, देशमा दुइ पटक राजनीतिक व्यवस्था परिवर्तन भयो । नम्रताका बाबुले पनि केही वर्ष एउटा पार्टीको झण्डाको ओत लागेर फेरी अर्को रङको झण्डा ओढ्न भ्याए । यसबेला खडानन्दको अठार बिघा जग्गा सुकुम्बासीले एकैरातमा कब्जा गरिदिए । सबै कुरा फेरिए पनि नम्रताको जीवन फेरिएन । उनी आफन्तहरूका लागि चाहेर पनि बिसाउन नमिल्ने बोझ भइन् । जिउँदो लाश भएर बाँचेकी नम्रता प्रति चिन्तित हुँदै आफन्त र छिमेकीहरू ‘मसिनो स्वरमा बिचरीले साह्रै दुःख पाई बरु बेलैमा काल आइदिएदेखि दुःख बिसाउँथी..।’ भनिरहेका हुन्थे तर शिक्षित समाज पनि पूरै मौन छ, मानौ त्यहाँ केही भएको छैन जस्तै । त्यहाँ पुग्दा छिमेकीहरूका कान धेरै दिनदेखि एकोहोरो शङ्ख फुकेको सुन्न आतुर भएर नम्रताको घरतिर हेर्दै मलामी जाने दिन कहिले आउला भनेर पर्खिरहेका छन् ।

### ४.२ फ्रेटागको पिरामिड अनुसार ‘नम्रता’ उपन्यासको कथानकको विकासक्रम

फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएको कथानकको विकासको अवस्थालाई चिनारी, सङ्घर्ष, चरम, सङ्घर्षह्रास र उपसंहार गरी ५ चरणमा चिनाउन सकिन्छ ।

नम्रता उपन्यासमा नम्रता स्कुल जाँदै गर्दा बाटोमा गोविन्दले रुमाल झरेछ भन्दै बोलाएर टिपेर दिनु र किशोरावस्थाको प्रेमको टुसा पलाउन सुरु भएको लाज र सरमले नबोल्ने नम्रता कल्पनामा भने गोविन्दकै समीप हुन्थिन् । नम्रताको मनमा किशोरावस्थाको प्रेमभावले मनले गोविन्दलाई नै सम्झिरहन थाल्नु सम्मको अवस्थालाई कथानकको चिनारीका रूपमा प्रस्तुत गरिएको छ ।


नम्रता र गोविन्दको भेटबाट झनै उनीहरूको प्रेमले दुवै छट्पटिन थाल्छन् । गोविन्द क्याम्पसबाट फर्किने र नम्रता स्कुल जाने समय एउटै हुन्छ । नम्रता जति कल्पनामा गोविन्दसँग मनका भावनाहरू पोखि रहेकी हुन्थिन् तर गोविन्दसँगको प्रत्यक्ष भेटमा भने उनी लाज र बाबु

खडानन्दका डरले नयनालाप मात्र हुन्थ्यो । डरलाई मायाको वेगले रोक्न सकेन विस्तारै उनीहरूको एक आपसमा कुराकानी अघि बढ्छ तर बाबु खडानन्दको नजर उनीहरूको प्रेमको दुस्मन बन्छ । नम्रता गोविन्दको साइकलमा चढेर स्कुल गएको कुरा थाहा पाउँछन् र नम्रतालाई कपालमा समातेर लछारपछार पारेर कुटेसम्मको अवस्थालाई कथानकको सङ्घर्ष विकासका रूपमा प्रस्तुत गरिएको छ ।

खडानन्दले जतिसुकै कडाभन्दा कडा बन्देज लगाए पनि नम्रता र गोविन्दको प्रेमलाई रोक्न सक्दैनन् । बाबुले नम्रतालाई शारीरिक यातना दिएर पनि उनी भित्रको किशोरावस्थाको प्रेम मर्दैन । घरबाट एक्लै हिँड्न रोक लगाएपछि नम्रताको साथी अम्बिकाको घरमा पढ्न हिँडेको भन्दै अम्बिकालाई पनि सँगै लिएर गोविन्दको डेरामा भेट्न जाने अनि मनका कुराहरू गर्छन् । यस्तो क्रमले छोरी बिँग्रिदै गएको देखेपछि नम्रतालाई घरमा ढोका थुनेर कुट्छन् । अनि छोरीलाई कालकोठरीमा बन्द गरेसम्मको अवस्थालाई कथानकको चरम विकासका रूपमा प्रस्तुत गरिएको छ ।

नम्रताले यातना पाएपछि उनले आफ्नो मानसिक अवस्था गुमाउँदै जान्छिन् । त्यसपछि खडानन्दले छिमेकीको सल्लाह बमोजिम भान्जाभाईलाई साथी लिएर नम्रताको उपचार गर्न राँची लिएर जान्छन् । त्यसपछि केही समय नम्रता सामान्य अवस्थामा आएकी र गाविन्दको घरमा खडानन्द पुगेर उसका परिवारलाई धम्की दिएर आएको र त्यसपछि गोविन्द घरमा नै गएर बस्न थालेको हुन्छ, खडानन्दले नम्रतालाई उस्तै रुखो व्यवहारले नम्रताको हालत पुनः खराब भएको र छर छिमेकी सबैको निद्रा बिगार्ने गरी रुन कराउन थालेकी उसलाई निद्रा लाग्ने सुइ लगाएर सुताउने गरेकोसम्मको कथानकलाई सङ्घर्षह्रासको रूपमा प्रस्तुत गरिएको छ ।

नम्रतालाई धेरै माया गर्ने गोविन्द आफ्नो अभाव र गरिबीका कारण धनीमानीकी छोरीलाई विवाह गर्न खडानन्दले नदिने भएपछि गोविन्द राजगढ गाउँमा नै शिक्षक भएर पढाउन सुरू गर्छ, हेडमास्टरकै भाइको छोरीसँग विवाह गरेर घर परिवारको बन्धनमा बाँधिन्छ, नम्रता भने कडा औषधिका कारण आफ्नो मानसिक अवस्था र बोली पनि गुमाउँछिन्, गोविन्दको नाम जप्दै आफ्ना बाबुआमाले गोविन्दलाई मारे भनेर रुँदै टाउँको भित्तामा ठोकाउने, जिउमा चिथारेर घाउ घाउ बनाउने, यसरी जिँउदो लास बन्न पुगेकी नम्रता र सबैले नम्रताको मृत्यु कामना गरेरको अवस्थासम्मको कथानकलाई उपसंहारको रूपमा प्रस्तुत गरिएको छ ।




### ४.३ 'नम्रता' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण

'नम्रता' पैंतीसभन्दा बढी पात्रहरूको प्रयोग गरी लेखिएको उपन्यास हो । उपन्यासमा प्रयुक्त सबै पात्रहरूको प्रवृत्ति स्वभाव फरक-फरक रहेको छ । यी सबै पात्रहरूले आ-आफ्नो स्थानमा रही महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । उपन्यासको कथानकीय भूमिकामा योगदान पुऱ्याउने प्रमुख र सहायक पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरी तलको तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको :

## 'नम्रता' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक तालिका

| क .सं | आधर | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्रहरू नाम | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशिल | स्थीर | व्यक्तिगत | वर्गगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | नम्रता | | + | + | | | + | | + | | + | | + | | + | |
| २ | खडानन्द | + | | | + | | | + | | + | + | | + | | + | |
| ३ | नन्दिनी | | + | | + | | + | | | + | | + | + | | + | |
| ४ | गोविन्द | + | | | + | | + | | | + | | + | + | | + | |
| ५ | अम्बिका | | + | | + | | + | | | + | | + | + | | + | |
| ६ | शारदा | | + | | | + | + | | | + | + | | + | | + | |
| ७ | धर्मानन्द | + | | | + | | + | | | + | | + | + | | + | |
| ८ | दीपक | + | | | + | | | + | | + | + | | + | | + | |
| ९ | सन्तोष | + | | | | + | + | | | + | | + | + | | | + |
| १० | धनकला | | + | | | + | | + | | + | | + | + | | | + |
| ११ | भान्जा भाई | + | | | + | | | + | | + | | + | + | | + | |
| १२ | माइली | | + | | | + | + | | | + | | + | + | | | + |
| १३ | रमेश | + | | | | + | + | | | + | | + | | + | + | |
| १४ | आनन्द | + | | | | + | + | | | + | | + | + | | | + |
| १५ | निलकण्ठ निरौला | + | | | + | | | + | | + | + | | + | | | + |
| १६ | उत्तम उप्रेती | + | | | | + | + | | + | | + | | + | | | + |
| १७ | युवक | + | | | | + | + | | | + | | + | | + | | + |
| १८ | अञ्जली | | + | | | + | + | | | + | | + | + | | + | |
| १९ | डाक्टर | + | | | + | | + | | | + | | + | + | | + | |
| २० | एस.एल शर्मा | + | | | | + | + | | + | | | + | | + | | + |

१. नम्रता

(क) स्त्री पात्र

लिङ्गका आधारमा नम्रता स्त्रीपात्र हुन् । उनी खडानन्द खड्का र ताराकुमारी की छोरी भएकोबाट यो कुरा स्पष्ट हुन्छ ।

(ख) प्रमुख पात्र

उपन्यासको सुरुदेखि अन्त्यसम्म नम्रताको महत्त्वपूर्ण उपस्थिति र चर्चा परिचर्चा देखिन्छ । किशोरावस्थामा हुने विपरीत लिङ्गी प्रतिको आकर्षण र प्रेमलाई नबुझ्ने बाबुआमाको चरम यातनालाई भोगेर जिउँदो लास बन्ने अवस्थामा उनको भूमिका महत्त्वपूर्ण रहेकाले उनी प्रमुख पात्र हुन् ।

(ग) अनुकूल पात्र

प्रवृत्तिका आधारमा नम्रता अनुकूल पात्र हुन् । नम्रताले बाबुआमाको यातना सहेर पनि गोविन्दलाई प्रेम गरिरहिन । आफूलाई माया गर्ने गोविन्दलाई उनले मानसिक अवस्था गुमाएको बेला पनि उसैलाई सम्झिरहेकी । नम्रताले बोली, मानसिक अवस्था, शारीरिक तन्दुरुस्ती, यौवनावस्था सबै गुमाएकी तर गोविन्दको सम्झना नगुमाएकीले उनी अनुकूल पात्र हुन् ।

(घ) गतिशील पात्र

स्वभावका आधारमा नम्रता गतिशील पात्र हुन् । उनी पहिले लजालु स्वभावकी कोही कसैले बोलाउँदा पनि लाजले नबोल्ने, केटाहरूसँग बोल्नुभन्दा नदेखेझैँ गर्दै हिँड्ने उनी विस्तारै गोविन्दसँग बोल्ने, बाबुआमाको आँखा छलेर पनि गोविन्दलाई भेट्न जाने, बाबुको यातानाको मौन विद्रोह गरिरहेको देखिन्छ । त्यसैले नम्रता गतिशील पात्र हो ।

(ङ) वर्गगत पात्र

जीवन चेतनाका आधारमा नम्रता वर्गगत पात्र हुन् । किशोरावस्थामा हुने प्रेमको आकर्षणमा उनमा भएको र गोविन्द प्रतिको उसको प्रेम, त्यस अवस्थामा विपरीत लिङ्गी प्रति हुने प्रेमको आकर्षण उनमा पनि भएको देखिन्छ । नम्रता सम्पूर्ण किशोरीहरूको प्रतिनिधि पात्र भएकाले उनी वर्गीय पात्र हुन् ।

(च) मञ्चीय पात्र

नम्रता उपन्यासको प्रमुख पात्र भएकै कारण उनले उपन्यासमा सुरुदेखि नै प्रत्यक्ष रूपमा क्रियाशील भई उपस्थित भएकीले गर्दा आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

(छ) बद्ध पात्र

आबद्धताका आधारमा नम्रता बद्ध पात्र हुन् । उपन्यासको सम्पूर्ण कथानक उनकै सेरोफेरोमा भएको र उपन्यासको शीर्षक पनि उसकै नामबाट हुनुले पनि उनी बद्ध पात्र हुन् भन्न सकिन्छ ।

**२. खडानन्द**

(क) पुरुष पात्र

लिङ्गका आधारमा खडानन्द पुरुष पात्र हो । ऊ नम्रताको बाबु साथै दीपक र सन्तोषका पनि बाबु तथा नन्दिनीको श्रीमानको रूपमा प्रस्तुत गरेको हुनाले उसलाई पुरुष पात्रका रूपमा चिनाउन सकिन्छ ।

(ख) सहायक पात्र

खडानन्द उपन्यासको प्रमुख पात्र नम्रतासँग उपन्यासको कथावस्तु अगाडि बढाउन सहयोग गर्दै उपन्यासको सुरुदेखि अन्त्यसम्म खलनायकको रूपमा महत्त्वपूर्ण भूमिकामा देखा परेको छ , त्यसैल ऊ कार्यका आधारमा मुख्य सहायक पात्र हो ।

(ग) प्रतिकुल पात्र

खडानन्द प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । नम्रतालाई केटासँग बोलेको, हाँसेको भनेर कुटपिट गरेको र नम्रताले त्यही कुटाइ तथा यातनाका कारण आफ्नो मानसिक अवस्था गुमाएर जिउँदो लास बन्ने अवस्थामा पुऱ्याएका कारण ऊ प्रतिकूल पात्र हो ।

(घ) स्थिर पात्र

स्वभावका आधारमा खडानन्द स्थिर पात्र हो । पुरानो तामसी व्यवहारका खडानन्दले सामाजिक राजनीतिक इज्जत र प्रतिष्ठा जोगाउन नम्रतालाई कोठामा थुनेर कुट्ने, गरिबलाई मान्छे नै नठान्ने, किशोरीवस्थाकी छोरीलाई सम्झाएर समस्याको समाधान हुन्छ भन्ने थाहा पाउँदा पनि उसले केही गर्न नसकेको, छोरीको उपचार गराउन हस्पिटल लैजाँदा पनि राजनीतिक प्रतिष्ठामा असर पर्ला भनेर आफ्नी छोरीलाई जिउँदो लास बन्दा पनि चुपचाप बसेका हुनाले खडानन्द स्थिर पात्र हो ।

(ङ) व्यक्तिगत पात्र

जीवन चेतनाका आधारमा खडानन्द व्यक्तिगत पात्र हो । आफ्नो प्रतिष्ठा जोगाउने नाममा छोरीलाई जिउँदो बनाएको आफूभित्र जतिसुकै ठूलो पीडा भए तापनि केही नभएकोझैं गर्दै अन्य

आगन्तुकहरूका सामु हाँसो मिसाएर कुराकानी गर्न सक्ने आफ्नो पीडा तुरुन्तै लुकाउन सक्ने ऊ नितान्त व्यक्तिगत पात्र हो ।

(च) मञ्चीय पात्र

खडानन्द उपन्यासको कथानक अगाडि बढाउने क्रममा प्रत्यक्ष उपस्थित भएर प्रत्यक्ष संवाद, नम्रतालाई कुटपिट गरेको राजनीतिक सामाजिक मुद्दा मामिला झगडा गरेको हुनाले ऊ मञ्चीय पात्र हो ।

(छ) बद्ध पात्र

आबद्धताका आधारमा खडानन्द बद्ध पात्र हो । उपन्यासको अधिकांश स्थानमा उसको उपस्थित हुनु र ऊ कथानकमा बाँधिएको हुनाले उसलाई कथानकबाट झिक्न मिल्दैन । नम्रताको जीवनलाई सामाजिक, शारीरिक र मानसिक सबै अवस्थाबाट रोगी बनाउनुमा उसको मुख्य भूमिका रहेको छ, त्यसैले ऊ बद्ध पात्र हो ।

**३. नन्दिनी**

(क) स्त्री पात्र

नन्दिनी उपन्यासको प्रमुख पात्र नम्रताकी आमा र खडानन्दकी श्रीमती, घरको भात भान्सामा दिनरात खट्ने उनी दुई छोरा र एक छोरीको आमा भएबाट उनी स्त्री पात्र हुन् ।

(ख) सहायक पात्र

कार्यका आधारमा सहायक पात्रका रूपमा देखा परेकी नन्दिनी सहायक पात्र हुन् । उनले खडानन्दको आदेश र निर्देशनमा छोरीको निगरानी गरेर छोरीलाई गोविन्दले प्रेम पत्र पठाएको कुरा खडानन्दलाई सुनाइदिएकी र त्यसै कारण नम्रताले बेहोस हुनेगरी पिटाइ खाएकी हुँदा नम्रताको मानसिक अवस्था बिग्रनुमा नन्दिनीको पनि भूमिका रहेकाले पनि उनलाई सहायक पात्र हुन् भन्न सकिन्छ ।

(ग) अनुकूल पात्र

प्रवृत्तिका आधारमा नन्दिनी अनुकूल पात्र हुन् । खडानन्दले आफूलाई कुटपिट गर्दा समेत विरोध नगरी सहेर बस्ने र श्रीमानको आज्ञा पालना गर्न आफ्नो ज्यानको पनि वास्ता नगरी काम गरिरहनाले उनलाई उपन्यासमा अनुकूल पात्रका रूपमा देखाइएको छ ।

(घ) स्थिर पात्र

स्वभावका आधारमा नन्दिनी स्थिर पात्र हुन् । आफूलाई र छोरीलाई बाबुले यातना दिएको सहेर हेरिरहेकी त्यसको कुनै पनि विरोध गर्न नसकेकी र किशोरी अवस्थाकी छोरीलाई सम्झाएर बुझाएर परिवर्तन गर्न नसकेकीले उपन्यासमा उनको भूमिका अन्त्यसम्म नै एउटै भएकाले नन्दिनी स्थिर पात्र हो ।

(ङ) वर्गगत पात्र

उपन्यासमा नन्दिनीले धनी ठूलाठालु सामन्ती समाजका श्रीमतीले श्रीमानका कुरा र निर्देशनलाई चुपचाप सहेर पालना गर्नुपर्ने नारीहरूको प्रतिनिधित्व गरेकी छिन् । नारी दयालु सहयोगी हुन्छन् । नन्दिनीले पनि छिमेकीको भान्सामा नुन तेल सकिँदा लुकाएर अरुको गर्जो टारिदिने सहयोगी नारीका रूपमा प्रस्तुत भएकाले नन्दिनी जीवनचेतनाको दृष्टिमा वर्गगत पात्र हो ।

(च) मञ्चीय पात्र

नन्दिनी उपन्यासमा मञ्चीय पात्रका रूपमा देखापरेकी छिन् । उपन्यासमा उनको उपस्थिति प्रत्यक्ष देखिन्छ । संवाद र वार्तालापमा प्रत्यक्ष संलग्न भएर उनले कथानकलाई अगाडि बढाएको देखिन्छ ।

(छ ) बद्ध पात्र

आबद्धताका आधारमा नन्दिनी बद्ध पात्र हो । कथानकभित्र नन्दिनी बाँधिएकी छिन् । नम्रता जिउँदो लास बन्न पुग्नुमा नन्दिनीको पनि प्रत्यक्ष भूमिका रहेकोले यस चरित्रलाई झिक्दा उपन्यासको संरचना भत्किन सक्छ त्यसैले नन्दिनी बद्ध पात्र हो ।

**४. गोविन्द**

(क) पुरुष पात्र

लिङ्गका आधारमा गोविन्द पुरुष पात्र हो । नम्रताको प्रेमी र पाँच जना दिदीबहिनीको माइती भएको कुराबाट उसलाई उपन्यासमा पुरुष पात्रका रूपमा चिनाउन सकिन्छ ।

(ख) सहायक पात्र

गोविन्द उपन्यासमा सम्पन्न कार्यका आधारमा सहायक पात्र हो । नम्रताको जीवनमा माया र प्रेम उब्जाएर उपन्यासको कथानकलाई अगाडि बढाएको हुँदा ऊ सहायक पात्र हो ।

गोविन्द नायक भएको तर उसले नायकको भूमिका पूर्ण रूपमा पालन गर्न नसेको हुँदा उसलाई प्रमुख पात्रका रूपमा चिनाउन सकिँदैन ।

(ग) अनुकूल पात्र

प्रवृत्तिका आधामा गोविन्द अनुकूल पात्र हो । उपन्यासको आदिदेखि अन्त्यसम्म नै उसको भूमिका सकारात्मक भएकाले गोविन्द अनुकूल पात्र हो ।

(घ) स्थिर पात्र

स्वभावका आधारमा गोविन्द स्थिर पात्र हो । उपन्यासमा ऊ नायक भएर पनि आफ्नो माया पाउनका लागि धनी अभिमानी खडानन्दको विरोध गर्न नसकेको उल्टै बाबुआमालाई धम्की दिएका कारणले त्यसको विरोध नगरी पढाइ छाडेर घरमा गएर बसेकाले, उपन्यासमा उसको भूमिका स्थिर रहेकाले गोविन्द स्थिर पात्रका हो ।

(ङ) वर्गगत पात्र

जीवनचेतनाका आधारमा गोविन्द वर्गगत पात्र हो । गरिबीका कारण राम्रो बिषय पढ्न नसक्ने, अभावपूर्ण जीवनका कारण आफ्नो मायालाई प्राप्त गर्न नसक्ने सम्पूर्ण युवाहरूको प्रतिनिधिका रूपमा गोविन्दको भूमिका रहेकाले ऊ वर्गगत पात्र हो ।

(च) मञ्चीय पात्र

गोविन्द उपन्यासमा उपस्थित भएर नम्रतासँगको भेट गरेर संवाद र वार्तालापमा संलग्न देखिएकोले छ । खडानन्दले नम्रता र गोविन्दसँगसँगै कुराकानी गरेको देखेर नम्रतामाथि कडाभन्दा कडा नजरबन्दी लागेको घटनाले पनि गोविन्दलाई उपन्यासको मञ्चीय पात्रका रूपमा चिनाउन सकिन्छ ।

(छ) बद्ध पात्र

आबद्धताका आधारमा गोविन्द बद्ध पात्र हो । कथानकभित्र गोविन्द बाँधिएको छ । नम्रताको जीवनमा प्रेमको अनुभव हुनु प्रेम गरेका कारण बाबुआमाबाट चरम यातना भोग्नु परेको यो सबै घटनाको कारक पात्र गोविन्द भएकाले उसलाई बद्ध पात्रका रूपमा चिनाउन सकिन्छ ।

**५.अम्बिका**

(क) स्त्री पात्र

लिङ्गका आधारमा अम्बिका स्त्री पात्र हो । ऊ नम्रताकी साथी हो ।

(खं) सहायक पात्र

कार्यका आधारमा अम्बिका सहायक पात्र हो । नम्रताकी साथी भएर पनि अम्बिकाले पनि गोविन्दसँग भेट गर्नमा र प्रेम पत्र ओसार्ने काममा सघाएकी छ । उपन्यासमा खेलेको भूमिकाका आधारमा अम्बिकालाई सहायक पात्रका रूपमा राख्न सकिन्छ ।

(ग) अनुकूल पात्र

प्रवृत्तिका आधारमा अम्बिका अनुकूल पात्र हो । उपन्यासको कथानकमा उसको भूमिका सकारात्मक भएकाले अम्बिका अनुकूल पात्र हो ।

(घ) स्थिर पात्र

स्वभावका आधारमा अम्बिका स्थिर पात्र हो । उपन्यासमा उसको भूमिका एकै किसिमको रहेको छ ।

(ङ) वर्गगत पात्र

स्वभावका आधारमा अम्बिका वर्गगत पात्र हो । नम्रताकी साथी अम्बिका हो । अरु केटीले जस्तै आफ्नी साथीलाई गर्ने सहयोग गर्ने पात्रका रूपमा रहेकीले ऊ वर्गगत पात्र हो ।

(च) मञ्चीय पात्र

अम्बिकाको भूमिका उपन्यासमा प्रत्यक्ष देख्न सकिन्छ । नम्रतासँगको संवाद र कुराकानीका आधारमा ऊ मञ्चीय पात्र हो ।

(छ) बद्ध पात्र

अम्बिका सहायक पात्रका रूपमा उपन्यासमा उसको भूमिका पनि महत्त्वपूर्ण देखिएकाले ऊ बद्ध पात्र हो ।

**६.शारदा**

(क) स्त्री पात्र

लिङ्गका आधारमा शारदा स्त्री पात्र हो । नम्रताका साथीहरूमा अम्बिकासँगै शारदा पनि हुन् ।

(ख) गौण पात्र

कार्यका आधारमा शारदा गौण पात्र हो । उपन्यासमा उसको भूमिका गौण रूपमा रहेको देखिन्छ । नम्रताको साथी भए तापनि उसको भूमिका खासै महत्वपूर्ण नरहेकाले शारदा गौण पात्र हो भनी चिनाउन सकिन्छ ।

(ग) अनुकूल पात्र

प्रवृत्तिका आधामा शारदा अनुकूल पात्र हो । उपन्यासको कथानकमा उनको भूमिका सकारात्मक भएकाले शारदा अनुकूल पात्र हो ।

(घ) स्थिर पात्र

स्वभावका आधारमा शारदा स्त्री पात्र हो । उपन्यासमा उसको भूमिका एकै किसिमको रहेको छ ।

(ङ) व्यक्तिगत पात्र

स्वभावका आधारमा शारदा व्यक्तिगत पात्र हो । शारदा नम्रताकी साथी भएर पनि अरु केटीले जस्तो मिल्ने साथीलाई गर्नुपर्ने कुनै सहयोग उसले नगरेकाले ऊ व्यक्तिगत पात्र हो भन्न सकिन्छ ।

(च) मञ्चीय पात्र

शारदाको भूमिका उपन्यासमा प्रत्यक्ष देख्न सकिन्छ । नम्रतासँगको संवाद र कुराकानीका आधारमा ऊ मञ्चीय पात्र हो ।

(छ) बद्ध पात्र

उपन्यासमा शारदाको भूमिका गौण देखिए पनि उसलाई नम्रताको साथीको भूमिकामा उपस्थित गराएकाले ऊ बद्ध पात्र हो ।

**७) धर्मानन्द**

(क) पुरुष पात्र

लिङ्गका आधारमा धर्मानन्द पुरुष पात्र हो । ऊ खडानन्दको भाइ र उपन्यासकी प्रमुख पात्र नम्रताको काका भनिएकाले धर्मानन्दलाई पुरुष पात्र हो भनी चिनाउन सकिन्छ ।

(ख) सहायक पात्र

धर्मानन्द यस उपन्यासको सहायक पात्र हो । उसको भूमिका यस उपन्यासमा सहायकको रूपमा रहेको छ । नम्रताको मानसिक अवस्था र व्यावहार बिग्रिएका बेलामा उनलाई आफ्नै घरमा राखेर माया र नम्र व्यवहारका कारण नम्रताको अवस्था राम्रो भएको साथै पढाइमा पनि प्रगति भएको हुनुमा धर्मानन्दको पनि केही उल्लेख्य भूमिका रहेकाले उपन्यासमा खेलेको भूमिकाका आधारमा उनलाई सहायक पात्रको कोटीमा राख्न सकिन्छ ।

(ग) अनुकूल पात्र

प्रवृत्तिका आधारमा धर्मानन्द अनुकूल पात्र हो । उपन्यासमा उनको भूमिका सकारात्मक रहेको छ । खडानन्दको भाइ धर्मानन्द भए पनि खडानन्दभन्दा निकै फरक स्वभावका थिए धर्मानन्द । पढेलेखेका र किशोर किशोरीहरुलाई उमेरअनुसार कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराको ज्ञान भएका उनले नम्रता कक्षा नौमा फेल भएपछि आफ्नो घरमा राखेर पढाउँछन् । यस कारण धर्मानन्द अनुकूल पात्र हुन् ।

(घ) स्थिर पात्र

धर्मानन्द उपन्यासमा स्थिर पात्रका रूपमा देखापरेका छन् । नम्रतालाई आफ्नै दाजुले कठोरभन्दा कठोर यातना दिएको कुरा थाहा हुँदा पनि उनले विरोध गर्न सक्दैनन् ।

(ङ) वर्गगत पात्र

धर्मानन्द वर्गगत पात्र हुन् । छोराछोरीलाई उनीहरुको भावनाअनुसार व्यवहार गर्ने सम्पूर्ण बाबुहरूको प्रतिनिधित्व धर्मानन्दले गरेका छन् ।

(च) मञ्चीय पात्र

उपन्यासमा धर्मानन्दको भूमिका थोरै भए तापनि उनको उपस्थिति प्रष्ट देख्न सकिन्छ । नम्रतालाई आफ्नो घर लिएर गएको र खडानन्दसँगको उनको संवाद भएको देखिएकाले उनी मञ्चीय पात्र हुन् ।

(छ) बद्ध पात्र

प्रस्तुत उपन्यासमा धर्मानन्द बद्ध पात्र हो । उसले छोराछोरीलाई राम्रो व्यावहार र माया ममता दिँदा उनीहरुको आचरण राम्रो हुन्छ, भन्ने कुराको पुष्टि मानसिक अवस्था गुमाउन लागेकी नम्रतालाई आफ्ना घरमा राखेर माया ममता र नम्र व्यवहार गरेका कारण उनी सामान्य अवस्थामा फर्केकी थिइन् । त्यसैले धर्मानन्दलाई बद्ध पात्रका रूपमा चिनाउन सकिन्छ ।

## ८. दीपक

(क) पुरुष पात्र

लिङ्गका रूपमा दीपक पुरुष पात्र हो । खडानन्द र नन्दिनीको जेठो छोरा र नम्रताको दाजुका रूपमा उपस्थित भएकाले उसलाई पुरुष पात्रका रूपमा चिनाउन सकिन्छ ।

(ख) सहायक पात्र

दीपक उपन्यासको ठाउँ ठाउँमा थोरै भूमिकामा रहे तापनि महत्त्वपूर्ण भूमिकाको रूपमा रहेको हुनाले उसलाई सहायक पात्रका रूपमा चिन्न सकिन्छ ।

(ग) प्रतिकूल पात्र

प्रवृत्तिका आधारमा दीपक प्रतिकूल पात्र हो । नम्रताका बारेमा एक एक खबर बाबु खडानन्दलाई सुनाएर बहिनीलाई कुटाइ खुवाउने काम गरेको र विद्यालय नगई केटाहरूसँग बाहिर खेलेर बस्ने, पढाइमा ध्यान नदिने जस्ता भूमिका आधारमा उपन्यासमा उसलाई प्रतिकूल पात्रका रूपमा चिनाउन सकिन्छ ।

(घ) स्थिर पात्र

दीपक स्वभावका आधारमा स्थिर पात्र हो । उपन्यासमा उसको भूमिकामा कुनै परिवर्तन नभएकाले दीपकलाई स्थिर पात्रका रूपमा चिनाउन सकिन्छ ।

(ङ) व्यक्तिगत पात्र

उपन्यासमा दीपक व्यक्तिगत पात्र हो । ऊ सुस्त श्रवण भएर पनि नम्रताले गोविन्दसँग भेटेको कुराको पोल बाबुलाई एक एक सुनाइदिन्छ र आफ्नै बहिनीलाई बाबुले पिट्दा पनि उसले मायादया नदेखाएकाले उपन्यासमा दीपकलाई व्यक्तिगत पात्रका रूपमा चिनाउन सकिन्छ ।

(च) मञ्चीय पात्र

उपन्यासमा दीपक मञ्चीय पात्र हो । नम्रताले गल्ती गरेको कुरा खडानन्दलाई सुनाएर बाबुलाई उसले कुट्न सिर्कना लगेर दिएको जस्ता दृश्यका आधारमा उपन्यासमा दीपकलाई मञ्चीय पात्रका रूपमा चिनाउन सकिन्छ ।

(छ) बद्ध पात्र

आबद्धताका आधारमा दीपक बद्ध पात्र हो । ऊ उपन्यासको कथानकमा बाँधिएको छ । उपन्यासको कथानकबाट झिक्दा उपन्यासको संरचनामा असर पर्ने भएकाले दीपकलाई बद्ध पात्रका रूपमा चिनाउन सकिन्छ ।

**९. धनकला**

(क) स्त्री पात्र

लिङ्गका आधारमा धनकला स्त्री पात्र हो । नम्रताको फुपू भनिएकाले ऊ स्त्रीपात्र हो ।

(ख) गौण पात्र

यस उपन्यासमा धनकला गौण पात्र हो । नम्रताको मानसिक अवस्था विग्रिएपछि उनलाई भेट्न गएकी हुनाले धनकलाई गौण पात्रका रूपमा चिन्न सकिन्छ ।

(ग) प्रतिकूल पात्र

प्रवृत्तिका आधारमा धनकला प्रतिकूल पात्र हो । नम्रताको अवस्थामा उनले पनि मायाको साटो घृणा दिएकी र छिः छिः र दुरदुर गरेर नम्रता भित्रको मौन विद्रोहलाई बाहिर ल्याउन धनकलाको भूमिकाले पनि सहयोग गरेको छ, त्यसैले उनलाई उपन्यासमा प्रतिकूल पात्रका रूपमा चिनाउन सकिन्छ ।

(घ) स्थिर पात्र

स्वभावका आधारमा धनकला स्थिर पात्र हो । नम्रतालाई राम्रो व्यवहार गर्न सक्दिनन् र किशोरावस्थाका केटाकेटीलाई गर्नुपर्ने व्यावहार उनले पनि गर्दिनन् । त्यसैले धनकलालाई उपन्यासमा स्थिर पात्रका रूपमा चिनाउन सकिन्छ ।

(ङ) वर्गगत पात्र

जीवन चेतनाका आधारमा धनकला वर्गगत पात्र हो । उसले मानसिक अवस्थामा गुज्रिएको व्यक्तिलाई बिचरा भनी च्वःच्व गर्दै हेरेर मात्र बस्ने व्यक्तिहरुको प्रतिनिधित्व गरेको देखिन्छ ।

(च) मञ्चीय पात्र

धनकला उपन्यासमा उपस्थित भएर संवाद र वार्तालापमा संलग्न देखिएकाले धनकलालाई उपन्यासमा मञ्चीय पात्रका रूपमा चिनाउन सकिन्छ ।

(छ) मुक्त पात्र

आबद्धताका आधारमा धनकला मुक्त पात्र हो । उपन्यासको कथानकबाट धनकलालाई झिकिदिँदा पनि कथानकमा कुनै असर नपर्ने भएकाले ऊ मुक्त पात्र हो ।

**१०. भान्जाभाइ**

(क) पुरुष पात्र

लिङ्गका आधारमा भान्जाभाइ पुरुष पात्र हो । उपन्यासको कथानकमा खडानन्दको भान्जाका रूपमा उपस्थित भएकाले ऊ पुरुष पात्र हो ।

(ख) सहायक पात्र

कार्यका आधारमा भान्जाभाइ सहायक पात्रका रूपमा देखिएको छ । उपन्यासमा खेलेको भूमिकाका आधारमा उसलाई सहायक पात्रको कोटीमा राख्न सकिन्छ । उसले नम्रताको उपचार गराउन लैजानमा खडानन्दलाई सहयोग गरेको साथै गोविन्दलाई चन्द्रगढीबाट आफ्नो घर फर्किन बाध्य बनाएको छ ।  त्यसैले ऊ सहायक पात्र हो ।

(ग) प्रतिकूल पात्र

प्रवृत्तिका आधारमा भान्जाभाइ प्रतिकूल पात्र हो । भान्जाभाइ उपन्यासमा खल पात्रका रूपमा उपस्थित भएको देखिन्छ । खडानन्दसँग गोविन्दको घरमा गएर उसका बाबुआमालाई धम्की दिएको र गोविन्दलाई मारिदिनेसम्मको धम्की दिएका जस्ता कार्यले ऊ प्रतिकूल चरित्र भएको पात्र हो भन्न सकिन्छ ।

(घ) स्थिर पात्र

स्वभावका आधारमा भान्जाभाइ स्थिर पात्र हो । उसको भूमिका उपन्यासको कथामा एकै किसिमको रहेकाले भान्जाभाइ स्थिर पात्र हो ।

(ङ) वर्गगत पात्र

यस उपन्यासमा भान्जाभाइ वर्गगत पात्रका रूपमा देखापरेको छ । अरुलाई धम्काएर आफ्नो काम गर्ने गुन्डाहरुको प्रतिनिधिका रूपमा ऊ वर्गीय पात्र हो ।

(च) मञ्चीय पात्र

भान्जाभाइ उपन्यासमा थोरै थोरै भागमा मात्र उपस्थित देखिन्छ । ऊ उपन्यासको सहायक पात्र भएकोले संवाद र वार्तालापमा थोरै मात्र सरिक भएको पाइन्छ । उपस्थित भएर दृश्य रूपमा आएकाले ऊ मञ्चीय पात्र हो ।

(छ) बद्ध पात्र

भान्जाभाइ आबद्धताका आधारमा बद्ध पात्र हो । ऊ उपन्यासको कथानकमा बाँधिएकाले उसलाई कथानकबाट झिक्दा उपन्यासमा असर पर्दछ, त्यसर्थ ऊ बद्ध पात्र हो ।

### ४.४ विचलन र समानान्तरताको आधारमा 'नम्रता' उपन्यासको विश्लेषण

'नम्रता' उपन्यासको शैलीवैज्ञानिक भाषिक विश्लेषण गर्ने क्रममा यस परिच्छेदमा विचलन र समानान्तरतालाई विश्लेषण गरिएको छ । यस उपन्यासमा प्रयुक्त विचलन अन्तर्गत कोशीय विचलन, व्याकरणात्मक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, अर्थतात्त्विक विचलन र समानान्तरतालाई विश्लेषण गरिएको छ ।

#### ४.४.१ विचलन

मानकको अतिक्रमण वा उलङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९ : ८) । मानक भाषाको प्रयोगबाट रड्किनु, चिप्लनु वा विचलित हुनुलाई निरुद्देश्य र निर्धक्क नभई सोद्देश्य र सार्थक हुनु जरुरी छ, (पौडेल, २०६९ : ५०) । यसलाई शैलीविज्ञानमा अग्रभूमि निर्माणको एक स्वरुप मानिन्छ । पारस्परिक प्रयोग माथिको अतिक्रमणले नियमित प्राप्त हुने अर्थभन्दा विशिष्ट अर्थ प्राप्त गर्न सक्छ । परम्परागत भाषिक मान्यतालाई छोडेर नयाँ शैलीगत संरचना विचलनले प्रस्तुत गर्दछ । त्यसैले रचनाकारले आफ्नो कृतिमा भाषिक अभिव्यक्तिलाई कलात्मक रुपबाट प्रस्तुत गर्नका लागि विचलनलाई अपनाएको हुन्छ । विचलन भाषाका विभिन्न एकाइमा पाउन सकिन्छ । विचलनले व्याकरणलाई मात्र प्रभाव नपारी शब्द भण्डार, अर्थ र समग्र शैलीलाई समेत प्रभाव पारेको हुन्छ । सामान्यतः भाषामा कोशीय विचलन, व्याकरणिक विचलन र अर्थगत विचलन देखा पर्दछन् । यस्तो किसिमको विचलनले भाषालाई सुन्दर र कलात्मक बनाउँछ । शैलीविज्ञानले भाषिक विचलनका निम्नलिखित स्वरुप वा अवस्था देखाएको छ :

(क) कोशीय विचलन

(ख) व्याकरणिक विचलन

(ग) ध्वनि प्रक्रियागत विचलन

(घ ) लेख्य प्रक्रियागत विचलन

(ङ) भाषिक विचलन

(च) प्रयुक्ति विचलन

(शर्मा, २०५९:२१)

(**क**) **कोशीय विचलन**

सामान्यतया प्रयोगमा नरहेका र शब्दकोशमा समावेश नभएका नयाँ शब्दहरूको प्रयोग नै कोशीय विचलन हो वा शब्दकोशमा प्रयोग नभएका तथा सामान्य भाषिक प्रयोगमा नआएका नयाँ शब्दहरूको प्रयोग नै कोशीय विचलन हो । 'नम्रता' उपन्यासमा पनि कोशीय विचलनको प्रयोग पाउन सकिन्छ । जसलाई निम्न उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

अ) **बेवारिक** जीवनका थुप्रै कुरा सिक्न पाउँछस् । (पृ.३९)

(आ) अनि, "**याँ** राटा छाडिस् तैंले जोतेको भएन, गोरुको पुच्छर **रामनाम** त्यसरी ननिमोठ् ।" (पृ.४३)

(इ) समाजका सारा स्वास्नीमानिस आआफ्ना लोग्नेका **नाउँ**बाट पुकारिन्थे । ( पृ.४५)

(ई) आफ्ना छोराछोरी बिग्रेको अन्तिममा मात्र **था'** हुन्छ भन्थे हो **र'छ** । (पृ.१२२)

(ए) **"हाम्लाई** ढिलो भइसको । अब **काँ'** मान्छे कुरेर बसिराख्ने, जौ गुरुजी ।" (पृ.१८५)

(ऐ) उनलाई लाग्यो, त्यो नाथु त्यस फिस्टाले पनि मलाई चुनौती दिने । (पृ.२०१)

माथि उदाहरणमा आएका श्यामाङ्कित शब्दहरू कोशीय विचलनका शब्दहरू हुन् । माथि उल्लिखित शब्दहरू ग्रामीण परिवेशका जनजिब्रोमा रहेका र दैनिक प्रचलनमा आउने शब्दहरू हुन् । यस्ता शब्दहरू नै बहुसङ्ख्यक नेपालीहरूले सहज रूपमा प्रयोग गर्दछन् । यस्ता शब्दहरू कथ्य भाषा र भाषिका अर्न्तगत पर्ने भएकाले शब्दकोशका नियमको प्रशस्त अतिक्रमण भएको पाउन सकिन्छ ।

**(ख) व्याकरणिक विचलन**

व्याकरणिक पक्षको विविध सङ्गतिमा देखा पर्ने विचलन नै व्याकरणिक विचलन हो । प्रत्यक्ष भाषामा आ-आफ्नै व्याकरणिक व्यवस्था हुन्छन् । भाषालाई व्यवस्थित गर्ने कार्य त्यस भाषाको व्याकरणिक नियमले गरेको हुन्छ । भाषिक नियम विपरीत देखा पर्ने भाषालाई व्याकरणिक विचलन भनिन्छ ।

'नम्रता' उपन्यासमा देखा परेका व्याकरणिक विचलनलाई निम्नअनुसारको उदाहरणमा हेर्न सकिन्छ :

(अ) छाँगाबाट होइन, भीरबाट गुटुमुटिए जस्तै हुन्थे उनीहरू । ( पृ.५५)

(आ) त्यो नाथु पन्नित बिनावित्थामा रामनाम जान्ने हुँदो र'छ । (पृ.६२)

(इ) हामीले त तपैंलाई सोध्दै नसोधी बुइनीलाई देउसी टोलीमा लैजाने पो भयूँ त । (पृ.९८)

(ई) लोग्ने रिसाउनुको कारण नन्दिनीले थाहा पाइसकेकी थिइन् । तपैनी सोधिन्, "अनि इस्कुल ?" (पृ.१७५)

(उ) माटाको धूलो हो र पुच्छेर मिल्काउनलाई ? ( पृ. १९७ )

माथिका वाक्यहरूमा व्याकरणिक विचलन देखिन्छ ।

**(ग) ध्वनि प्रक्रियागत विचलन**

भाषिक उच्चारणका क्रममा देखापर्ने विचलनलाई ध्वनि प्रक्रियागत विचलन भनिन्छ । शब्दको मानक स्वरुपभन्दा भिन्न किसिमले उच्चारण हुनु नै ध्वनि प्रक्रियागत विचलन हो । प्रस्तुत 'नम्रता' उपन्यासमा पनि मानक रुप भिन्न विचलनयुक्त ध्वनिहरूको प्रयोग पर्याप्त मात्रामा पाइन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

(अ) '**इस्कुल सिस्कुल** सब बन्द अब, जति पढाउनु थियो पढाइयो । (पृ. १७५ )

(आ) छोरीको उदास अनुहार हेर्दै उनले भनिन् " के गर्छेस् त, मैले पढ्न पठाउ भने तेरा **ब्वा**ले मान्नु हुने होइन...। (पृ.१८१)

(इ) अझ - ढाट्छस् गदा ! बाबुको स्वर र हात दुवै उठे, **हाम्लाई** केइ था'नभा जस्तो गर्छस् ! (पृ.२२२)

(ई) उनले गम्भीर भएर भने हामी जस्ता **गरिपका** छोराले त्यस्ता धनीमानी पञ्चकी छोरी **ताक्तै हिन्नु** नै तेरो अपराद हो । (पृ. २२३)

माथि गाढा पारिएका शब्दहरूमा ध्वनिप्रक्रियागत विचलन देखिन्छ । ध्वनिप्रक्रियागत विचलनका कारण प्रस्तुत उपन्यासको भाषिक अभिव्यक्ति आकर्षक र स्वाभाविक देखिन्छ ।

**(घ) अर्थतात्विक विचलन / आर्थी विचलन**

अर्थ तहमा देखिने विचलनलाई अर्थतात्विक वा आर्थी विचलन भनिन्छ । भाषामा प्रयुक्त अर्थतात्त्विक विचलनका कारण कृतिमा प्रभावकारिता र कलात्मकताको वृद्धि हुन्छ । नम्रता उपन्यासमा पनि यस किसिमको भाषा प्रयोग प्रशस्त मात्रामा भएको छ । जसका केही उदाहरणहरू निम्न छन् :

(अ) त्यस्ती आँखामा पनि नबिझाउने सुशीला स्वास्नीलाई खडानन्दका खग्रास परेका डेरा आँखाले कहिल्यै चिन्न सकेनन् । (पृ. ४६)

(आ) उनीहरू हिँड्नासाथ खडानन्दको रिसको खाँबो एक्कासी उखेलियो (पृ.४७)

(इ) उनको मनमा आशङ्काको डढेलो लाग्थ्यो, चैतमासको खरबारीमा जस्तो । (पृ. १८०)

(ई) पिसाब पनि फेर्न नदिने हो भने यैं भुन्डिएर मर्दिन्छु अनि भोज खाउला । (पृ. १८८)

(उ) हात्तीको लडाइँमा लहराको नाश । (पृ.२१४)

माथि उल्लिखित पदावली / वाक्यहरू आर्थी विचलनका केही उदाहरण मात्र हुन् । तिनले अभिधार्थ वा सोभ्रो अर्थ वहन गरेर ध्वन्यार्थ वा लक्ष्यार्थ अभिव्यक्त गरेका छन् ।

### ४.४.२ समानान्तरताको परिचय

समानान्तरताले भाषाको प्रयोगमा नियमितता सिर्जना गरेर कृतिमा भाषिक आकर्षण वृद्धि गर्ने काम गर्दछ । भाषा प्रयोगमा यस प्रकारको पुनरावृत्ति बाह्य संरचनाका वर्ण, शब्द, वाक्य जस्ता भाषिक एकाइमा आन्तरिक संरचनाको अर्थगत तहमा देखा पर्दछ । यसको प्रयोगले भाषिक अभिव्यक्ति कलात्मक तथा आकर्षक बन्दछ । यही भएर नै साहित्यकारले समानान्तरताको प्रयोग गर्दछ ।

समानान्तरता भनेको बढी नियमितताको पालना हो । छन्द, अलङ्कार, स्वनिम, अक्षर, रुपिम शब्द, वाक्य, सङ्कथन आदि सबै खालका भाषिक तहमा हुने पुनरावृत्ति समानान्तर दुई प्रकारका छन् । आन्तरिक र बाह्य :

### ४.४.२.१ आन्तरिक समानान्तरता

भाषाको अर्थगत तहमा देखापर्ने पुनरावृत्ति आन्तरिक समानान्तरता हो । अलङ्कार, विम्ब, प्रतीक, रस आदिका आधारमा आन्तरिक समानान्तरताको उद्घाटन हुन्छ ।

"नम्रता" उपन्यासकारले आन्तरिक समानान्तरताको प्रयोग निम्न प्रकारले गरेका छन् : -

(क) त्यो केटो मोहनीमा लट्ठिएको सर्पभ्रैं उनको अनुहारमा टोलाईरहेको थियो । (पृ. २७)

(ख) मनको आकाश बादलले टम्म भइरह्यो निरुपाय । (पृ. १३७)

(ग) "तैंले त्यही कुरासँगको सम्बन्धमा मखमली फूल जस्तै बनाउनु । त्यो ओइलाउँदै नओइलाओस् । कसम तेरा शत्रु आफैं ओइलाएर जान्छन् । (पृ. १५१)

(घ) चैते हुरी बेस्सरी चलन थाल्यो, घरीघरी भुमरी उठाउँदै । भुमरीले बाटोछेउका फोहोर, खेतबारीको धूलो सबै मडारेर ल्याउँथ्यो । ( पृ. १९३)

#### ४.४.२.२ बाह्य समानान्तरता

भाषिक व्यवस्थाको एकाइगत पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । वर्ण, शब्द, रुप, पदावली र वाक्यगत तहमा यस्तो पुनरावृत्ति देखिन्छ ।

'नम्रता' उपन्यासमा पनि बाह्य समानान्तरताको प्रयोग भएको पाइन्छ । यस उपन्यासमा प्रयुक्त बाह्य समानान्तरताका केही दृष्टान्त निम्नअनुसार देखाउन सकिन्छ :

(क) ब्युँझदा उनी पसिना-पसिना भएकी थिइन् । सपना सम्झेर असाध्यै डर लाग्यो उनलाई, सुक्कसुक्क गर्न थालिन् । (पृ. ७६)

(ख) होइन दाजु, मेरो परीक्षा नजिकै आइसक्या छ । ऐले मैले पढ्नुपर्छ  पढ्नैका लागि भनेर घरबाट आ'को । (पृ. १००)

(ग) धर्मानन्दको मान्यता थियो - जसले चिन्ता पाल्छ, उसले आफैँलाई गाल्छ । जसले चिन्तालाई मल खाडीमा हाल्छ उसले सुखै सुखको जीवन जिउन थाल्छ । (पृ. १४१)

(घ) उनले हरेक साँझ एक - एक चक्की निद्रा लाग्ने औषधी खुवाउन थाले । त्यो औषधी उनले आफ्नै लागि भनेर भद्रपुर बजारबाट किनेर ल्याएका थिए । (पृ. २५९)

### ४.५ सारांश

कुनै पनि साहित्यिक रचनालाई कलात्मक, प्रभावकारी र आलङ्कारिक भाषाशैलीमा प्रस्तुत गर्नका लागि विचलन र समानान्तरताको विशेष भूमिका रहन्छ । सामान्य भाषामा प्रयुक्त भाषिक नियमलाई अतिक्रमण गर्नु विचलन हो । साहित्यिक कृतिमा कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक अर्थ जस्ता विभिन्न विचलनहरू मार्फत् साहित्यकारले भाषिक सुन्दरता, कलात्मकता प्रभावकारिता एवम् चमत्कारिता प्रस्तुत गर्दछ ।

भाषाका विभिन्न एकाइहरूमा प्रकटित हुने समान तत्त्वको पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । यसका माध्यमबाट नियमितता सिर्जना गरी कृतिमा भाषिक आकर्षण वृद्धि हुन्छ । भाषा प्रयोगमा देखिने यस प्रकारको पुनरावृत्ति, बाह्य संरचनाका वर्ण र वाक्य जस्ता भाषिक एकाइ तथा आन्तरिक संरचनाको अलङ्कार, विम्ब प्रतीक, रस अर्थगत तहमा देख्न सकिन्छ । उद्देश्यपूर्ण ढङ्गबाट गरिएको समानान्तरताको प्रयोगले भाषालाई सुन्दर र कलात्मक बनाउँछ ।

'नम्रता' उपन्यासमा कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक आर्थी विचलनयुक्त कलात्मक भाषाको प्रयोग पाइन्छ । अभिधा तथा कोशीय अर्थका साथै लक्ष्यार्थ र ध्वन्यार्थका माध्यमबाट पनि उपन्यासको कथावस्तु अगाडि बढेको देखिन्छ । यस उपन्यासमा विचलन र समानान्तरताको प्रयोग अर्थपूर्ण र स्वाभाविक पाइन्छ ।

### ४.६ चयनका आधारमा 'नम्रता' उपन्यासको विश्लेषण

#### ४.६.१ परिचय

भाषा विचार विनिमयको सशक्त माध्यम हो । स्रष्टाले भाषाका माध्यमबाट आफ्नो अभिव्यक्तिलाई सार्थक र प्रभावकारी रूपमा प्रस्तुत गर्दछ । सर्जकले आफ्नो रचनालाई जीवन्त र प्रभावकारी बनाउन उपयुक्त भाषिक पक्षको छनोट गर्दछ । भाषाका विभिन्न विकल्पहरू हुन्छन् । ती मध्ये उपयुक्त, मर्मस्पशी र सार्थक भाषिक रुपको छनोट गर्नु चयन हो ।

शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ । कृतिकारले उपलब्ध विकल्पहरू मध्ये कुनै एकको जानेर वा नजानी पनि छनोट गर्छ ।

कृतिगत शैलीको पहिचान गर्न र सो आधारमा कृतिको मूल्याङ्कन गर्नका लागि चयनको भूमिका महत्त्वपूर्ण हुन्छ । यहाँ निम्नलिखित आधारमा 'नम्रता' उपन्यासको विश्लेषण गरिएको छ :

#### ४.६.२. शब्द चयनका आधारमा 'नम्रता' उपन्यास

भाषाको न्यूनतम सार्थक एकाइ शब्द हो । यसले भाषिक अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका खेल्दछ । सर्जकले आफ्नो साहित्यिक रचनालाई उपयुक्त प्रभावकारी र अर्थपूर्ण बनाउनका लागि भाषामा पाइने विभिन्न शब्दहरूमध्ये एउटै अर्थका लागि खास शब्द मात्र छनोट गर्दछ । यही कार्यले कृति रोचक र प्रभावशाली बन्दछ । यस अध्ययनमा 'नम्रता' उपन्यासमा उपन्यासकार कृष्ण अविरलले गरेको शब्द चयनअन्तर्गत निम्न पक्षमा केन्द्रित भइ विश्लेषण गरिएको छ :

##### ४.६.२.१ तत्सम शब्द चयन

संस्कृत स्रोतबाट जस्ताको त्यस्तै रुप नफेरिकनै नेपाली भाषामा प्रयोग हुने शब्द नै तत्सम शब्द हुन् । प्रस्तुत उपन्यासमा उपन्यासकारले तत्सम शब्दको सार्थक प्रयोग गरेको पाइन्छ । निम्न उदाहरणले उक्त कुरा पुष्टि हुन्छ :

(क) दीपकको **श्रवण शक्ति** निकै कमजोर थियो । (पृ. ४४)

(ख) कहिलेकाहीँ एकदुई थोपा **गोरस** लुकाएर खान्थिन्, आफूलाई होइन पेटमा हुर्कँदै गरेको सन्तानलाई सम्झेर । ( पृ.४७)

(ग) गाँसभन्दा बढ्ता मुखभरी थुक निकाल्दै स्वादिलो भोजन लिन व्यस्त थिए **पञ्चहरू** । (पृ.४७)

(घ) पूर्वी **आकाश**मा बिहानीको पहिलो प्रहरमा **प्रभा**ले पाइला चालिसकेका थिए । (पृ.१०४ )

(ङ) बेलाबखत उनीहरूका बीचमा प्रेम, व्यावहारिक जीवन र **भविष्य**का योजना आदिका बारेमा कुरा हुन्थे । (पृ. १५०)

माथि गाढा अक्षरमा लेखिएका शब्दहरू 'नम्रता' उपन्यासमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । तत्सम यी शब्दहरू उपन्यासमा सार्थक रूपमा प्रयोग भएको छ ।

### ४.६.२.२ तद्भव शब्द चयन

संस्कृत स्रोतबाट रुप फेरिएर नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । 'नम्रता' उपन्यासमा तद्भव शब्द प्रयोग भएका तथ्यलाई निम्न उदाहरणले स्पष्ट पार्दछ :

(क) घरमा **बुढी** हजुरआमा समेत गर्दा नौ जनाको जहान थियो । ( पृ. ३७)

(ख) **चामल, दाल, तेल, घिउ** आदि चाँहि ऊ आफैंले ल्याउथ्यो महिनामहिना दिनमा घरगएर घरमा मकैको **भात** खाए पनि छोराका लागि धानको चामल जोहो गरिदिन्थे बाबुआमाले । ( पृ.४०)

(ग) पटासीले **हात** पछाडि लगेर बाँधेर लडाए । (पृ.१३०)

(घ) हतारहतार **गाई** बाँध्न गोठतिर लागिन् । (पृ.१७८)

माथि उल्लिखित गाढा शब्दहरू तद्भव शब्दका उदाहरणहरू हुन् । यस्ता शब्दहरू उपन्यासमा प्रशस्त मात्रामा भेट्न सकिन्छ । यस उपन्यासमा माथिका शब्दहरूको प्रयोग सार्थक रूपमा भएको पाइन्छ ।

### ४.६.२.३ आगन्तुक शब्द चयन

संस्कृत स्रोतभन्दा अन्य स्रोतबाट नेपाली भाषामा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । यी शब्दहरू पाहुनाका रूपमा नेपाली भाषामा आएका हुन् । 'नम्रता' उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दहरूका केही उदाहरणहरू निम्नअनुसार पाइन्छ :

(क) **आइरन** लगाएर चिटिक्क परेको **टेरिकटन**को सेतो **सर्ट** र निलो **फ्रक** । (पृ. २६)

(ख) "जीवनमा सफलता पाउनका लागि **साइन्स** पढेर **डाक्टरै** हुनुपर्छ भन्ने छैन ।" (पृ. ३९)

(ग) उनको मन प्यासले छटपटाएको **कालकोठरी**को **कैदी**को झैं भएको थियो । (पृ. ७६)

(घ) किनकि त्यस उमेरमा केटाकेटीमा जहिले पनि **नेगेटिभ एप्रोच** हुन्छ । ( पृ. १२४)

(ङ) वचन हार्न नसकेपछि गोविन्दले भनेको थियो, **रिहर्सल**मा नआए पनि भैली सुरू हुने बेलामै चैं आउँछु नि । (पृ.१००)

(च) "**प्लिज**, मेरो जिन्दगीको **माझी** बनिदेऊ न ।" (पृ. १९७)

माथि गाढा पारिएका शब्दहरू उपन्यासमा प्रयुक्त आगन्तुक शब्दका केही उदाहरणहरू हुन् । यी शब्द उपन्यासमा सार्थक रूपमा रहेका छन् ।

### ४.६.२.४ झर्रा तथा अनुकरणात्मक शब्द चयन

अन्य स्रोतबाट नआएका, नेपाली भूमि र परिवेशसँग मेल खाने र निश्चित अर्थ दिन सक्ने सामर्थ्य भएका शब्दहरूलाई झर्रा शब्द भनिन्छ ।

कुनै आवाज, घटना, प्राकृतिक अवस्था आदिबाट उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा उतारिएको भाषिक तहलाई अनुकरणात्मक शब्द भनिन्छ ।

'नम्रता' उपन्यासमा यस्ता झर्रा तथा अनुकरणात्मक शब्दहरूको प्रयोग उपयुक्त र प्रभावकारी ढङ्गमा गरिएको तथ्यलाई निम्न उदाहरणले स्पष्ट पारेका छन् :

(क) आइरन लगाएर **चिटिक्क** परेका टेरिकटनको सेतो सर्ट र निलो सुति फ्रक । (पृ. २६)

(ख) आआफ्नो घरआँगनमा पाला र मैनबत्ती बलिसकेपछि केटाकेटीहरू **चिरिच्याँट्ट** परेर निस्किए । ( पृ.९९)

(ग) चियाको असाध्यै **तलतल** लागेर एउटा छाप्रो होटलतिर पसे । अनि, चिया अर्डर गरेर बेन्चीमा **फ्यात्त** बसे । ( पृ. १२२)

(घ) आफ्नो निधारमा कलङ्कको टीका लगाइदेली र सामाजिक प्रतिष्ठा गुम्ला भन्ने पीरले उनको मुटु **कुटुकुटु** खान थाल्यो । ( पृ. १२६)

(ङ) झन्नै खौरिसक्न लागेपछि नम्रता टाउको बटारेर **बुरुक्क** उफ्रिन् । (पृ.२६३)

माथि गाढा पारिएका शब्दहरू 'नम्रता' उपन्यासमा प्रयुक्त झर्रा तथा अनुकरणात्मक शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दको प्रयोगका कारण उपन्यासमा प्रयुक्त भाषाले जीवन्तता प्राप्त गरेको देखिन्छ । यस्ता झर्रा तथा आगन्तुक शब्द उपन्यासमा पर्याप्त पाइन्छन् ।

### ४.६.३ नामको चयन

परम्परागत व्याकरणमा व्यक्ति, वस्तु वा धारणा जनाउने शब्दलाई नाम भनिएको पाइन्छ, तर परिभाषामा यसले वाक्यमा के काम गर्छ भन्ने कुरा स्पष्ट पारेको देखिँदैन । आधुनिक व्याकरणका वाक्यमा कर्ता, कर्म, पुरक भई आउन सक्ने शब्दलाई नामका रूपमा परिभाषित गरिएको पाइन्छ । नामको व्याकरणात्मक कार्यका आधारमा यसका प्रमुख भेद निम्नअनुसार पाइन्छ :

(क) सङ्ख्य र असङ्ख्य नाम

(ख) सजीव र निर्जीव नाम

(ग) मानवीय र मानवेतर

(घ) व्यक्तिगत र जातिवाचक नाम

'नम्रता' उपन्यासमा सार्थक नाम शब्दको प्रयोग भएको तथ्यलाई निम्न उदाहरणले पुष्टि गर्दछन् :

(क) **अम्बिका**ले पनि उनको मनको **घाउ**मा सान्त्वनाको **मल्हम** लगाइदिन्थिन् । (पृ.९३)

(ख) **चोट** परेको **मान्छे**लाई सामान्य कुरा पनि असामान्य लाग्छ । कसैले **आँसु** भन्यो भने पनि **मासु** भनेको सुन्छ । ( पृ ११९)

(ग) **पेन्सिल**ले लेखेको **कापी**को पानामा दुईचार दिनघामपानी परेजस्तै । (पृ.१२६)

(घ) **टाट्ना**मा बाँधेका **खसी-बाखा** पनि अघिदेखि कराइरहेका थिए । (१७८)

(ङ) "यसले त मेरो **नाक**मा **गुहु** नै लगाउने भई । जति गरे पनि टेर्दिन ।" (पृ.१४०)

माथि गाढा शब्दहरू नाम शब्द हुन । त्यस्ता विभिन्न नाम पदहरूको उचित प्रयोगका कारण उपन्यासको कथा सरल, सहज र प्रभावकारी भएको छ ।

### ४.६.४. सर्वनामको चयन

नामको सट्टामा प्रयोग गरिने शब्दलाई परम्परागत व्याकरणले सर्वनामका रूपमा परिभाषित गरेको पाइन्छ तर आधुनिक व्याकरणले नाम, उपवाक्य वा वाक्यको सट्टामा प्रयोग गर्न सकिने शब्दलाई सर्वनामका रूपमा परिभाषित गरेको देखिन्छ । सर्वनामको प्रयोगले पुनरावृत्तिको अन्त्य गरी भाषिक मधुरता र आकर्षण पैदा गराउँदछ ।

'नम्रता' उपन्यासमा प्रयोग भएका सर्वनाम पदहरूका केही उदाहरणहरू निम्नानुसार देखाइएको छ :

(क) किताबका अक्षरमा पनि **उनी** गोविन्द हाँसिरहेको देख्थिन् । (पृ.९०)

(ख) आमा उनलाई दिनहुँ गाली गर्थिन्, **तँ** अचेल किन अटेरी भ'की ?" (पृ.९३)

(ग) "**तपाईं**की छोरीको **त्यो** केटाप्रतिको प्रेम भनेको उमेरजन्य आकर्षण हो । (पृ.१२२)

(घ) बाध्यताका बारभित्र बन्दी बनेको छ **तिम्रो** गोविन्द यति बेला । (पृ. २०७)

(ङ) "**मलाई** त रामनाम स्कुल पनि पठाऊँ कि नपठाऊँ भनेर दोधार भइराख्या छ ।"(पृ.१४१)

माथि गाढा रङमा उल्लेखित शब्द सर्वनामका उदाहरणहरू हुन् । यस्ता श्यामाङ्कित सर्वनामको चयन यस उपन्यासमा यथेष्ट र सकारात्मक रूपमा भएको देखिन्छ ।

**४.६.५. विशेषण चयन**

कुनै व्यक्ति, वस्तु, ठाउँ आदिका गुण, विशेषता, अवस्था, परिणाम, सङ्ख्या आदि जनाउने शब्द विशेषणको प्रयोग निम्नानुसार भएको पाइन्छ :

(क) **अति दुर्गम** मानिन्थ्यो त्यस बेला राजगढ । झापाको **मध्य-दक्षिणी** भागमा पर्ने ठाउँ हो यो । ( पृ.३४)

(ख) "आमा, मेरो फिस तिर्न **ढिलो** भइसको, बुवालाई भन्दिनु न ।" ( पृ.१२७)

(ग) आमा नन्दिनीको मनमा हुनसम्मको हुँडलो भयो । पोल लगाएकामा **पछुतो**ले छाती भतभती पोल्यो । (पृ.१३०)

(घ) एकछाकीको साँझ । उनीहरूबीच **राती अबेर**सम्मै भलाकुसारी भयो । (पृ.१४०)

(ङ) नम्रताको याद र घरको **गरिबी** सम्झेर तड्पिएका बेला उसलाई उत्तमले सम्झाउँथ्यो । ( पृ.१५१)

(च) त्यो लब्धाङ्कपत्रका अनुसार नम्रता नौ कक्षामा उत्तीर्ण भएकी थिइन्, **राम्रै** अङ्क ल्याएर । ( पृ.१५६)

माथि गाढा पारिएका विशेषणहरू शब्दहरूले 'नम्रता' उपन्यासमा भाषिक मधुरता, आकर्षण र प्रभावकारिता वृद्धि गर्ने काम गरेको देखिन्छ ।

**४.६.६. क्रियापदको चयन**

कर्ताले गरेको कार्यव्यापार बुझाई वाक्यात्मक संरचनापूर्ण गर्ने पद क्रियापद हो । यसले घटना स्थिति र कार्यव्यापारलाई जनाउँछ । यसले वाक्यात्मक संरचनालाई व्याकरणगत पूर्णता दिने काम गर्छ ।

'नम्रता' उपन्यासमा प्रयोग गरिएका केही क्रियापदका उदाहरणहरूलाई देखाउन सकिन्छ :

(क) उसका बाबुआमा निरक्षर थिए । जिन्दगीका पाइलापाइलामा उनीहरूले अपठित हुनुको पीडा भोगेका थिए । (पृ.३६)

(ख) "होइन दाजु, मेरो परीक्षा नजिकै **आइसक्या छ** । ऐले मैले **पढ्नुपर्छ** ।" (पृ.१००)

(ग) हरेक मान्छे आफ्नै जन्मजात **बनिआएको** बानीमा बाँच्न अभ्यस्त **हुन्छ** । (पृ.१२६)

(घ) नम्रतासँगको अचानकको भेटले गोविन्दको जीवनमा फेरि नयाँ पालुवा पलाउन शुरू **गऱ्यो** । (पृ.१५८)

(ङ) "अब पनि पहिलाजस्तै थाङ्ने केटासँग **लागिस्** भने खुट्टा भाँचेर घरमा **थन्क्याउँछु** ।" (पृ.१६०)

(च) आफूलाई सुखी बनाउनु छ भने रिक्सावाला, ठेलावाला, हली-गोठाला, मजदुर-ज्यामी जस्ता आफूभन्दा तल्लो वर्गका मानिसहरूको मन कहिल्यै **नदुखाउनु** । (पृ.१७०)

माथि गाढा अक्षरमा लेखिएका शब्दहरू 'नम्रता' उपन्यासमा प्रयोग गरिएका क्रियापदहरू हुन् ।

### ४.६.७. क्रियाविशेषणको चयन

कुनै पनि वाक्यमा प्रयुक्त क्रियाको विशेषता जनाउन आउने क्रियायोगी पदहरू क्रियाविशेषण हुन् । यिनीहरूका कारण भाषिक सुन्दरता, मधुरता र मिठास उत्पन्न हुन्छ । 'नम्रता' उपन्यासमा प्रयुक्त क्रियाविशेषणहरूको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) उनको अनौठो चाला देखेर केटो **छक्क** पऱ्यो । (पृ.२७)

(ख) राजगढजस्तो ठाउँमा बसेर प्रथम श्रेणीमा एसएलसी पास गर्नु **चानचुने** कुरा थिएन त्यस बेला । (पृ.३५)

(ग) साझँ-बिहान नम्रताको **एक झलक** पाउनका लागि भौतारिन्थ्यो । (पृ.४१)

(घ) **छिनभरमै** हुलले दुवैको अनुहारमा कालो मोसो दल्यो अनि हतार हतारमा आएकै बाटो **सुइँकुच्चा** ठोक्यो । (पृ.५१)

(ङ) उनी अर्धवार्षिक परीक्षा दिएर काकाको घर धाइजन गएको थाहा पाएपछि **खिस्रिक्क** भएको थियो उसको मन । (पृ.१५०)

(च) नम्रता, बाध्यताका बन्धनहरूले हामी दुवै **टनटनी** बाँधिएका छौँ अहिले के गर्नु ? (पृ.२०७)

माथिगाढा अक्षरमा लेखिएका शब्दहरू 'नम्रता' उपन्यासमा प्रयोग गरिएका क्रियाविशेषणका कही उदाहरण हुन् जसको यथोचित प्रयोगले प्रस्तुत उपन्यासको भाषा जीवन्त र प्रभावकारी भएको छ । यस्ता शब्दहरू उपन्यासमा पर्याप्त पाइन्छन् ।

### ४.६.८. निपातको चयन

अविकारी शब्दवर्गको एक महत्त्वपूर्ण प्रकारका रूपमा निपातलाई लिइन्छ । निपातका प्रयोगले रोचकता थपिन्छ । भाषिक अभिव्यक्ति मिठासपूर्ण बनाउन पनि निपातको विशेष महत्त्व निश्चित गर्न, कुनै शब्दको अर्थलाई सन्देहात्मक तुल्याउन कुनै शब्दको अर्थलाई स्वीकारयोग्य बनाउन र कुनै शब्दको अर्थलाई उदेक लाग्दो तुल्याउनका लागि निपातले महत्त्वपूर्ण भूमिका खेल्दछ । निपातको छुट्टै अर्थगत अस्तित्व भने हुँदैन तर वाक्यका आश्रयमा रही अर्थ प्रभावित पार्नमा भने यसको अस्तित्व देखिन्छ ।

'नम्रता' उपन्यासमा प्रयुक्त निपातले संवादलाई रोचक र मिठासपूर्ण बनाएका दृष्टान्तहरू निम्नानुसार उल्लेख गरिएको छ :

(क) सिटमा बस्नु र पढ्नु **त** बहाना मात्र थियो । (पृ.२८)

(ख) "घरमा तलाई आमाहरूले बोलाएको सुनेर तेरो नाम थाहा पायो होला **नि** !".( पृ.३१)

(ग) नम्रतालाई देख्नासाथ उसको फूर्ती **नै** बेग्लै हुन्थ्यो । (पृ.३२)

(घ) "तँ पनि मात्तेका कुरा नगर् **न** ," बाबुले उसलाई सम्झाउन खोजेका थिए । ( पृ.३८)

(ङ) हामीले **त** तपैँलाई सोध्दै नसोधी बुइनीलाई देउसी टोलीमा लैजाने **पो** भयूँ **त** । (पृ.९८)

माथि गाढा गरिएका निपातको प्रयोगले 'नम्रता' उपन्यासको संवादात्मक अभिव्यक्ति प्रभावकारी बनेको तथ्य स्पष्ट भएको छ । यस्ता निपातहरू उपन्यासमा पर्याप्त पाइन्छन् ।

### ४.६.९ वाक्य चयन

अभिव्यक्तिका हिसाबले सबैभन्दा सानो र व्याकरणिक हिसाबले सबैभन्दा ठूलो भाषिक एकाइ नै वाक्य हो । यसको संरचना हुने भएकाले अस्तित्वका दृष्टिले यो स्वतन्त्र हुन्छ । वाक्यलाई वर्गीकरण गर्ने आधारहरू विभिन्न पाइन्छन् । यसलाई सरल र जटिल, निश्चयार्थ जस्ता प्रकारमा वर्गीकरण गर्न सकिन्छ । भाषिक परिवेश र अवस्थाका आधारमा कम्तिमा एक शब्दसम्ममा वाक्य निर्माण गर्न सकिन्छ ।

साहित्यकारले साहित्य सिर्जनाका क्रममा उपयुक्त किसिमको वाक्य चयन गरेको हुन्छ । 'नम्रता' उपन्यासका उपन्यासकारले विभिन्न प्रकृतिका वाक्यको चयन गरेको तथ्य निम्न उदाहरणले स्पष्ट पारेको देखिन्छ :

(क) "नम्रता !" (पृ.२४)

(ख) एघार बजेभन्दा ढिलो चैं गर्दुम्न काका । (पृ.९८)

(ग) छोरी हुर्काउनु पनि साह्रै ठूलो समस्या र'छ । (पृ.१४०)

(घ) "मलाई मेरो घरका कसैले पनि माया गर्दैनन् । गोविन्दले मात्रै माया गर्छ ।" (पृ.९३)

(ङ) "तपाईं नै हो गोविन्दको बुवा ?" (पृ.२१३)

(च) "ऊ त्यो केटासँग बोल्ने तपाईंकी छोरी होइनन् ?" (पृ.१७४)

माथिका विभिन्न किसिमका वाक्यहरूको प्रयोगले 'नम्रता' उपन्यासमा भाषिक माधुर्यता प्रदान गरेको पाइन्छ ।

### ४.६.१० चिह्न चयन

शब्द र वाक्यको पारस्परिक सम्बन्ध जनाई भाषिक अभिव्यक्तिलाई जीवन्त, प्रभावकारी र अर्थपूर्ण बनाउनका लागि विभिन्न चिह्नको प्रयोग गरिन्छ । वाक्यको भाव बुझ्न र अभिव्यक्ति सुन्दर बनाउन यस्ता चिह्न प्रयोग गरिएको पाइन्छ । 'नम्रता' उपन्यासमा यस्ता चिह्नहरूका प्रयोगले कृति सार्थक र प्रभावकारी बनेको देखिन्छ । यहाँ प्रयोग गरिएको मुख्य चिह्नहरू यसप्रकार छन् :

#### ४.६.१०.१ बिन्दुमा चिह्नको चयन

लेख्य भाषामा बिन्दुको प्रयोग गरिएको पाइन्छ । यसले लामो अभिव्यक्तिलाई छोट्याउने र खुल्ला रूपमा व्यक्त गर्न असजिलो हुने कुरालाई प्रकारान्तरले स्पष्ट पार्दछ । 'नम्रता' उपन्यासमा बिन्दु चिह्नको प्रयोग गरिएका केही उदाहरणहरूलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) "हुन त हो तर...।" अधबैंसे चिन्तित मुद्रामा बोल्यो र लगत्तै चिया पिउन थाल्यो । (पृ.१२४)

(ख) "म याँ बस्न सक्तिनँ । अब म तपैंसँगै जान्छु... मलाई पनि लैजानु...।" (पृ.२०४)

(ग) "मलाई पोथी बासेको मन पर्दैन भन्ने त बुझ्नुपर्छ नि...।" (पृ.२५७)

(घ) "हन, घाउ झन् डरलाग्दो हुँदै गयो र पो...।" (पृ.२६४)

(ङ) यतिसम्म कि गोविन्दले पनि...। (पृ.२६८)

(च) बेलाबेला ओठको इसाराले उनी "गोविन्द..! गोविन्द...!!" ( पृ.२६९)

माथिका वाक्यहरूमा प्रयुक्त हिज्जे चिह्नले केही भन्न बाँकी अंश र परिवारमा भन्न नमिल्ने भाषा अभिव्यक्त गर्ने कार्यलाई सहज बनाएको देखिन्छ ।

### ४.६.१०.२ प्रश्नसूचक चिह्न चयन

कुनै पनि कुरा जान्ने उद्देश्यले इच्छा प्रकट गर्नु नै प्रश्न हो । यस्तो जानकारी हाँसिल गर्नका लागि प्रयोग गरिने चिह्नलाई प्रश्न (?) चिह्नले जनाइन्छ । 'नम्रता' उपन्यासमा प्रश्नसूचक चिह्नका केही उदाहरणहरू निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) "साँच्चि, तपाईंले मेरो नाम कसरी थाहा पाउनु भो ?" (पृ.७२)

(ख) "रामनाम कुन नाठोलाई सम्झेर मस्कँदै थिई होला, अनि किन डढ्दैन ?"(पृ.११८)

(ग) "मैले गाली नगरेर रामनाम राम्ररी सम्झाएको भए टेर्थी पनि कि ?" (पृ.१२५)

(घ) "तेरो मुखाँ के भ'को छ र मैले भन्दिनुपर्ने ?" (पृ.१२७)

(ङ) "कसरी समाजमा मुख देखाउनु ?" (पृ.१४४)

(च) "खास कुरा के र छ ?" (पृ.२५१)

यसरी कुनै कुरा जान्ने इच्छा लगायत विभिन्न उद्देश्यले 'नम्रता' उपन्यासमा प्रश्नसूचक चिह्नको प्रयोग पर्याप्त मात्रामा गरिएका छन्, जुन सान्दर्भिक देखिन्छ ।

### ४.६.१०.३ विस्मयादिबोधक चिह्न

हर्ष, विस्मात, घृणा, आश्चार्य, दुःख, निराशा आदिको अभिव्यक्तिमा प्रयोग गरिने चिह्न नै विस्मयादिबोधक हो । मानवीय संवेदनालाई भाषिक रूपमा शब्द मार्फत प्रकट गर्न नसक्ने अवस्थामा भाषिक अभिव्यक्तिलाई जीवन्तता दिई प्रभावकारी बनाउन यस चिह्नको प्रयोग गरिन्छ । 'नम्रता' उपन्यासमा प्रयुक्त यस्ता चिह्नको उदाहरण निम्नअनुसार देखाउन सकिन्छ :

(क) अर्को कुनातिर त्रासको तुँवालो पनि मडारिँदै थियो, कसैले देखे भने के भन्लान् ! ( पृ.२७)

(ख) "कस्ती अनौठी छोरी तपैंकी त !" (पृ.२९)

(ग) "साँच्चै ! नम्रता र गोविन्दको बीचमा त्यही भयो ।" ( पृ. १३१)

(घ) "हैन र पनि ...!" उनको जिज्ञासा मेटिएको थिएन । म तिम्रोभन्दा तीन घर तल्तिरको घरमा बस्छु नि ! ( पृ.७२)

(ङ) बिचरी उनी ! देख्नेहरूका लागि त उनी मालिक्नी थिइन् तर भोगाइमा चन्द्रशमशेरले ( अमलेख घोषणा गर्नुअघिका दाससरह । (पृ.४६)

(च) "हरे ! कतिखेर झरेर परेछ खानामा कपाल ?" (पृ.४७)

(छ) "भगवान् ! मेरो सन्तानलाई केही नहोस् । सद्दे जन्माउन सकूँ ।" (पृ.५०)

माथिका उदाहरणहरूमा विस्मयादिबोधक चिह्नको प्रयोग भएको छ । 'नम्रता' उपन्यासमा विस्मयादिबोधक  चिह्नको उपयुक्त, सार्थक र जीवन्त रूपमा भएको छ ।

### ४.६.११ उखान र लोकोक्तिको चयन

लोक जीवनमा प्रचलित अनुभवपूर्ण वाक्यस्तरीय संरचनायुक्त चुट्किलालाई उखान भनिन्छ, भने लोकको अनुभवले खारिएर संक्षेपमा सङ्गालिन पुगेको चमत्कारिक मतलब दिने वाक्य वा वाक्यांश, उखान, आख्यान, आहानलाई लोकोक्ति भनिन्छ (नेपाली शब्दसागर २०६८ : ११९७) । 'नम्रता' उपन्यासमा प्रयुक्त उदाहरणहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

(क) पल्केका झिल्केका  घरीघरी मिल्के । (पृ.४६)

(ख) मनको कुनाकाप्चामा छानीछानी खुशीहरू मात्र भर्नुपर्छ । जालीहरूका गालीलाई पनि सामान्य रूपमा लिएर हाँस्दै ताली बजाउनुर्छ । सकारात्मक चिन्तनलाई भात्र मनमा सजाउनुपर्छ । रिस उठिहाल्यो भने आफ्नै मनभित्र कजाउनुपर्छ । ( पृ.११९)

(ग) विश्वास र प्रेम एक सिक्काका दुइटा पाटा हुन् । अघिपछि गर्दै हरपल घुमिरहने घडीका काँटा हुन् । (पृ.१३१)

(घ) बलियो व्यक्तिसँगकोभन्दा कमजोर व्यक्तिसँगको दुस्मनी ज्यादै महँगो हुन्छ । ( पृ.१३३)

(ग) "**मुहानविनाको खोलो पीरविनाको मान्छे हुँदैन** भन्ने त उखानै छ । यस दुनियाँमा पीर नभ'को मान्छे नै को होला र ?" (पृ.१४१)

(ङ) "मेरा लागि त  छिमेकी पनि  रामनाम **बाह्र वर्ष लाएर पूजेको शालिग्राम कुकुर कुट्न काम लागो** भनेजस्तै खालका मात्रै भैदिए ।" (पृ.१४१)

प्रस्तुत उपन्यासमा यस्ता विभिन्न उखान तथा लोकोक्तिहरूको सार्थक प्रयोग भएको देखिन्छ । जसले गर्दा उपन्यासको भाषा मिठासपूर्ण र रोचक बन्न पुगेको देखिन्छ ।

### ४.६.१२ सारांश

कुनै पनि साहित्यिक अभिव्यक्ति वा कृतिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि उपयुक्त र सान्दर्भिक भाषिक एकाइको प्रयोग गर्नुपर्दछ । शब्द आदि भाषिक एकाइको सुविचारित छनोट चयन हो । विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न रचानाकारले उपयुक्त र विशिष्ट किसिमको भाषिक एकाइको चयन गरी रचनालाई आकर्षक, प्रभावकारी र स्तरीयता प्रदान गर्दछ । वर्ण, शब्द, पद, पदावली र वाक्य जस्ता भाषिक एकाइमा हुने चयनका कारण भाषिक अभिव्यक्तिमा जीवन्तता पैदा हुन्छ ।

'नम्रता' उपन्यासमा प्रयुक्त भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दको प्रयोग पाइन्छ भने नामपद, सर्वनाम पद, विशेषणपद, क्रियापद, क्रियाविशेषण, निपातको प्रयोग पनि उत्तिकै सार्थक र प्रभावकारी रूपमा भएको देखिन्छ । प्रयोगका दृष्टिले पनि प्रस्तुत उपन्यास सबल रहेको पाइन्छ । यसमा बिन्दु चिह्न, प्रश्नसूचक चिह्न, विस्मयादिबोधक चिह्न जस्ता लेख्य चिह्नहरूको प्रयोग पनि उपयुक्त र सार्थक ढङ्गले प्रयोग भएको देखिन्छ ।

प्रस्तुत 'नम्रता' उपन्यासमा सरल र जटिल दुवै प्रकारका वाक्यहरूको प्रयोग भएको देखिन्छ । एक शब्ददेखि लिएर लामालामा वाक्यहरू विभिन्न भाव जनाउने सन्दर्भमा प्रयुक्त भएका छन् । यिनीहरूको प्रयोगले पनि यस उपन्यासको भाषामा भाषिक चमत्कारिकता पैदा भएको देखिन्छ । यसका साथै नेपाली समाजमा प्रचलित उखान-टुक्का र लोकोक्तिको यथार्थ प्रयोगका कारण भाषिक स्वाभाविकता यस उपन्यासको पहिचान बनेको देखिन्छ । नेपाली समाजको वैयक्तिक भाषा वा व्यक्ति बोलीको स्पष्ट छाप र प्रभाव उपन्यासमा पाइन्छ । त्यसैले पात्रको उमेर, जात, पेसा, शिक्षा आदि कुरालाई स्थान र परिवेश अनुकूल प्रयोगका साथै भाषिक प्रयोग पनि प्रभावकारी ढङ्गमा रहेको देखिन्छ ।

## अध्याय : पाँच

## सारांश, निष्कर्ष तथा उपयोगिता

### ५.१ अध्यायगत सारांश

शोधपत्रको पहिलो अध्यायमा शोधको परिचय दिइएको छ । शैलीवैज्ञानिक समालोचनाको कसीमा राखेर 'नम्रता' उपन्यासको अध्ययन तथा विश्लेषण गरिएको छ । शैलीविज्ञानलाई परिभाषित गर्दै शैलीको निर्माण र विभिन्न भाषाविद् तथा विद्वानहरूको परिभाषालाई समेत समेटिएको छ । शैलीविज्ञानले भाषाको सूक्ष्म तथा विशिष्ट अध्ययन तथा विश्लेषण गरी कृतिको शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण गर्ने हुँदा विभिन्न उपकरणहरू जस्तै चयन, समानान्तरता, अग्रभूमि निर्माण आदि अपनाएको पाइन्छ ।

तीर्थराज भट्टराई ( २०६७) द्वारा 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । कविता पन्थी (२०६२) द्वारा 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । नानीमैया अधिकारी (२०७१) द्वारा 'मलाय एक्सप्रेस' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । राधिका भुर्तेल ( २०७२) द्वारा 'सेतो धरती' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । लोकेन्द्र सुवेदी (२०७३) द्वारा 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । दीपा खवास (२०७४) द्वारा 'छाउघर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । शारदा काफ्ले ( २०७४) द्वारा 'सल्लीपिर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । विभिन्न समयमा यिनै विभिन्न कृतिहरूको शैलीवैज्ञानिक अध्ययनले कथानक विश्लेषणको प्रमुख आधारमा फ्रेटागको पिरामिडलाई बनाएको पाइन्छ । पात्रहरूको वर्गीकरणमा शैलीवैज्ञानिक आधारहरू लिइ कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता, आसन्नता जस्ता आधारहरूलाई अङ्गालेको पाइन्छ । मूलतः 'नम्रता' उपन्यासका पात्रहरूका शैलीवैज्ञानिक आधारमा अध्ययन गरी यसको संरचना तयार गरिएको पुस्तकालयीय पद्धतिद्वारा सामग्री सङ्कलन गरी यस अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ । कृष्ण अविरलद्वारा लिखित ''नम्रता'' उपन्यासमा प्रयुक्त सम्पूर्ण पात्रहरूलाई जनसङ्ख्या र उपन्यासमा प्रयुक्त केही प्रमुख र सहायक पात्रहरूलाई नमुनाका रूपमा छनोट गरी मुख्यतः द्वितीयक स्रोतबाट सामग्री वा तथ्याङ्कको सिद्धान्तमा आधारित रही यस अनुसन्धान कार्यमा पनि निगमनात्मक विधिको प्रयोग गरी प्राप्त तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ ।

उपन्यासकार कृष्ण अविरलद्वारा लिखित ''नम्रता'' उपन्यासमा किशोरावस्थामा हुने प्रेम र प्रेम गरेका कारण सजाय भोग्दाभोग्दै मानसिक सन्तुलन गुमाउन पुगेकी किशोरीको कथालाई उतार्ने प्रयास गरेका छन् । किशोरावस्थामा पुगेकी नम्रताका मनमा पनि गोविन्दको भेटले प्रेम

अङ्कुराउन थाल्छ र उसलाई बाबु खडानन्दले जति सुकै कडाभन्दा कडा बन्देज लगाए पनि उनीहरूको प्रेमलाई बन्देज लगाउन सक्दैनन् । खडानन्द पुरानो विचार र मान्यताको मानिस आफ्ना किशोरावस्थाका छोराछोरीलाई कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा थाहा नभएकाले नम्रतालाई गोविन्दबाट छुटाउन उनलाई विभिन्न शारीरिक र मानसिक यातना दिन्छन् । त्यही यातनाका कारण उनको सामाजिक, शारीरिक र मानसिक अवस्था बिग्रन पुग्छ । खडानन्दले गोविन्दलाई पनि मार्ने धम्की दिएका कारण उसले आफ्नो प्रेमलाई प्राप्त गर्न सक्दैन । चरम गरिबीका कारण गोविन्दले खडानन्दसामु आफ्ना कुरा राख्न सक्दैन । यहाँ गोविन्द नायक भएर पनि नायिकाका लागि उसले कही गर्न सकेन । आमा नन्दिनी पनि खडानन्दको यातनाबाट पीडित बनेकी थिइन । उनलाई खानामा कपाल झारेकी भन्दै बेहोस हुने गरी शारीरिक यातना दिएका छन् । नम्रताले प्रेम गरेकै कारण शारीरिक र मानसिक यातना पाई मानसिक अवस्था गुमाउन पुगेकी छिन् । उसको त्यस अवस्थाप्रति सबैले उसको मृत्यु चाडै भइदिए हुन्थ्यो भन्ने कामना गरेका छन् । उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरी त्यहाँको तत्कालीन जनजीवनको यथार्थबोध गराइएको छ ।

## ५.२ निष्कर्ष

उपन्यासकार कृष्ण अविरलको 'नम्रता' उपन्यास वि.सं. २०७३ मा प्रकाशित यथार्थको पृष्ठभूमिमा लेखिएको सामाजिक उपन्यास हो । अविरलले यस उपन्यासमा प्रेमको बहुलस्वरूप र मौन विद्रोहलाई सशक्त रूपले यथार्थ चित्रण गरेका छन् । प्रस्तुत उपन्यास मार्फत उपन्यासकार अविरलद्वारा प्रेम गरेकै अपराधमा सजाय दिँदादिदै मानसिक सन्तुलन गुमाउन पुगेकी एउटी किशोरीको जीवन भोगाइको यथार्थ चित्रण गरिएको यस उपन्यासमा प्रेममाथिको पारीवारिक, सामाजिक, लैङ्गिक र वर्गीय अतिअत्याचारको चिरफार गरिएको छ । जसले हरेक अभिभावकलाई आफ्ना छोराछोरीमाथि गर्दै आएको व्यवहारका बारेमा आत्मसमीक्षा गर्न सचेत गराएको देखिन्छ ।

## ५.३ उपयोगिता

### ५.३.१ नीतिगत उपयोगिता

प्रस्तुत अनुसन्धानमा 'नम्रता' उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरी अध्ययन गरिएको छ । यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन शोधपत्र लेखनको शीर्षक रहेको छ । यस अनुसन्धान कार्यले निम्न नीतिगत तहमा सहयोग पुर्‍याउनेछ ।

- यस अध्ययनले शैलीगत विशिष्टतालाई पाठ्यक्रम भित्र समावेश गर्न सहयोग पुर्‍याउने देखिन्छ ।

- यस अध्ययनले शैली विश्लेषणसँग सम्बन्धित पाठ्यपुस्तक लेखनमा सहयोग गर्न सक्ने देखिन्छ ।
- यस अध्ययनले भाषानीति निर्माण कार्यमा पनि सहयोग पुर्‍याउने देखिन्छ ।

### ५.३.२ कार्यन्वयन तह

यस अनुसन्धानलाई निम्न तहमा कार्यन्वयन गर्न सकिन्छ :

- कक्षा शिक्षणमा यस अनुसन्धान निष्कर्षहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।
- भाषा शिक्षण कार्यमा आख्यान विधाको शिक्षण गर्दा निष्कर्षहरूलाई कार्यान्वयन गर्न सकिन्छ ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षकहरू

- "नम्रता"उपन्यासको कथानकको शैलीवैज्ञानिक अध्ययन
- "नम्रता"उपन्यासमा प्रयुक्त भाषिकागत विचलनको शैलीवैज्ञानिक अध्ययन
- "नम्रता"उपन्यासमा क्रियापद चयनको अध्ययन
- "नम्रता"उपन्यासमा प्रयुक्त बिम्ब प्रतीकको अध्ययन
- "नम्रता"उपन्यासमा नारी पात्रहरूको अध्ययन
- "नम्रता"उपन्यासको परिवेश र समाजको अध्ययन

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, नानीमैया (२०७१), **मलाय एक्सप्रेस उपन्यासको शैलीवैज्ञानिक अध्ययन** स्नातकोत्तर शोधपत्र, जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

अविरल, कृष्ण (२०७३), **नम्रता उपन्यास**, काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

कडेल, श्रीप्रसाद (२०६८), **साहित्यशास्त्र,नेपाली समालोचना र शोधविधि** (दो.सं.), काठमाडौँः शुभकामना प्रकाशन ।

काफ्ले, शारदा (२०७४), **सल्लीपिर उपन्यासको शैलीवैज्ञानिक अध्ययन** स्नातकोत्तर शोधपत्र, जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

खवास, दीपा (२०७४), **छाउघर उपन्यासको शैलीवैज्ञानिक अध्ययन** स्नातकोत्तर शोधपत्र, जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

नेपाल, वसन्तकुमार शर्मा (२०७०), **नेपाली शब्दसागर** (दो.सं), काठमाडौँ : शब्दार्थ प्रकाशन

पन्थी, कविता (२०६३), **बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू**,काठमाडौँः हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भट्टराई, तीर्थराज (२०६७), **प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन** स्नातकोत्तर शोधपत्र, सुकुना बहुमुखी क्याम्पस मोरङ, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

भुर्तेल, राधिका (२०७२), **सेतो धरती उपन्यासको शैलीवैज्ञानिक अध्ययन** स्नातकोतर शोधपत्र, जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

लामिछाने, यादवप्रकाश, तीर्थराज भट्टराई, बालकृष्ण गौतम, मदनराज बराल (२०६९), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, लोकेन्द्र (२०७३), **दमिनी भीर उपन्यासको शैलीवैज्ञानिक** स्नातकोत्तर शोधपत्र, जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।